५४

# अमर ज्योति

## साहित्यिक त्रैमासिक



नियात्रा विशेष

वर्ष : १६, पूर्णाङ्क ४४, २०७६ आश्विन–कार्तिक–मङ्सिर जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**रमेश सागर**
**आविष्कार कला**
**रीता चालिसे**
**यादवराज घले**

व्यवस्थापक
**सङ्गीता अधिकारी**
**शारदा पोखरेल**
**बलराम पुडासैनी**

आवरण चित्र
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत मातृदास**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
आर.आर. चौलागाई, हेटौंडा
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

प्रकाशक
**विद्युत्कर्मी साहित्यिक समाज**
नेपाल विद्युत् प्राधिकरण

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौं ०१–४२४४५९७ द्वारा मुद्रित

सम्पादकीय

# नियात्रा अङ्कका बारेमा

भ्रमणशीलता नैसर्गिक मानवीय स्वभाव हो । यसलाई गतिशीलताको पर्यायका रूपमा पनि अर्थ्याउन सकिन्छ । 'हिँडे छेउ लाग्छ, बसे लेउ लाग्छ' भन्ने लोकोक्तिले पनि हामी सबैलाई कम्तीमा चलायमान भइरहन प्रेरित गरेझैँ प्रतीत हुन्छ । हो, चितुवाझैँ बेतोड दौडन नसकिएला, तर पाइला चाल्न भने कदापि कन्जुस्याइँ गर्नुहुँदैन । जब कदमको दम रोकिन्छ तब जीवनले घातक गतिरोधको सामना गर्नुपर्ने अवस्था आइपुगिहाल्छ । तसर्थ, छेउछेउ लागेर एक्लै हिँडौँ वा भीडमा ठेलमठेल गर्दै समूहमा हिँडौँ, जडता र स्थिरतालाई परास्त गर्न यात्राचाहिँ जरुरी छ ।

समग्र जीवन एउटा महायात्रा हो– गर्भदेखि चिहानसम्मको महायात्रा । यो महायात्राभित्र पलपल, क्षणक्षण वा दिनदिनमा गरिने आइजाइ, सफर वा विचरणचाहिँ महायात्राभित्रकै सहायक यात्रा । वास्तवमा सहायक यात्राको समष्टिगत स्वरूपले नै जीवनको महायात्रालाई अन्तिम बिसौनीमा लगेर टुङ्ग्याइदिन्छ । फेरि पनि बरालिनकै लागि गरिएको यात्राले भन्दा सोद्देश्य गरिएको यात्राले जीवनको महायात्रालाई सार्थक र धन्य तुल्याउने कुरामा भने बलियो विश्वास गर्न सकिन्छ ।

नेपाल सरकारले सन् २०२० लाई 'नेपाल भ्रमण वर्ष' घोषणा गरी बीसौँ लाख पर्यटक भित्र्याउने महत्त्वाकाङ्क्षी रणनीतिक लक्ष्य लिएको छ । मुलुकमा नयाँ संविधान निर्माण भई स्थायी शान्तिको आभाष मिलिरहेको बखतमा पर्यटन प्रवर्द्धनका माध्यमबाट आर्थिक क्रान्तिको सपना साकार पार्न सरकार दत्तचित्त भएर जुटेको देखिन्छ । यही मेसोमा राज्यइच्छालाई टेको दिने जमर्को गर्दै हामीले पनि 'अमरज्योति साहित्यिक त्रैमासिक'को ४४ औँ अङ्कलाई नियात्रा विशेष अङ्कका रूपमा सार्वजनिक गरेका छौँ ।

नेपाली साहित्यमा नियात्राले निबन्ध विधाको उपविधाका रूपमा आफ्नै छुट्टै वैशिष्ट्य कायम गरिसकेको छ । यात्रा वर्णनमा निजात्मक अनुभूति घुलेर आएपछि त्यसले नियात्राको स्वरूप ग्रहण गर्छ भन्ने जानिफकारहरूको ठम्याइ रहेको देखिन्छ । यात्राको दौरानमा प्राप्त भएका तथ्य, सँगालिएका अनुभव एवम् उत्पन्न भएका मानसिक तरङ्गहरूलाई एकीकरण गर्दै सम्बन्धित स्थानको प्रकृति, जनजीवन, मानव मनोविज्ञान, प्राविधिक-सांस्कृतिक पक्ष आदिको जानकारी गराएर मानव-मनमा यात्राका लागि हुटहुटी जगाउने मूल अभिष्ट नियात्राले लिएको हुन्छ ।

नियात्राकारहरू रागात्मक अनुभूति, सघन संवेदना, आत्मपरक शैली, चामत्कारिक लेखन शिल्प एवम् कलामय काव्यात्मक भाषाको कुशल संयोजनबाट मात्र परिपक्व र परिष्कृत नियात्रा जन्मने कुरामा विश्वास गर्छन् । यस अङ्कमा सङ्गृहीत नियात्राहरू उल्लिखित मापदण्डको कसीमा खरो उत्रन सकेका छन् वा छैनन्, सो को परख गर्ने जिम्मेवारी विज्ञ पाठकहरूलाई सुम्पँदै हामी यतिमात्र भन्छौँ– यसपालिलाई यस्तै भएको छ ! गाली वा ताली दुवैलाई हृदयको रातो कार्पेट बिछ्याएर स्वागत गरिनेछ ।

**– अतृप्त**

# नियात्रा अङ्क

## यस अङ्कमा

**नियात्रा :** **पृष्ठ :**

- युवराज नयाँघरे ५
- जीवनाथ धमला १०
- राजेन्द्रमान डङ्गोल १४
- माधव घिमिरे 'अटल' २५
- हरिप्रसाद अधिकारी ३५
- गजेन्द्रप्रसाद श्रेष्ठ ४२
- आविष्कार कला ४८
- विष्णुप्रसाद आचार्य 'अतृप्त' ५६

**लघुकथा :**

- लीलाराज दाहाल ७४

**अनुवाद साहित्य :**

- राजकुमार जैन 'राजन' ६९
  *(अनुवादक : सुमी लोहनी)*

**गतिविधि :** ८१

**कविता :** **पृष्ठ :**

- प्रकाश आचार्य २४
- राधा कार्की ३२
- सुशील पोखरेल ४०
- शारदादेवी भट्टराई ५४
- दया खड्गी 'बेचैन' ७१
- बोदनाथ रिमाल ८२

**बालकविता :**

- रञ्जुश्री पराजुली ७१
- नारायण निरौला ७७

**गजल :**

- प्रसून अधिकारी ४६

**निबन्ध :**

- मोहनबहादुर कायस्थ ७५

**समीक्षा :**

- प्रभाती किरण ७२
- रमेशप्रसाद तिमल्सिना ७८

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेखरचना उपलब्ध गराउने बारेको सूचना

विद्युत्कर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक'को आगामी अङ्कका लागि निम्नानुसारका लेखरचनाहरू यथासक्य छिटो पठाइदिनुहुन समस्त सर्जक/समीक्षक महानुभावहरूलाई अनुरोध गरिन्छ :

**१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू**

**२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक एवम् साहित्यिक लेखरचनाहरू**

**३. साहित्यका विभिन्न सिद्वान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू**

**४. नेपाली र विश्वसाहित्यमा देखापरेका नवीन मान्यतामा आधारित लेख रचनाहरू**

**५. अनुवाद साहित्य एवम् कला र संस्कृतिसम्बन्धी लेख-रचनाहरू ।**

उपरोक्त अनुसारको अप्रकाशित लेखरचना प्रीति फन्टमा टाइप गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइदिनुहुन साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनुहुनसमेत अनुरोध गरिन्छ ।

**लेख/रचना पठाउने विद्युतीय ठेगानाः**

amarjyoti@nea.org.np

विद्युत्कर्मी साहित्यिक समाज परिवार

नेपाल विद्युत् प्राधिकरण



## युवराज नयाँघरे

# मोदीबसको भाँपूँ-भाँपूँ



फेरि सऱ्यो समय !

स्वयम्भूबाट बेलुकाको चार बजे छुट्ने भनेको गाडी पाँच बजे जाने भो। पाँचपछि छ, सात भएर आठ बजेसम्म समय सरिरह्यो।

“यो मोदीबस यस्तै हो !” बनारस जान बसेका सबै यसै भन्न थाले।

अझै दिग्दार मान्न थाले। पट्यार लागेर हैरानै भइसक्यो। समय सरेको छ, छ !

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री सुशील कोइरालाले सँगसँगै उद्घाटन गरेथे– नेपाल-भारत मैत्री बससेवा। ती गाडी बनारस र दिल्ली चल्छन्। सबैले ती मोटरका नाम राखेका रहेछन्– मोदीबस। त्यै मोदीबसमा म पनि बनारस गइरहेथेँ।

पुसको जाडो। नयाँ ठाउँको छुवाइले मनमा तातो भने बढेकै थियो।

बल्ल-बल्ल रातिको नौ बजे गाडी हुइँकियो। बेपत्तैले बेगिएको मोदीबसले बिहानको झिसमिसेमा सुनौली सिमानामा पुगेर विश्राम लियो।

“यो धूलो के साह्रो !” मैले बाहिरको सेताम्मे देखेर भनेको थिएँ।

“होइन नि ! यो त पाठ हो।”

हेर, मेरो शुद्धि !

भयङ्कर कुइरो लागेको थियो। त्यै चिसो, त्यै कुइरीमण्डल र त्यै धुम्मधाम्ममा हामी ओरालियौँ। अनि, झोला जँचाएर भारत टेक्यौँ।

बस हुइँकिएलगत्तै फेरि रोकिएर हाम्रा परिचय-पत्र हेरिए।

“अनि, अघि भन्सारमा सबै जाँचेको थियो। हैन र !”

“त्यो त सुरक्षाको हो नि !”

गाडी गुड्यो।

“यो चैँ केको त ?”

“केन्द्र सरकारको।” चालक बोल्छन्।

गाडी दुई मिनेट गुडेपछि फेरि रोकियो । अनि, अर्कै पोशाकमा प्रहरी आएर जाँचे ।

"यी चैँ को परे ?"

"यी प्रान्तीय सरकारका भन्सारका कर्मचारी ।"

गाडी गुड्यो ।

फेरि पाँच मिनेटपछि गाडी रोकियो । प्रहरी पसेर धमाधम सोधपुछ गर्न थाले ।

"किन जाँचेका यिनले ?"

"यी सीमा बल हुन् ।"

गाडी हुइँकियो ।

यस्तै तीन मिनेट पनि पूरा भएको थिएन । गाडी रोकियो । तीन जना जुँगामुठे गाडीमा पसेर हाम्रा झोला खोतलखातल गर्न थाले ।

"फेरि जाँच पड्ताल भयो त !"

"यी अन्तःशुल्कका कर्मचारी हुन् रे ।"

गाडी गुड्यो । अनि, झोला मिलाउन नपाई तीन-चार जना युवा पसे ।

"परिचय-पत्र हात-हातमा राख्नुहोला ।" खलासीले हिन्दी र नेपाली मिसाएर भन्यो ।

"फेरि केको सोधपुछ नि ?"

"गुप्तचर विभागका कर्मचारी हुन् ।"

निकै कडा सोधपुछ भयो । मेरो नागरिकताको फोटो र अहिलेको अनुहार मिल्दैनथ्यो । जाँचकीले निकै ख्याउँ-ख्याउँ गऱ्यो ।

बल्ल गाडी गुड्यो ।

साह्रै झिँजो लाग्यो ।

"त्यसरी त पर्यटक के आउलान् र खै !" दिक्क लाग्यो ।

उखुबारी र तोरीबारी आउने र जाने भइरहे । ठूला-ठूला फाँटसँग आँखा जुधाउन नपाउँदै रेलका लमतन्न लिक आउँथे ।

बाटामा गोरखपुर टुप्लुकियो ।

मोदीबसको टाउकामा एम्बुलेन्सको जस्तो जोडिएको रहेछ । सामुन्ने कुनै गाडी देखियो कि ऊ गजबले कराउँथ्यो । भारतमा यस्तो प्रचलन अनौठो लाग्यो ।

एक घन्टाभन्दा बढी लाग्यो गोरखपुर छिचोल्न । बाहिर रिङरोड जानुपर्ने । खोई कताबाट शहरको घन्चमन्चमा फसेर निस्कन महाभारतै भो ।

मोदीबसको भाँपूँ-भाँपूँ खूब बज्थ्यो । उसको अनौठो आवाजले बाटो किनारकाहरू हेर्थे– अनौठो मानेर । इन्डिया न पऱ्यो, बाटो नै किन छोड्थे र !

गोरखपुरको गन्जागोल कति ठूलो । गोरु गाडा, चना चटपटे, पान पसल, रेलका डिब्बा, उखुका लात्रा सबै सडक किनारमै । पुराना ट्याम्पु, माछा तार्नेहरू, जाल बेच्नेहरू, पानीपुरीका ठेला, धोती मोलमोलाइ गर्ने सबै सडक मिचेर बसेका छन् ।

महामुस्किलले डेढ घन्टापछि बल्लतल्ल गाडी निस्कियो । मुखमा चिटचिट पसिना, मुख हेर्दा अत्तालिएको लाग्थ्यो चालकको ।

सोधेँ पनि, “कसरी बाटो बिराइयो ?”

“हिजो फर्किंदा शहर पसेर जा भनेथ्यो मुर्दार पुलिसले ! उसको आदेश मानेको, यी हैरान पाइयो ।”

भाँपूँ-भाँपूँ बजाएर ओठ नि चलायो चालकले ।

माथिको नीलो, हरियो, रातो र सेतो भिलिक-मिलिक बत्ती नि बलिरहेकै छ गाडीको । बत्ती र आवाज एकसाथ आउँदा निकै ठूलाठालुको गाडी देखियो- यो मोदीबस ।

मेरो छेउमा छिन्– बनारसकै विद्यार्थी । आमा तिब्बतबाट रातारात भागेर काठमाडौँ छिरेकी रहिछिन् । आशीकी आमाजस्तै आनीहरू थिए बसैभरि ।

“सकियो त गोरखपुर ?” ठूलाठूला राजमार्ग देख्दा सोध्छु ।

तीन तलेसम्म छन् सडकहरू । बनिरहेका छन् बेस्सरी । विशाल-विशाल लम्बे-लम्बे सडकहरू । बाटाजस्तै अग्ला न अग्ला ट्रक छन् जतातत‌ै । फेरि औधी लामा पनि ।

दिउँसो भएको छ ।

खाना खान भनेर होटेलमा छिरेको ।

“रोटी पो खाऊँ कि ?” मैले ड्राइभरलाई सोधेँ ।

“मसँग आउनुस्, नेपाली रुपियाँ भए पनि काम चल्छ ।”

भारु नसाटेको हैरानी मैले सुनाएथेँ ।

पछि लागेँ । उनले कसो-कसो सानो सिँढी भएर भऱ्याङ उकाले । एउटा भुँडेवाल बसिरहेथ्यो ।

“सुनौलीमा साट्न भ्याउनुभएन सरले ।” चालकले दाह्रीवालालाई भने ।

“आइडी चाहियो ।”

मैले नागरिकता दिएँ । उनले फोटोकपी गरे ।

अनि, तीन हजार भारु दिए ।

बाहिर आउँदा खानेहरूको लस्कर थियो । धेरै त आनीहरू नै थिए । लहरै उभिएर हात-हातमा परिचयपत्र बोकेर उभिएका थिए ।

“नेपाली, भारतीय, तिब्बती र कुइरे छन् यहाँ । खाद्यसुरक्षा निकायले रेकर्ड राख्ने गर्दोरहेछ ।” खलासी बताइरहेका छन् ।

मैले पनि परिचयपत्र देखाएँ ।

“हिमाञ्चल प्रदेशका जस्ता छौ नि ?”

“कि तिब्बती हो ?” टोकन काट्न बसेको मान्छेले मलाई सोध्यो र मेरो परिचयपत्र हेर्‍यो ।

खाना खान ढिलो भयो । हामी धेरै थियौँ । बाहान लगाएर पकाउनुपरेछ । म र अन्य चार आनीहरूको भागमा खाना आइपुग्यो ढिलो ।

मोदीबस करायो- भाँपूँभाँपूँ !

झ्यालबाट करायो चालक- “बनारस पुग्दा आधा रात हुन्छ । तपाईंहरू त पुग्नुहुन्छ, मचैँ कहिले फर्कनु नि ?”

“चाँडो-चाँडो खानु !”

“दही पिउनुस्- तन्दुरी खल्तीमा हाल्नुस् ।”

आदेशै आयो चालकको ।

हतार-हतार खाएँ । रोटीले दनासो दर्फराएछ । तन्दुरीमा धारले ओठका कुनाकानीमा घोचेछ पनि ।

गाडी जोडले बेगियो । खाएको त हामीले थियौँ । मोटर पो बत्तियो जोडले ।

उस्तै छ मोदीबसको भाँपूँ-भाँपूँ ।

अब झन् बेगवान भयो । आठ लेनको बाटो बनिरहे पनि मुस्किलले दुइटा गाडी पास हुन्थे । भत्केका घर, ढुङ्गाका रास, बालुवाका उरुङखात, उग्राइरहेका गाईगोरु, पराल भरिएका बयलगाडीले बाटोको गति छेकिन्थ्यो बेला-बेलामा ।

“आठ लेनको बाटो बनुन्जेलमा मरिसकेको हुन्छु म । यो गाडीको धनीको नातिले त्यतिन्जेलमा चन्द्रमामा ट्रक कुदाइरहेको हुन्छ ।”

चालकले दिग्दारी पोख्यो र बजायो हर्न- भाँपूँभाँपूँ !!!

“तीन वर्ष भो । यै छ ताल मोदीबसको ।” खलासी पनि थप्छ ।

“बत्ती बाल्यो, हर्न ठोक्यो- त्यै छ ताल ।” चालकले पनि थपे ।

गाडी कुदिरहेछ । घाम निकै तल आइपुगेछ । आजमगढ छिचोल्नै निकै घन्टा लाग्यो । बस्ती, बाली र सुनसान संसार ।

मैले सुरुदेखि सुनेको, जानेको र पढेको नाम- बनारस। तर, बाटबाटामा सूचनापाटीमा छ– वाराणसी। केही अल्मलियो जिब्रो। आँखाले शुद्ध पारी पढ्न खोज्यो– बनारस कि वाराणसी !

बेलुकाको आठ बज्दा मोदीबस पुग्यो सारनाथ।

यही हो बनारस ? एक छिन अल्मलिएँ।

सारनाथको तिब्बती मन्दिरनिरको आनन्द गेष्ट हाउसमा पुगेर कोठा बुक गरेँ।

"केबाट आएको ?" गेष्ट हाउसको मोटेले झटारो हान्यो।

"कस्तो केबाट ?" मैले उसैलाई सोधेँ।

"रेल, मोटर, जहाज ?"

"ए, मोदीबसबाट।"

"टिकट देखाऊ त !" उसले प्रमाण खोज्यो।

मैले धेरैबेर झोलामा यताउता खोजेँ। भेटिनँ। सबै खल्ती छामेँ। झोला छामेँ। कोट, हाते झोला कतै पनि टुप्लुकिएन- बसको टिकट।

"आधार कार्ड छ ?" उसले कड्केर सोध्यो।

"मेरो चैँ नागरिकता हो- आधार कार्ड भने नि, जे भने नि।"

उसले घुरेर हेर्‍यो।

"यो हुँदैन। अङ्ग्रेजी र देवनागरी दुवैमा लेखिएको हुनुपर्छ।" ऊ कड्कियो।

"मसँग यै छ। अहिले भर्खर त्यस्तो नागरिकता दिन थालिएको छ। सबै बूढाहरूका हातमा यै नागरिकता छ।" मैले जाडोले कक्रिएको कानमा गलबन्दी कस्दै भनेँ।

"यो आइडी म मान्दिनँ। यसलाई दिल्लीको एम्बेसी गएर प्रमाणित गरेर ल्याऊ।" उसले आदेश दियो।

यतिञ्जेल रातको दश बजिसकेको थियो।

मैले नागरिकता खल्तीमा हालेर अर्को गेष्ट हाउस खोज्न लागेँ मूलगन्ध कुटीतिर। कुइरोले ड्याम्म ढाकेको थियो बनारसको गुजुमुजे शहरलाई।

■■

जीवनाथ धमला

# किराको कार्यक्रम



तालिमको झण्डै दुई महिनासम्म डचेवेले टेलिभिजन तालिम केन्द्रका तालिमदाताहरूले हामीलाई सैद्धान्तिक विषयमा प्रशिक्षण दिए । त्यस क्रममा अनेकौँ वृत्तचित्रहरूको अवलोकन, तिनको मूल्याङ्कन, मूल्याङ्कनका तौरतरिका आदिका सम्बन्धमा पनि आवश्यक ज्ञान दिए । बीसौँ वर्षदेखि डचेवेलेमा कार्यक्रम निर्माणमा सलंग्न रहेर सैद्धान्तिक, व्यावहारिक दुवै हिसाबले विज्ञ भइसकेका परामर्शदाता, वरिष्ठ कार्यक्रम निर्देशक, श्रव्यदृश्य सम्पादक, छायाँकार, ध्वनि विज्ञहरूले तालिमका क्रममा कैयौँ दिन त सैद्धान्तिक तालिमका साथै डचेवेलेमै व्यावहारिक कार्यशाला पनि चलाएका थिए ।

सिक्न त कति सिकियो; तर उनीहरूले सिकाउन केही कसर बाँकी राखेका थिएनन् । सन् २००० को अक्टोबर महिनाको समय थियो । १२ जना थियौँ हामी । ४/४ जनाको समूह बनाएर एउटै विषयवस्तुमाथि अलगअलग छलफल चलाउने, छलफल पछिका निचोडलाई फेरि तिनोटै समूहबीच पुनः छलफल चलाएर त्यसमाथि टिप्पणी, सुझावआदि दिएर हामी प्रत्येकलाई कार्यक्रम निर्माणका असली ज्ञाता बनाउन चाहन्थे उनीहरू । हामी पनि अब त निकै पोख्त भइयो जस्तो अनुभव गर्थ्यौँ । बेलुका कोठामा बस्दा पनि उनीहरूले सिकाएजस्तो गरी कार्यक्रम निर्माण गर्न सके त नेपाल टेलिभिजन पनि डचेवेले जतिकै हुने थियो भनेर बात मार्थ्यौँ । उनीहरूसँग साधनस्रोत, जनशक्ति चाहेजति हुन्थ्यो । हामीकहाँ जनशक्ति भए साधन नहुने, साधन र जनशक्ति भए अर्थाभाव हुने, एक न एक थोकको अभावै रहने, कार्यक्रम बनाउँदा समयको पनि अभाव हुने, आजको आजै पनि कार्यक्रम तयार गर्नुपर्ने, यावत् अप्ठ्यारा स्थितिमा रुमल्लिँदै कार्यक्रम बनाउने आफ्नो अवस्था झल्झली आँखामा नाच्थ्यो । अर्कातिर उनीहरू कुनै पनि पक्षमा सम्झौता नगरी कार्यक्रम बनाउनमा जोड दिन्थे ।

अब हामी वृत्तचित्र उत्पादन गर्ने चरणमा प्रवेश गर्‍यौँ । तालिमको दुई महिना व्यतीत भइसकेको थियो । हामीमा कार्यक्रम उत्पादन गर्ने सम्बन्धमा निकै

आत्मविश्वास पनि जागिसकेको थियो । कार्यक्रमका बारे सैद्धान्तिक ज्ञान र कार्यशालाको अभ्यासले हामी अब जस्तो पनि कार्यक्रम (वृत्तचित्र) उत्पादन गर्न सक्ने भएका छौँ भन्नेमा उनीहरू पनि ढुक्क भए । फिल्डमा गएर सुटिङ गरी कार्यक्रम उत्पादन गर्न गृहकार्य शुरु भयो । तीन दिनको सघन छलफलपछि ३ समूहले अलगअलग विषयवस्तुमा ३ वटा वृत्तचित्र उत्पादन गर्ने निर्णय भयो । मसहित भएको समूहलाई बर्लिनकी एउटी युवा गायिका; जस्को नाम 'किरा' थियो, को साङ्गीतिक व्यक्तित्वसम्बन्धि वृत्तचित्र उत्पादन गर्ने जिम्मेवारी दिइयो । हामी अब त्यसैमा केन्द्रित भएर गृहकार्य गर्न थाल्यौँ ।

किराको साङ्गीतिक व्यक्तित्वसम्बन्धी कार्यक्रम निर्माण गर्ने क्रममा छलफल गर्दा प्रशिक्षकहरूले बर्लिनको युवापुस्ता साङ्गीतिक क्षेत्रमा निकै सक्रिय रहेको बताएका थिए ।

आधुनिक युरोपको औद्योगिक हबको रूपमा रहेको बर्लिनमा साङ्गीतिक क्षेत्रमा उच्चशिक्षा अध्ययनका लागि पर्याप्त अवसरहरू छन् । शिक्षण संस्थाहरूलाई सरकारले सञ्चालन गर्छ र तिनमा विद्यार्थीहरूलाई प्रायः निःशुल्क अध्ययन गर्ने अवसर प्राप्त हुन्छ । विद्यार्थीहरूलाई कुनै पनि विषयमा उच्च अध्ययनका निम्ति आर्थिक भार पर्दैन । साङ्गीतिक विधामा लागेर जीवनयापन गर्ने अवसरहरू पनि उत्तिकै उपलब्ध हुन्छन् । मनमा अठोट भएपछि त्यस विषयमा अघि बढेर विज्ञता वा लोकप्रियता प्राप्त गर्न असजिलो छैन । किरा बर्लिनकी युवा जगत्की एक प्रतिनिधि पात्र थिइन् ।

समूहमा म आलेख लेखकका रूपमा तय भएँ । वीरेन्द्र कार्की दृश्य सम्पादक भए, संयोजक, व्यवस्थापक मौरिससका एन्ड्रिको छानिए, रामेश्वर शुक्ल क्यामरा पर्सन भए । यसैगरी कार्यक्रम निर्माणको समूहहरू अलगअलग निर्माण भए पनि तीभन्दा माथि सबै समूहलाई संयोजन निर्देशन र सञ्चालन गर्ने तालिमदाताहरू नै थिए । मुख्य नेतृत्व उनीहरूकै थियो ।

केही दिनमा मैले आलेख तयार गरेँ । त्यसमाथि आफ्नै समूहभित्र र अन्य समुहसँग अन्तरकृया भयो । सबैले दिएका सुझाव समेटेर फेरि लेखेँ र त्यसलाई तालिमदाता वरिष्ठ निर्माता टिमलाई दिएँ । उनले पुनः केही संशोधन गरे र अन्तिम रूप दिए । त्यसैगरी अन्य समूहका आलेखहरू पनि तयार भए । अब छायाङ्कनका लागि समय-तालिका बनाइयो । कार्यक्रम त्यति लामो थिएन, १५ मिनटजतिको थियो । हाम्रो समूहले बनाउने कार्यक्रमको छायाङ्कनका लागि ३ दिन छुट्ट्याइयो । पहिले हाम्रै समूहको कार्यक्रम छायाङ्कन हुने भयो ।

छायाङ्कनपूर्व किरालाई डचेवेलेमै बोलाइयो परिचयका लागि । उनी

आइन्, परिचय दिइन् । उनी बर्लिनकी एक युवा गायिका थिइन् र युवा स्रोता दर्शकमाझ लोकप्रिय बन्दै गइरहेकी थिइन् । त्यस्तै २५/२६ वर्षकी थिइन् होला उनी । सुटिङस्थलको सामान्य जानकारी (रेकी) का लागि सोही दिन उनको निवासस्थान गएर अवलोकन गरियो । किरा उण्ड स्ट्रासे भन्ने स्थानमा एक्लै बस्दिरहिछन् । उण्ड स्ट्रासे बर्लिन महानगरको भित्री भागमा पर्दोरहेछ । उनको घरको प्राङ्गणसम्मै गाडी पुग्ने सडक थिएन । २५, ३० मिटर वरै सडकछेउको पार्किङस्थलमा गाडी राखेर हाम्रो क्रयु उनको निवासतिर लागेको थियो । उनको घरसँगै अरू घरहरू जोडिएका थिए । उनको घर ३ तले थियो र उनी बीचको तलामा बसेकी रहिछन् । त्यस तलामा ३ कोठा थिए । एउटा उनको किचन, अर्को सुत्ने कोठा र अर्को अलि फराकिलो चै साङ्गीतिक अभ्यास गर्ने कोठा रहेछ । पुरानो शैलीको किराको घर निकै सामान्य थियो । उनको परिवारमा त्यसबेला अरू कोही देखिएनन् । त्यस घरको वातावरण अनुमान गर्दा उनी बर्लिनबाहिरबाट अध्ययनका सिलसिलामा आएर त्यहाँ भाडामा फ्ल्याट लिएर बसेकी रहिछन् भन्ने बुझ्न सकिन्थ्यो । कार्यक्रमका लागि आलेख तयार गर्दा उनको पारिवारिक पृष्ठभूमिका बारेमा उल्लेख गर्नु आवश्यक नरहेको भन्ने निर्णय गरी सामान्य व्यक्तिगत परिचयका साथ उनको साङ्गीतिक व्यक्तित्वका बारेमा मात्र उल्लेख गरिएको थियो । उनको व्यक्तित्वलाई आत्मालाप शैलीमा प्रस्तुत गर्ने गरी हामीले तयारी गरेका थियौँ ।

भोलिपल्ट हाम्रो उपकरणहरूसहित ६/७ जनाको टोली किरा निवास उण्ड स्ट्रासे गयो । किराले आफ्नो स्टुडियो र अनेक वाद्य सामग्रीको रखाइ व्यवस्थित गरेर बसेकी थिइन् । मुख्य उनको दिनचर्या र साङ्गीतिक अभ्यासका दृश्यहरू छायाङ्कन गर्नु थियो । मुख्य क्यामरा निर्देशक उली थिए । नेपालका रामेश्वर शुक्ल उनलाई सघाउँथे । अरू सहयोगीहरू २/३ जना थिए । किरालाई भोकल रियाजका लागि तयार हुन आग्रह भएपछि उनी जर्मन भाषामा गीत गाउन थालिन् । अनेकौँ पटक टेक लिएपछि बल्ल रियाजको सुटिङ सकियो । उनको साङ्गीतिक प्रस्तुतिका प्रमाणपत्र, मेडल एवम् अन्य दैनिक घरायसी गतिविधिको पनि छायाङ्कन गरियो । उनी बर्लिन युनिभर्सिटी अफ आर्टकी स्नातककी छात्रा थिइन् । भोलिपल्ट त्यहाँको पनि सुटिङ भयो । उनी र उनका सङ्गीत गुरुसँग अन्तर्वार्ता र कलेजका सामान्य दृश्यहरू लिइयो । उनी कलेज आउँदा-जाँदाका बाटाका दृश्यहरू खिचिए । एक दिन त मलाई ध्वनि नियन्त्रकको काम पनि गराइयो । कार्यक्रमका लागि जुडिथ नाम गरेकी एक अर्की गायिकाको पनि अन्तर्वार्ता पनि लिइयो । छायाङ्कन २ दिनमै सकियो । यस्तै अर्को एक समूहको

विषय एउटा चलचित्रको निर्माण कसरी हुन्छ ? त्यसको स्थलगत रिर्पोट तयार गर्नु थियो । अर्को समूहलाई भने पहिल्यै खिचिएका दृश्यहरू उपलब्ध गराइएको थियो । अफ्रिकातिर गोही संरक्षण कार्य कसरी भएको छ भन्ने विषयमा एउटा वन्यजन्तु संरक्षण कार्यालयको गतिविधिबारे प्राप्त फुटेज प्रयोग गरी वृत्तचित्र निर्माण गर्ने जिम्मा त्यस निर्माण टोलीलाई थियो ।

छायाङ्कन सकिएपछि श्रव्यदृश्य शुरु गर्नु पहिलेको प्राविधिक तयारीमा हामी लाग्यौँ । यसक्रममा फुटेजको लगिङ, अडियो डबिङलगायतका कार्य गरियो । अडियो (स्वराङ्कन) का लागि डचेवेले टेलिभिजनका एक जना वरिष्ठ अङ्ग्रेजी समाचार वाचकलाई अनुरोध गरियो । उनले ३ वटै कार्यक्रममा आफ्नो अडियो दिए । सबै पूर्वतयारीपछि आ-आफ्नो समूहको पालोमा ३-३ दिन ननलिनियर एडिटिङ सेटमा बसेपछि कार्यक्रमहरू तयार भए । वरिष्ठ सम्पादक माइकलले ३ वटै कार्यक्रमको श्रव्यदृश्य सम्पादन गर्दै सबैलाई ननलिनियर एडिटिङ सेटमा कसरी कार्यक्रम उत्पादन गरिन्छ भन्ने सिकाए ।

डचेवेलेका हाम्रा तालिमदाताहरूले हामीलाई मात्र होइन, यस अघि पचासौँ तालिम कोर्स पूरा गराइसकेका थिए । उनीहरू सानुतिनु हरेक कुरालाई बडो सूक्ष्म ढङ्गले सिकाउँथे । आलेख लेख्ने विषयवस्तुको चयन गर्नेदेखि सुटिङ, एडिटिङ, पोष्ट प्रोडक्सनसम्मका सम्पूर्ण कार्यक्रम निर्माण प्रकृया र प्रविधिबारे मिहिनेतपूर्वक प्रशिक्षण दिए उनीहरूले । असल कार्यक्रम निर्माण गर्न सानो कुरामा पनि उत्तिकै ध्यान दिइनुपर्छ भन्ने उनीहरूको सिद्धान्त थियो । उनीहरू डचेवेलेमा आमन्त्रण गरिएका टेलिभिजन कर्मीहरूलाई त नियमित रूपमा तालिम दिन्थे नै, वर्षको २/३ पटक विदेशमा गएर पनि तालिम दिन्थे । विशेष गरी एशिया र अफ्रिकाका टेलिभिजन संस्थाहरूले बेलाबखत तालिम दिन विज्ञका रूपमा बोलाइरहने र विदेश गइरहनुपर्ने कुरा उनीहरू बताउँथे ।

हामीले निर्माण गरेका कार्यक्रमहरू प्रशिक्षकहरूले पूर्वालोकन गरे । अन्तिममा डचेवेले टेलिभिजनबाट प्रसारण हुने जानकारी दिए । तलिमका क्रममा कार्यक्रम निर्माण सम्पन्न भएपछि पनि केही हप्तासम्म हाम्रो तालिमको सिलसिला निरन्तर रह्यो । समय पूरा भएपछि हामी आ-आफ्ना घर फर्की त्यहाँ सिकेको ज्ञानलाई आफूले उत्पादन गर्ने कार्यक्रममा अधिक उपयोग गर्नेछौँ भन्ने विश्वास तालिमदाताहरूले लिएका थिए । मैले त्यहाँ सिकेको प्राविधिक ज्ञानलाई नेपाल टेलिभिजनमा कार्यक्रम उत्पादनका क्रममा केही हदसम्म उपयोग गर्ने प्रयास गरेँ ।

■■

राजेन्द्रमान डङ्गोल

# सिराइचुलीमा चुलिँदा



मैले नयाँ अनुभूति गरेँ, त्यस दिन ।

एउटा नवीन पर्यटकीय गन्तव्य । सूर्योदयको त्यो रोमाञ्चक क्षण । ओठ होइन, मज्जैले हाँस्यो मेरो मन ।

जान्न सके साँच्चिकै सुरुचिपूर्ण हुन्छ यात्रा । अझ शैक्षिक यात्राको त खास उद्देश्य हुन्छ नै । शैक्षिक यात्रा फगत् यात्राका लागि यात्रा होइन । पदयात्रा गर्दा जनजीवन र प्रकृतिलाई अत्यन्तै नजिकबाट नियाल्न पाइन्छ । रहस्यहरूको प्यान्डोरा बक्स नै हो प्रकृति र आफैँमा विशाल शिक्षालय पनि । प्रकृतिसित सिक्न नसके समग्र जीवनलाई बुझ्न सकिँदैन भन्ने ठान्छु म ।

यस्तै सोचिरहेको थिएँ म । तातेताते गर्दै नागढुङ्गा छिचोलेपछि कमिलाका ताँतीझैँ पृथ्वी राजमार्गमा गुडिरहेका गाडीहरूलाई उछिन्दै बत्तिएको बस हुँग्दे (५०० मिटर) मा पुगेर रोकियो । बसमा सवार थिए– शैक्षिक यात्राका लागि निस्केका काठमाडौँ एकेडमी अफ टुरिजम एन्ड हस्पिट्यालिटी म्यानेजमेन्ट (क्याथ) का २८ जना विद्यार्थी, शिक्षक शर्माद्वय राजकुमार र आशिष् । उनीहरूको साथमा थिएँ म, टुरलिडरको रूपमा । विद्यार्थीहरूको दिमागलाई फराकिलो पार्ने शिक्षण विधिको एउटा प्रभावकारी काइदा हो यस्तो यात्रा ।

ग्रामीण गरिबी निवारणका लागि पर्यटन परियोजना (टीआरपीएपी) ले पहिचान गरेको गन्तव्य सिराइचुली (१,९७२ मिटर) आरोहण गर्ने सिलसिलामा थियौँ हामी । यात्राको उद्देश्य थियो– प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र पूरातात्विक पक्षको अध्ययन तथा पर्यटन व्यवसायसम्बन्धी व्यावहारिक ज्ञान हासिल गर्ने । क्याथको पाठ्यक्रमसँग सम्बन्धित कार्यक्रम थियो त्यो ।

**हात्तीबाङको बसाइँ**

हुँग्देपछि गर्नु थियो पदयात्रा । पुग्नु थियो हात्तीबाङ (१,४१० मिटर) । हिँड्नु थियो, पाँच घन्टा । मान्छेको लर्कन लाग्यो, रहर र बाध्यताका पाइला उठाउँदै । नागबेली गोरेटोलाई ढपक्कै ढाकेको थियो, हाम्रो हूलले ।

आज घाम र उकालोलाई परीक्षा दिँदै छन् क्याथका विद्यार्थीहरू ।

“सरहरूले लिने विद्यार्थीहरूको परीक्षा त उकालोले पो लिने भयो नि !” राजकुमार सरसित मेरो हल्का ठट्टा ।

“परीक्षा त म आफैँ पनि दिँदै छु नि राजेन्द्रजी ! थाहा छैन, उत्तीर्णचाहिँ हुने हो कि होइन ! तपाईंको भरोसामा छु ।” बोतलको पानी घुट्क्याउँदै आउँछ राजकुमार सरको जवाफ ।

लामो समय अमेरिकाको विश्वविद्यालयमा पढाउँदा पढाउँदै छाडेर नेपाल आएका । मातृभूमिप्रति अगाध स्नेह छ उनमा । विशिष्ट व्यक्तित्व भएका उनी आफूलाई लागेका कुराहरू प्रस्ट बोल्थे । कुरा चपाएर बोल्नेभन्दा यस्तै मान्छे मन पर्छ मलाई ।

उकालो देखेर अताल्लिएका केही विद्यार्थीहरू हिँडाइलाई निरन्तरता दिइरहेका छैनन् । अरूलाई अघि लगाएर आफूहरू उभिएका छन् ठाउँठाउँमा । तर आशिष् सरको चाहिँ छ आफ्नै लय– सुस्त तर निरन्तर । शालीन, हँसमुख र मिलनसार उनी । त्यसैले त विद्यार्थीहरू सहज महसुस गर्छन् उनीसित ।

कानमा ठोक्किरहेको छ– त्रिशूली नदीको नरमाइलो धुन । उकालिँदै गर्दा फर्कीफर्की हेर्छु म त्रिशूलीलाई । मैलो त्रिशूलीले पीडाका छालहरू उरालिरहेकी छे; गाइरहेकी छे– विरहका गीत, कल्लोल आवाजमा । सुनाइरहेकी छे– पानीका छालहरूमा पसिना चुहाउने माझीहरूको कथा । बुलन्द गरिरहेकी छे– बालुवा माफियाका विरुद्ध शक्तिशाली आवाज । यो आवाजमा न्याय मागिरहेको आभाष हुन्छ त्रिशूलीले । तैपनि मान्छेले नदीको भाषा पटक्कै बुझ्दैनन् वा बुझ्नै चाहन्नन् । यही त छ विडम्बना !

सालको पहिलो महिनाको पहिलो हप्ता । बसभित्रको वातानुकूलताबाट बाहिर निस्केदेखि नै ज्यानलाई आगोको भुङ्ग्रोमा घुसारेजस्तै अनुभूति भइरहेको थियो, त्यसमाथि पनि सुरुमै ठाडै उकालोको शासना । सुस्तरी चल्मलाउँदै थियो मानवलहर, प्रत्येक पाइलामा उभिएर लामो श्वास तान्दै । उकालोले कतिपय विद्यार्थीहरू त गलिसकेझैँ लाग्थे । बिचराहरू ! नगलून् पनि किन । मै हुँ भन्नेलाई त गलाउँछ उकालोले ! शहरको सम्पन्न परिवारमा जन्मेर सुख-सयलमा हुर्केकाहरूका लागि पहाड चढ्नु ठूलै चुनौती हो । पदयात्रामा पहाडको चुनौतीलाई स्विकार्नै पर्छ । चुनौतीविनाको यात्रामा रोचकता पनि हुँदैन । पर्यटनका विद्यार्थी हुन्, यति कष्ट पनि नभए त कसरी बुझून् नेपालको पर्यटन ! यथार्थमा यसै उद्देश्यका लागि थियो यात्रा ।

गाउँमा जन्मेर शहर गएकाहरूका लागि उकालो हिँड्नु समस्या होइन । कतिपयले त मज्जा लिइरहेको अनुभूत हुन्थ्यो । उत्साहको उकालो चढिरहेका एक विद्यार्थीले हठात् गुन्गुनाउन थाले-

“हिँडहिँड साथी हो, कमिलाको ताँती यो
दुलाबाट निस्केर, हिँड्छ धुलामाथि यो..........”

हो, यसरी नै गाउँथ्यौँ हामी, कमिलाको ताँती देख्दा । कमिलासँगै खेल्थ्यौँ, जिस्कन्थ्यौँ । कहिलेकाहीँ त कमिलाले टोक्थ्यो पनि । कमिलाकै पदचापलाई

पछ्याउँथ्यौं हामी । बालवयको यस्तै मीठा सम्झनाहरू तैरिए मेरो मानसपटलमा ।

उनको आवाज सुनेपछि अर्को एक जनाले पनि गुन्गुनाउन थाले उही लयमा; तर गीतलाई समयसापेक्ष बनाएर–

"मान्छेहरूको ताँती यो, बसबाट ओर्लेर
हिँड्छ डाँडामाथि यो.........."

परिवेशअनुसार उनले गाएको बेठीक थिएन । कमिलाकै ताँतीजस्तै थियो; पहाडको छातीमा सल्बलाइरहेको मानव-लर्कन । कम्तीमा उनले गीतको सुर, ताल र लय नबिगारीकनै गाए । रिमिक्स गर्ने अर्थमा पुराना गायकका गीतलाई आफ्नै तालमा गाउने फेसन चलेको छ । बेसुर लाग्छन् ती गीतहरू तर कस्तो अचम्म ! त्यस्तै गीतचाहिँ हिट रे ! सङ्गीत नबुझ्नु पनि केही छैन ।

"हो, कमिलाको ताँतीजस्तै गरी हिँड्नुपर्छ है ।" आशिष् सर अर्थ्याउँदै थिए विद्यार्थीहरूलाई । उनी थिए– दार्जिलिङका नेपाली भाषी । बोलीमा एक खालको अद्भूत मिठास हुन्छ दार्जिलिङेहरूमा ।

कमिलाको गीतको प्रसङ्ग चलिरहेकै बेला कमिलाकै विम्ब प्रयोग गरिनुमा अनुशासनको पाठ अन्तर्निहित थियो । विद्यार्थीहरू टुरमा निस्केको बेला स्वतन्त्रताको पखेटा नफिँजाऊन् भनेर होला, उनी अनुशासनको घेराभित्र राख्न चाहन्थे उनीहरूलाई । यतिमात्र होइन, उनी एकता, मिहिनेत र धैर्यको बोध गराउँदै थिए । अनुभवी शिक्षक न हो ! विद्यार्थीहरूलाई आफ्नो काबुमा राख्ने कस्तो राम्रो तरिका ! मैले बुझिसकेको थिएँ, आशिष् सरको 'डिप्लोम्यासी !' आफूले सिकाएका कुराहरूलाई विद्यार्थीहरूले कतिसम्म ग्रहण गरेका छन् भन्ने कुरा महसुस गर्न सक्नु नै एउटा सफल शिक्षकको विशेषता हो ।

"लुक याट द बर्डज ! दे क्यान फ्लाई बट क्यान्ट गो आउट अफ सर्टेन सर्कम्ट्यासेज् ।" उडिरहेका चराहरूलाई देखाउँदै राजकुमार शर्माले थपे । उनको ओजपूर्ण बोलीमा नतमस्तक हुँदारहेछन् विद्यार्थीहरू । मान्छेको जीवनको गति पनि अनुशासनमै चलिरहेको हुन्छ भन्ने आशय थियो उनको । सायद उकालोको कहरमा जिब्रो फड्कारिरहने जाँगर नचलेर पनि होला, विद्यार्थीहरूले उनलाई सुनेमात्र । उनीहरूलाई पनि लाग्दो हो– टुरमा निस्केको बेलामा पनि कति मात्रै उपदेश सुनिरहनू !

अझै धेरै थियो, उकालो उक्लन । घामले आगोको मुस्लो निरन्तर बमन गरिरहेकै थियो । 'भोकोलाई खीर' भनेझैँ भयो हामीलाई, लैताकको चौपारी भेटेपछि । बाफिएको ज्यानलाई चिसो छहारीभित्र लुकाउँदा झरनामा नुहाएजस्तै आनन्द आउने ।

किनकिन आँखा फेरि त्रिशूलीमै पौडन पुगिरहेछ । छालहरूमा झ्वाम्लाङ्ङ फाल हाल्दै जलविहारमा रमाइरहेका डुङ्गाहरू देख्दा ईर्ष्या लाग्छ । र, लाग्छ– पदयात्रा छाडेर त्रिशूलीसित स्पर्श गर्न जाऊँ । कल्पनामात्र हो ! जतिखेर जे इच्छा

लाग्यो, त्यही गर्न त किन पाइन्थ्यो र काँधमा जिम्मेवारी बोकेर हिँडेपछि । अघिल्लो वर्ष गरेको र्‍याफ्टिङ सम्झेरै मन बुझाएँ मैले ।

नितान्त भिन्न लाग्दै थियो, यो यात्रा । भविष्यका कर्णाधारहरूलाई डोर्‍याउन पाउनु आफैँमा संयोग थियो । पुलकित थिएँ म । उनीहरू नै हुन् भविष्यको नेपालको पर्यटनको भरोसा । अबको दश वर्षमा यीमध्ये कति पथप्रदर्शक बन्लान् ? कति सफल व्यवसायी बन्लान् ? कति नीति निर्माणको तहमा पुग्लान् ? र, कतिले आशिष् र राजकुमार सरको बिँडो थाम्लान् ? समयको अन्तरालमा चेला चिनी बनिसकेका हुन्छन् तर गुरुहरू गुडको रूपमा मात्रै । शिक्षकको काम नै यस्तै ! विद्याथीहरूलाई विद्यारूपी नदीबाट पार गराउनुमात्र हो माझी बनेर । मनमा कुतूहलताका तरङ्गहरू उठ्दै थिए ।

अर्को चौपारी आयो खोरभन्ज्याङको । घामको राप र तापले शून्यता छाएको थियो सबैमा । सुनेको थिएँ- शीतल छहारीमा बसेर गरेको मायाप्रीतिका कुरा कहिल्यै सकिँदैन रे । आफूले त त्यस्तो अनुभव नै कहाँ नै गर्न पाइयो र उतिखेर ! विद्यार्थीहरूको अगाडि गाउन कति उचित थियो कुन्नि ! चकमन्नतालाई तोड्नकै लागि पनि गाइदिएँ मैले सञ्जीव प्रधानको गीत सबैले सुन्ने गरी-

"देउरालीको चौतारीमा
सङ्गिनीले आँखा छोपेको
आउँछ अझै झझल्को........."

अर्कोले गाए चाँदनी शाहको गीत–

"उकाली ओरालीहरूमा
भन्ज्याङ अनि चौतारीहरूमा......"

निस्तब्धतालाई तोड्यौँ हामीले । रोमाञ्चक हुनैपर्छ यात्रा । यात्रा भनेकै यही हो ।

झाँगिएर आकाश ढाकिएका पीपल र वटवृक्ष लहरै उभिएका छन् र बतासको लैबरीमा निर्बाध फरफराइरहेका छन् पातहरू । यतिखेरको हावा नै पोषिलो ! टुसुक्क बस्नेबित्तिकै थकानले चुर भएको ज्यान फुर्तिलो भइहाल्ने । यो पो हो त हावा खानुको मज्जा ! खायौँ धीत मर्ने गरी ।

पुर्खाको चिनो हो चौपारी । बटुवाहरूलाई सुस्ताउन बनाइदिएका । अहिलेको खुलामञ्च र चौपारी उस्तै हो । उहिलेउहिले गाउँका मानिसहरू चौपारीमै भेला भएर छलफल गर्थे । चौपारीमै बसेर दुःख-सुख साटासाट गर्थे । खुला नाट्यशाला नै थियो चौपारी । चौपारीमै मनोरञ्जन गर्थे । गाउँले हुन् वा बटुवा, सबैका लागि उपयोगी । कति दीर्घकालीन थियो हाम्रा पुर्खाहरूको सोच । त्यसैले त युगयुग बाँचेका छन् वर-पीपलको जोडी, चौपारी भएर । जरामा ब्रह्मा, काण्डमा विष्णु र टुप्पामा शिवले बास गरेका हुन्छन् रे । र, त प्राण प्रतिष्ठा गराएर पुज्छन् मान्छेहरूले पीपललाई

भगवान्‌को रूपमा ।

सडक आएको छैन र त अस्तित्वमै छन्, यहाँका चौपारीहरू । आफ्नै आँखाले देख्दादेख्दै कति चौपारीहरू उखेलिए । सम्झेँ, आफ्नै गाउँ (सेरा)को त्यो चौतारो । कम आनन्द आउँदैनथ्यो त्यहाँ बसेर हावा खाँदा । त्यहाँ घाँसको भारी बिसाएर लामो श्वास फेर्थ्यौँ हामी । सडकको विकाससँगै नासिई गयो । यो पनि त नासिन के बेर र ! वरको हाँगाहरूले आकाश ढाकेझैँ चिन्ताले ढाक्दै थियो, मेरो मन ।

शरीरको भारी बोकेर उकालिँदै पुग्यौँ, जयपुरी (१,३०९ मिटर) को चौपारीमा । एकातिर थकाइले लखतरान, अर्कोतिर रित्तिँदै गएको पेट । विद्यार्थीहरूको पीडा महसुस गर्न सकिन्थ्यो । दहीको लागि प्रख्यात ठाउँ रहेछ जयपुरी । सुन्तला पनि बिछट्टै फल्दोरहेछ । र, त यहाँका मान्छेहरू पनि रसिला हुँदारहेछन्, सुन्तलाको रसजस्तै । बटुवालाई एकराते दहीको साथमा च्युरा र सुन्तला रोजीछाडी भएपछि के चाहियो र !

मुस्कुराइरहेका थिए– पश्चिम क्षितिजमा टाँसिएका मनास्लु, गणेश हिमाल, लाङटाङ र गौरीशङ्कर हिमशैल । अझै पर देखिन्थे लमजुङ र अन्नपूर्ण शृङ्खला । हिमालको प्रेमिल हाँसोले मन्त्रमुग्ध थियौँ हामी । मैले विद्यार्थीलाई हिमालहरूको नाम बताएँ एकएक गरी । कुनकुन हिमालहरूको नाममा पदयात्रा चल्छ भन्ने कुरा पनि जानकारी गराएँ । उनीहरूका कतिपयका जिज्ञासाहरूलाई पनि मेटाइदिएँ मैले ।

“गाइज ! पे एटेन्सन टु हिम् । याज एन एक्पर्ट, यु क्यान लर्न अ लट फ्रम हिम् ।” विद्यार्थीहरूको ध्यान मतिर खिचाउँदै थिए, राजकुमार सर । उनी चाहन्थे एजुकेशनल टुरजस्तै हुनुपर्छ, ‘एजुकेशनल टुर’ ।

हिमालका चुचुरोदेखि स्मित पहाडका केस्राकेस्रा केलाउन थाले नयनहरूले । दृष्टि फैलियो महाभारत पर्वत शृङ्खलाका खोँचहरूसम्मै । वसन्तको मौसम; सर्वत्र हरियाली । फुलिरहेका थिए विभिन्न प्रजातिका फूलहरू । मन्द हावामा मधुर सङ्गीत भर्दै थिए लाँकुरीका पातहरू । बैँस कोरल्दै थिए कोइलीका जोडी । सुमसुम्याउँदै थिए किसान दाजुभाइहरू तरेली परेका बारीका पाटाहरूलाई । र, छुन्मुनाइरहेका थिए नानीहरू विद्यालयको चउरमा । एक से एक सुन्दर थिए दृश्यहरू । बोटभरि लटरम्म फलेका सुन्तलाका पहैँलपुर रङले गाउँलाई नै जाज्वल्यमान बनाइदिएको छ । त्यसो त प्रसन्नताको रङ पनि हो पहैँलो । प्रकृति रमाएको ठाउँमा मान्छे पुगेपछि नरमाउने कुरै भएन । अघि उकालोको सकसले वाक्य बसेकाहरूले पनि हाँसोको फोहरा छुटाउन थाले । हिमालहरूको लहर देख्दा तिनले सिके होलान् स्वाभिमानको पाठ ।

चुनौतीको पहाड छिचोल्न अझै बाँकी छ । कोटगाउँ र मारभन्ज्याङका बस्तीहरू छिचोल्दै पुग्यौँ हात्तीबाङ । हात्तीबाङ हाम्रै प्रतीक्षामा थियो, स्वागतरूपी हातहरू लिएर । दिनभरि आगो ओकेलिरहेको घाम पनि चिसिइसकेको थियो त्यहाँ पुग्दा ।

सिराइचुलीको द्वार हो– हात्तीबाङ । बान्की परेको पहाडले च्यापेको छ

यसलाई । यसले आश्रय दिएको छ- गिरी, पुरी, मगर र चेपाङ जातिलाई । लोपोन्मुख जाति हो- चेपाङ । जम्मा दश धुरी चेपाङ रहेछन् यहाँ । चेपाङ भाषामा ढुङ्गालाई 'बाङ' भनिन्छ । हात्तीको जस्तो पाइला भएको ढुङ्गा भएकाले त्यो ठाउँलाई 'हात्तीबाङ' भनिएको रे । यही कुरा बताएँ मैले सहयात्रीहरूलाई । झट्ट हेर्दा पल्टेलाझैँ लाग्छ तर आदिम कालदेखि पहाडको छेउमा अडिएको अडियै छ, त्यो बडेमानको चट्टान ।

होमस्टेको अवधारणा आउनुअघि पनि यहाँ छिटपुट विदेशी पर्यटक नआएका होइनन् । एकाध ट्रेकिङ कम्पनीले क्याम्पिङ ट्रेकिङ गराउँथे । पर्यटक देख्थे तर पर्यटन व्यवसायको महसुस गर्न पाएका थिएनन् हात्तीबाङवासीले । भर्खरैमात्र हो- टीआरपीएपीको ओदानमा हात्तीबाङले होमस्टेको कसौँडी बसाल्न पाएको । पाहुनाहरूलाई आतिथ्य सत्कार पस्कन सिक्दै छ हात्तीबाङ । टीआरपीएपीले कम्युनिटी हाउस पनि बनाइदिएको छ तर सञ्चालनमा आउन सकेको छैन । द्वन्द्वका कारण सिङ्गो पर्यटन नै प्रभावित भइरहेको बेला टीआरपीएपीको योजना कतै 'वीरबलको खिचडी' भनेजस्तो हुने त होइन ! ध्यानमग्न थिएँ म ।

कुन होमस्टेमा कति जना बस्ने भन्ने कुराको चाँजो मिलाए तिलक राना मगरले । दश वटा होमस्टेमा बाँडियौँ हामी । सुत्नका लागि होमस्टे भए पनि खाने व्यवस्था भने सँगै जोडिएको तिलक र गम्भीर रानामगरको घरमा थियो ।

"हे गाइज ! यु आर फ्री फर हाफ एन आवर । यु सुड कमब्याम हियर याट सिक्स ओ क्लक सार्प ।" आज्ञा भयो राजकुमार सरको; आआफ्ना होमस्टे ताक्दै गरेका विद्यार्थीहरूलाई ।

चेपाङ जातिको बारेमा बुझ्न रौसिएको म सौभाग्यवस चेपाङकै घरमा परेछु- निर्मल चेपाङको । हात्तीबाङका दश वटा होमस्टेमध्ये चेपाङको होमस्टे एउटैमात्र त्यही रहेछ । एउटा मिठो संयोग थियो त्यो । उनले मलाई घरसम्म पुऱ्याए र अतिथिका लागि छुट्ट्याएको कोठा दिए ।

घर थियो— गाउँको पुछारमा । बार्दलीसहितको सानो दुई तले घर । घरअगाडि केरापाते फूल र थुँगे सयपत्री फुलिरहेका । दलानको डँडाल्नीभरि मकैका झुत्ताहरू झुन्ड्याइएका । आँगनमा छुन्मुनाइरहेका थिए, निर्मलका भुराभुरीहरू । ढुङ्गा र माटाको भए पनि लिपपोत गरेर सफा सुग्घर राखिएको छ घरलाई । पिँढीको कुनामा बुन्दाबुन्दैको डोको छ । कोठाभित्र भित्तामा ऐना झुन्ड्याइएको छ । टेबलमा काइँयो र बेडमा रुमाल राखिएको छ । एकजोर चप्पल पनि राखिएको छ । भएको एउटा कोठा मलाई दिएपछि उनीहरू कहाँ सुत्लान् त ? कुतूहलता जाग्यो मलाई ।

सोधेँ, "तपाईंहरूचाहिँ कहाँ सुत्नुहुन्छ त ?"

"मझेरी, बार्दली । हामी त मिलेर सुतिहाल्छौँ नि ।"

थप संवाद गरेँ मैले उनीसित- "कति छन् बच्चाबच्चा ?"

"चार छोरी र दुई छोरा ।"

"स्कुल जान्छन् त बच्चाहरू ?"

"जान्छन् । ठूलीचाहिँ चारमा पढ्दै छे ।"

"अर्को चेपाङ बस्ती कहाँ छ ?"

"कान्दा र ज्यानदालामा । ज्यानदाला त नजिकै छ तर कान्दा गाउँ चाहिँ चितवनको अति विकटमा पर्छ ।"

"उनीहरूको दिनचर्या कस्तो हुन्छ ?" मेरो उत्सुकता ।

"खोरियामा फल्ने कोदो र मकैले छ महिना पनि खान पुग्दैन । जङ्गलमा गिठा, भ्याकुर नखोजी हुँदैन । दुःखको बयान गरेर साध्य छैन सर ।"

"चिया खाऊँ है सर !" पिँढीमा गुन्द्री ओछ्याउँदै प्रस्ताव राखे निर्मलले ।

उनले श्रीमतीलाई चिया बनाउन लगाए र उनी आफूचाहिँ आधा बुनेको डोकोमा हात लगाए । कस्तो कमिलाजस्तै मिहिनेती !

चेपाङ जातिका बारेमा थप जानकारी लिने थियो मौका थियो मेरा लागि । दैनिक जीवन-पद्धति र संस्कारको बारेमा धेरै कुराहरू बताए उनले मलाई ।

कति राम्रो समझदारी चेपाङ परिवारमा । लोग्नेमान्छेहरू जङ्गलमा शिकार गर्ने र कन्दमूल खोजेर ल्याउने, अनि स्वास्नीमान्छेहरूचाहिँ घरको काम गर्ने र पकाइतुल्याइ गर्ने । सबैको आआफ्नै अभिभारा । बेलुकाको खानपिनपछि नाचगान पनि गर्ने ।

नियतिले भीर खोस्रेर जीवन हिँडाउन पर्ने भए पनि खुसी र सुखी जीवन बाँच्दारहेछन् उनीहरू ।

हुन त खुसी रहन सक्नु नै जीवनको सार्थकता हो । तर, यी सबै बाध्यताबाट कहिले छुट्कारा पाउलान् यिनले ? चुल्हो बाल्न पाउँदैनन्, जाडोमा नाङ्गै रात काट्नुपर्छ । ओखती त आकाशको फलझैँ हो उनीहरूका लागि । कतिसम्म निरीह जीवन बाँच्नुपर्ने हो यिनले ! कल्पिँदाकल्पिँदै भारी भयो, मेरो मन ।

साँझ ढलेपछि टुकी सल्काए निर्मलले । बिस्तारै पिल्पिलाउन थाले टुकी बत्तीहरू गाउँभरि । एक्काईसौँ शताब्दीमा आइपुग्दा पनि हात्तीबाङले बिजुलीको उज्यालो देख्न पाएको छैन । र, पनि आशावादी छन् उनी हात्तीबाङमा बिजुली आउँछ भन्नेमा ।

"यी नानी पनि चेपाङकै छोरी हुन् । बाउआमाले चौध वर्षमै बिहे गरिदिएका ।" तिलक गिरीको घर जाँदै गर्दा पिठयुँमा बच्चा बोकेर झर्दै गरेकी एउटी केटीलाई देखाउँदै उनले भने ।

"थाहा छ सर ! बाउआमाले बिहेको दाइजोको रूपमा च्युरीको बोट दिन्छन् । सक्नेले सिङ्गै बोट र नसक्नेले एउटा हाँगामात्र ।"

च्युरी एक बहुपयोगी वनस्पति । एकअर्काको पर्याय हुन्- चेपाङ र च्युरी ।

भनिन्छ- 'जहाँ चेपाङ बस्ती छ, त्यहाँ च्युरीबोट हुन्छ' । च्युरीको बोटसँग विशेष सांस्कृतिक महत्त्व पनि गाँसिएको हुन्छ; चेपाङ जातिको । चेलीहरूको बिहेमा च्युरीको बोट दाइजो दिनैपर्ने चेपाङ समुदायको पुरानो परम्परा हो ।

कमजोर आर्थिक अवस्थाको कारणले अरू कुरा दिन नसकेर चिउरीको बोट दिएजस्तो लागे पनि प्रकृतिसित सामीप्यताको कारण प्रकृतिप्रतिको प्रेम हो भन्ठान्छु म उनीहरूको यो संस्कारलाई ।

पिँढीको डिलमा जलेको पेट्रोम्याक्सले उज्यालो छरिरहेको थियो, छ बजे तिलक गिरीको घर पुग्दा । छिनछिनमा दम दिइरहन्थे तिलक । आँगनमा ओच्छ्याइएको सुकुलमा बस्यौँ हामी । हात्तीबाङमा चलेको चिसो सिरेटोले ठिहि-याउँदै थियो, शिरदेखि पाउसम्म । दिउँसो गर्मी भए पनि बेलुका चिसोले भने मुटु नै छुने ।

यो ठाउँमा टुर गराउने सल्लाह मेरै कम्पनीले नै दिएको थियो क्याथलाई । मलाई सकसक लागिरहेको थियो– उनीहरूलाई कस्तो महसुस भइरहेको छ भनेर ।

"कस्तो लाग्यो त आजको पदयात्रा ?" कुरा कोट्याएँ मैले आशिष् सरसित । तातो भात नआउन्जेल समय बिताउने मेलो पनि थियो त्यो ।

"रमाइलो लाग्यो । प्रकृतिका रङहरूमा रङ्गिन पायौँ । यहाँको भूगोल, हावापानी, जनजीवन, रहनसहन संस्कृतिका बारेमा जान्ने मौका पायौँ । विद्यार्थीहरूका लागि त ठूलो कुरा हो । पर्यटकीय सम्भाव्यता बोकेको नयाँ गन्तव्य भएकाले एजुकेशनल टुरको लागि सही ठाउँ सिफारिस गर्नुभयो भन्ने लागेको छ ।" सकारात्मक जवाफ थियो उनको ।

उही धारणा थियो, राजकुमार सरको पनि । उनले भने– "इट क्यान बी अ प्रिमियम प्रोडक्ट ।"

हातमा खैँजडी लिएर आइपुगे पाँच-सात जना बूढापाकाहरू । मैले ती पाका मान्छेसित सोधेँ- "आज भजन गाउने कार्यक्रम छ कि के हो ?"

"हो नि ! पाहुना बनेर आउनुभएको छ । मनोरञ्जन त गराउनै प-यो नि ।" रसिक पारामा उनले भने ।

आँगनमा जम्मा भए गाउँलेहरू । रोदीघर बन्यो तिलकको आँगन । सानो छँदा हाम्रो गाउँघरमा नारायण पूजा र नुवाकोटको जात्रामा खैँजडी भजन खूबै जम्ने गर्थ्यो । रसुवाका भजन गुरु कपिलमणी पौडेलले गाएको भजनको याद आयो :

'हे राम ! हे राम ! भागिरथीमा<br>
ए हेर लौ भागिरथीमा,<br>
सुनको तोला, रामको घोडा भागिरथीमा..................'

मङ्गलाचरण गाएरमात्र खैँजडी भजन गाउने क्रम अघि बढ्छ । भगवान् गणेश, सरस्वतीसहित अन्य देवीदेवताको आराधना गरी भजन सुरु गरिन्छ । भजन भन्न पहिला त रामायण, कृष्ण चरित्र, देवी भागवत र स्वस्थानीको कहानी जान्नुपर्छ ।

सुनेको थिएँ– भजनमा कृष्णचरित्र, रामायण आदिमा ठुआ खेलिन्छ भनेर । एउटाले सुरु गरेको सुन्दरकाण्डको सिलोकलाई नअड्कीकनै पूरा गर्नुपर्छ, अड्किएर अर्को सिलोक भन्न थालेमा उसको हार हुन्छ । अचम्मै छ– भजनमा पनि दोहोरी ! यही हो नेपालको लोक संस्कृतिको वैशिष्ट्य ।

उनीहरूको टोली नेता बीचमा र अरू गोलाकार भई उभिए । टोली नेताले 'नारायण' भन्दै छाडेका पङ्क्तिलाई 'राम.. राम.. राम...' भन्दै टिपेर खैँजडी बजाउँदै नृत्य गर्न थाले खुट्टा मर्काइमर्काई, कम्मर मर्काइमर्काई । साँच्चिकै जम्यो भजन ।

भट्याए–

"आजभन्दा, भोलिभन्दा आठ वर्षको उमेर भयो । ब्रह्माजीका नाति हुनाले व्रतबन्धादि चूडाकर्म सारा कर्म मै गर्दिन्छु भन्ने उहाँको सङ्कल्प भएको हुनाले हरेराम, राम, राम ! व्रतबन्धमा त सबैलाई निम्ता गर्नुपर्छ रे ! आज वामन अवतार भगवान्को व्रतबन्ध गर्ने भनेर उतातिर......!

नारायण ! हरिहरि !

खल्बल ठूलो भो हो.. हो.. हो.. !

खल्बल ठूलो भो !

हरेराम खल्बल ठूलो भो !

हो हो खल्बल ठूलो भो !

सारा शहरमा मुलुकभरमा

खल्बल ठूलो भो हो.. हो.. !

सारा शहरमा मुलुकभरमा खल्बल ठूलो भो !

नारायण ! हरि हरि !"

वामन अवतारको भजन यो । श्रीमद्भागवत महापुराणको अष्टम् स्कन्धको रे । दानवका राजा बलिले भगवान् वामन अवतारलाई तीन पाउ जग्गा दान दिने क्रममा पाताल भासिनु परेको कथासित सम्बन्धित छ यो ।

भोलि बिहान चार बजे नै सुरु गर्नु थियो सिराइचुलीको आरोहण । रमाइलो हुँदाहुँदै नाचगान छाडेर छुट्टियौँ यही आँगनमा भेट्ने गरी ।

**सिराइचुली चुम्दा**

"कम अन टाइम ! अदरवाइज यु विल ह्याभ टु मिस टुमरोज सनराइज ।" हिजो बेलुकाको उर्दी थियो राजकुमार सरको ।

उनकै मुताबिक उपस्थित भइसकेका थिए विद्यार्थीहरू । कतै राजकुमार सरभन्दा ढिला हुन्छु कि भन्ने त्रास थियो ममा । त्यसैले त तीन बजे नै निद्राले छ्याङ्ङै छाडिसकेको थियो मलाई । तै–तै उनीभन्दा एक पाइला छिट्टै पुगेछु । नत्र के ठान्थे होलान् उनले !

अँध्यारो छ, चुक घोप्ट्याएजस्तै । हातहातमा टर्चलाइट छ सबैको ।

अन्धकार चिर्दै टोली लाग्यो सिराइचुलीको उकालोमा । सूर्योदय हेर्ने उत्साहले तान्दै थियो विद्यार्थीहरू । नयाँ भूगोल पढ्ने हुटहुटी उनीहरूको । स्वयम्कै आँखा र सपनाको होडबाजी पनि थियो त्यो ।

स्थानीय पथप्रदर्शक तिलक गिरीले साथ दिएका छन् यतिखेर । नयाँ पाउला हालेर साँघुरो गोरेटोलाई ढपक्कै ढाकेका बुट्यानहरूलाई पन्छाउँदै बाटो देखाइरहेछन् उनी । उनी नहुँदा हुन् त त्यो अँध्यारोमा मलाई हम्मेहम्मे पर्थ्यो त्यो मानव-ताँती सम्हाल्न ।

"फेरिफेरि आउँदा मलाई बेलैमा फोन गर्नुस् है दाजै ! चिन्ता गर्नुपर्दैन, म सबै व्यवस्था मिलाउँछु यहाँको ।" हात्तीबाङमा टुरिजमको घडा सजाएर पाहुनाहरूलाई आतिथ्यको ढोका उघार्ने रहर जागेको छ तिलकमा । सोच राम्रो हो उनको । नत्र तिलक र तिलकजस्तै मान्छेहरू नभए सिराइचुली र निजी क्षेत्रका बीचमा सेतुको काम कसले गरिदिन्छ ? आतिथ्यसित सम्बन्धित व्यवसाय हो; स्थानीय सरोकारवालाहरू सक्रिय नभए निजी क्षेत्रको प्रयास व्यर्थ हुन्छ । 'पर्यटनका लागि सँगसँगै' भनेको यही हो ।

करिब डेढ घन्टाको आरोहणपछि पाइलाहरूले चुम्यो सिराइचुली ।

चितवन जिल्लाको सबैभन्दा अग्लो भूमि हो- सिराइचुली । गतसाल मात्रै टीआरपीएपीले निजी क्षेत्रलाई ल्याएर यसको कौमार्य तोडाएको । अब निजी क्षेत्र र सिराइचुलीको प्रेम टुट्नुहुँदैन । त्यसो त सिराइचुलीसित क्याथको भेटको तारतम्य पनि निजी क्षेत्रकै प्रयासमै भएको हो । सम्भवतः यो दोस्रो ठूलो भीड थियो सिराइचुली पदार्पण गर्ने ।

"आहा, क्या मज्जा ठाउँ है !" आनन्दानुभूति गर्दै विद्यार्थीहरू ।

"सूर्योदय हुन अझै पन्ध्र मिनेट बाँकी रहेछ ।" घडी हेर्दै आशिष् सर ।

"वी डिड इट अन टाइम ।" प्रसन्न हुँदै थिए राजकुमार सर ।

"समय बित्न बेरै लाग्दैन, छिट्टै अतीत बन्दै छ हाम्रो यात्रा ।" भावनामा डुब्दै थिएँ म ।

सिराइचुलीमाथिको विजयमा खुसी साटासाट गरे विद्यार्थीहरूले । यात्राको उत्कर्ष थियो त्यो क्षण । सखारै यति धेरै खुसी हुन पाउने अवसर जीवनमा बिरलै मिल्छ मान्छेलाई । बिहानी डाक्न थाले उनीहरूले । बिस्तारै पूर्व क्षितिजमा रक्तिम सिर्का फिँजिन थाल्यो । घामका किरणहरूले बिस्तारै उजेलिन थाल्यो धर्ती । हेर्दाहेर्दै घामले मुहार देखायो । छताछुल्ल भयो घामको लाली; पूर्वको गौरीशङ्करदेखि पश्चिमका हिम-शृङखलाहरूसम्मै । हिजो देखिएका हिमालहरूले रूप फेरे । झलमल्ल भयो सारा धर्ती । सिराइचुलीमा लुटपुटियो घामको नवीन किरण; हामी सिराइचुलीमा लुटपुटियौँ र लुटपुटिइरह्यौँ निकैबेरसम्म ।

आफैँमा भव्य छ सिराइचुली । यहाँबाट देखिने भूगोलहरू झनै भव्य ।

मौसमले साथ दिएको त्यो पल देखिए- रक्तिम हिमाल, हरिया वस्त्र लपेटेका पहाड र तराईका विशाल फाँटहरू । घामको पहिलो किरणसँगै लजाउन थाले लालीगुराँस, मधुर आवाजमा चिरबिराउन थाले चराहरू गुँडबाट निस्केर ।

घामको रङ,आकाशको रङ, धर्तीको रङ, हिमालको हिउँको रङ, वसन्तमा फुलिरहेका फूलहरूको रङ र अरू अनगिन्ती रङहरू । प्राकृतिक सौन्दर्यको अतुलनीय मिश्रण । प्रकृतिको कोलाजभित्र थियौँ हामी । बिछट्टै खुसीको पल थियो त्यो ।

सुनेको थिएँ- 'नमरी स्वर्ग देखिन्न' भनेर । भ्रममात्र हो कि भन्ने लाग्यो यो कथन । आफैँलाई सोधेँ- मैले देखिरहेको चाहिँ साँच्चै के हो त ? सोचमग्न भएँ म । यस्तो लाग्यो- केवल श्रुतानुश्रुत मात्र हो स्वर्ग; मैले जे देखिरहेको छु यही हो यथार्थ ।

■■

कविता



**प्रकाश आचार्य**

# कालाम्मे बिहानी

घामको पाङ्ग्रो गुड्दै आयो आकाशमा
पोलिँदो राप छ बेजोडको
रातो, पहेँलो तेज अनायास
परिवर्तन भै कालाम्मे बिहानीमा
क्षितिजको कलिलोपना अलप भई
हठात निस्पट्ट अन्धकार ।

देखिए सेता परेवा कौवाजस्ता
बासेको छैन डाँफे
छुट्टिन्न सिम्रिक हो या मोसो
सेता हिमाल केवल काला पहाडझैँ
गोठमा गाईको पुच्छरले
प्याटप्याट लामखुट्टे धपाएको आवाज
गुराँसका थुँगामा गौण भो सुवास
लाटोकोसेरो र चमेराहरूको फटफटाहट
बस्ती रात्रिको भ्रमभै निद्रामा मस्त
तर, कल्साउँदो रातमा रमाउने दङ्ग्याहाहरू
निर्लज्ज नाच्दा छन्, दर्गुदा छन्
कुदिनका कल्पनाकारहरू कर्तुतमा लीन छन् ।

सुषुप्त सुवीर हो !
नबस सिवाय कालो बिहानी अन्तको कामनामा
सुनौला बिहानीको प्रतीक्षामा
जाग कर्मवीर हो !
फेरि कहिल्यै ननिदाउने गरी जाग !!

■■

माधव घिमिरे 'अटल'

# रामकोटको रौनक र तनहुँको तन्मयता



भोलिपल्ट सखारै ब्युँझेर दैलो-कसेर गरिसकेका थिए रामकोटवासीले । अरू दिनभन्दा छिट्टै आफ्ना सबै नित्यकर्म पूरा गरेर सामूहिक काममा उपस्थिति देखाइसकेका थिए उनीहरूले त्यो बिहान । गाउँका युवाहरू विदेशिएका छन् । जनशक्तिको अभाव छ रामकोटमा । तैपनि आयोजना फितलो नहोस् भनेर सावधान रहेकी बिहीसराजस्तै सक्रिय देखिन्थे- आइतमाया, सोमसरी, मङ्गली, बुधी, शुकमाया र शनिसराहरू । एकाग्र भएर आआफ्ना जिम्मेवारी पूरा गर्दै थिए उनीहरू । हेर्नलायक थियो, आफ्नै वेशभूषामा सजिएका उनीहरूको फन्याकफुरुक । पर्यटनको उज्यालोको आशाका किरणले उजेलिएका थिए; उनीहरूको मुहार । आशुतोषको दौडधुपको वावजुद निर्धारित समयमा कवितागोष्ठी सुरु हुन सकिरहेको थिएन ।

कार्यक्रम सकेर खाना खानेबित्तिकै दुई घन्टाको पैदलयात्रा गर्नु छ । बन्दीपुर पुग्नुपर्छ, काठमाडौँ फर्कने बस भेट्न । नौबीसेदेखि कलङ्कीसम्मको ट्राफिक जाम सम्झँदै पट्यार लाग्छ । घर पुग्दा कति बज्ने हो ! चिन्ताको खण्डग्रास परिसकेको थियो मनमा । कार्यक्रम छिटो सुरु भइदिए हुन्थ्यो भन्ने कामना गरिरहेको थिएँ म ।

पश्चिमका हिमशिखरहरूमा पोतिन थाले सौर्य रश्मि, शनैःशनै । यता डङ्कने डाँडाको शिरमा पनि रक्तिम आभा चुलियो । डङ्कनेले सूर्योदयको दृश्यलाई छेके पनि प्रत्येकको हृदयमा सञ्चार हुँदै थियो उज्यालो । कल्पना गर्दै थिएँ- सहज गोरेटो बाटो भएको भए मिर्मिरेमै डङ्कने डाँडो चढेर डङ्कनेमाथि नपुग्दैको सुन्दर घाम गोचर गर्दा कति मज्जा हुन्थ्यो होला ! अझ त्यहीँबाट प्याराग्लाइडिङ गर्न पाए !

होमस्टेको आँगनमा उभिएर दृश्यहरू हेर्दै गर्दा देशप्रेम र गौरव छचल्किन थाल्यो मभित्र । हठात् चलमलाउन थाले मेरा ओठ- 'नेपाल आमा, मेरो प्यारो धर्ती र यो आकर्षक पर्यटकीय गन्तव्य !' लाग्थ्यो, भर्खरमात्र पर्यटन व्यवसायको

अवधारणा बसेको रामकोटवासीमा खुसी फुलिरहेको छ । हतपत क्यामेरामा निक्षेप गरेँ खुसी फक्रिएको त्यो भूगोलको चमकलाई । र, त्यसैत्यसै रोमाञ्चित भएँ म ।

## पर्यटनका लागि साहित्य

'पर्यटनका लागि साहित्य' नारासहितको 'रामकोट-बन्दीपुर साहित्ययात्रा २०७५' लिखित ब्यानरसहितको बस तयारी अवस्थामा थियो, सोह्रखुट्टेमा । आमन्त्रितहरू आइपुगिसक्दा पनि आयोजक संस्थाका कतिपय साथीहरू आइपुगिसकेका थिएनन् । पूर्व निर्धारित कार्यक्रमअनुसार दुई घन्टा विलम्ब भइसकेको थियो । कार्यक्रम संयोजक राजेन्द्रमान डङ्गोल भन्दै थिए- "कसलाई के पो भन्नु र ! समयको महत्त्व नबुझ्नु त हाम्रा साथीहरूको मौलिकता नै हो !"

आयोजक भएर पनि ढिलासुस्ती गरेको देख्दा उनी भित्रभित्रै मुर्मुरिरहेको प्रतीत हुन्थ्यो । आमन्त्रित कवि, साहित्यकार एवम् पत्रकारको टोली प्रस्थान गर्दा बिहान ८:०० बजिसकेको थियो ।

'पर्यटनका लागि साहित्य ।' आहा, कति राम्रो नारा त्रिशूली वाङ्मय प्रतिष्ठानको ! पर्यटन र साहित्यलाई एउटै सिक्काको दुई पाटा बनाउने एउटा राम्रो काइदा । एकातिर नेपाली साहित्य भण्डार भरिने र अर्कोतिर नेपालको पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने । समग्रमा दुवै क्षेत्रको उत्तिकै प्रवर्द्धन पनि हुने । पर्यटनका लागि सँगसँगै भनेकै यही त हो । प्राकृतिक सौन्दर्यमा डुबुल्की मार्दा स्रष्टाहरूमा कलात्मक अभिव्यक्तिको स्फुरण भइदिन्छ र त्यसको प्रभाव समाजमा पर्न जान्छ । कृत्रिमताबाट वाक्क भएका जो-कोहीलाई पनि कुनै नयाँ ठाउँमा पुग्ने र त्यो ठाउँको वातावरणलाई रसास्वादन गर्ने इच्छा हुने भएकोले कुनै ठाउँ विशेषको वास्तविकतालाई बाहिर ल्याउँदा सर्वसाधारणमा पनि त्यो ठाउँप्रति चासो बढ्न सक्छ । स्रष्टाको सिर्जनामा बयान गरिएका प्राकृतिक छटाहरू हेर्न उक्त ठाउँसम्म पुग्न सक्छन् । यसर्थ स्थलगत साहित्य-लेखनबाट त्यहाँको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक क्षेत्रका बारेमा साहित्यकारहरूले चलाएको कलमले गन्तव्य पहिचान गर्न निश्चय नै महत्त्वपूर्ण भूमिका खेल्छ । विभिन्न विधाका एक बस सर्जकहरूको रामकोट साहित्य यात्राको उपादेयता यही थियो ।

## आशुतोषको आतिथ्य

त्रिशूली वाङ्मय प्रतिष्ठानको यो कार्यक्रमलाई साथ दिएको थियो, रामकोट सामुदायिक होमस्टेले । प्रायोजक थिए, बन्दीपुर गाउँपालिका र नेपाल पर्यटन बोर्ड । मुख्य पहलकर्ता भने त्रिशूली वाङ्मयका तत्कालीन महासचिव राजेन्द्रमान डङ्गोल । रामकोटलाई पर्यटकीय गन्तव्यको हैसियत दिने सार्थक प्रयास थियो, यो यात्रा ।

काठमाडौँ र बन्दीपुरको सीधा दूरी ५६ कि. मि मात्र भए पनि सडकको लम्बाइ भने १२२ कि.मि. को छ। नेपालका राजमार्ग यसै पनि व्यस्त हुने, त्यसमाथि पनि ठाउँठाउँमा रोकिएर प्रकृतिसित साक्षात्कार गर्दै जाँदा बन्दीपुर पुग्न साढे चार घन्टा लागेछ ।

सहभागीहरूलाई स्वागत गर्न बस-स्टेशनमै मौजुद थिए, आशुतोष प्रधान। उनी एउटा उम्दा होटल व्यवसायी । बन्दीपुर अर्ग्यानिक होमका सञ्चालक । कार्यक्रमका लागि त्रिशूली वाङ्मय प्रतिष्ठान र रामकोटका संयोजक पनि । मीठो बोलीवचन । कसैको आँखामा नबिझाउने । आतिथ्य सत्कार उनको व्यवसाय । बन्दीपुरको लन्च उनकै सौजन्य थियो । सहभागीहरूलाई आशुतोषसित परिचय गराउँदै राजेन्द्रमानले भने- "उनीविना यो साहित्यिक यात्रा असम्भवप्राय: थियो ।"

खानापछि उनैले बन्दीपुरको अवलोकन गराइदिए ।

दुई सय चालीस वर्ष पुरानो बजार । घरका बनावट हेर्दा भक्तपुरझैँ लाग्ने । आशुतोषले जानकारी गराए- "पृथ्वीनारायण शाहले भक्तपुर जितेपछि त्यहाँका केही नेवारहरू भागेर यहाँ आएका थिए रे । उनीहरूले नै बसालेको बस्ती हो यो ।"

हरेक घर-घर जोड्ने ऐतिहासिक पेटीलाई जस्ताको तस्तै राखिएको छ । बजारबाहिर आधुनिक भवन बनाउन थालिएको भए पनि पुरानो बजारभित्रका घरहरूलाई पुरानै शैलीमा राखिएको छ ।

## रामकोटसम्मको पैदलयात्रा

हात्तीको आकृतिझैँ देखिने पहाडको काखमा रहेको सुन्दर, सफा र शान्त बन्दीपुरको भ्रमणपश्चात् सुरु भयो रामकोटसम्मको पदयात्रा । असिऔँ वसन्तमा प्रवेश गर्न लागिसकेका प्रमुख अतिथि तुलसी दिवस भने बन्दीपुर नगरपालिकाको गाडीमा सवार भए ।

आशुतोषले भने, "उ: त्यो थुम्कासम्म मात्र हो उकालो, बाँकी बाटो सजिलो छ, तेर्सो र तर्पायँ ओरालोमात्र हो रामकोटसम्मै । साढे दुई घन्टाजति लाग्ला ।"

बन्दीपुर छाडेर उमङ्का पाइला उठायौँ । रामकोट पुग्ने उत्कण्ठाले तानिरहेको थियो हामीलाई । आशुतोषकै पाइला पछ्याइरहेका थियौँ । थुम्कामा पुगेपछि फर्केर हेरियो बन्दीपुरको सेरोफेरो र हिमाली सौन्दर्य । सबैको ध्यान खिचियो प्राकृतिक सौन्दर्य-सिर्काहरूमा । पश्चिमतर्फ अन्नपूर्ण र मनास्लु लगायतका हिमालहरूको दृश्य । उत्तेजित बन्दै सागर भेट्न उर्लिएकी कर्मदा । लम्पसार परेको लिगलिगे थुम्को । तल कछारमा डुम्रे बजार । त्योभन्दा माथि हरियो रङले लपेटिएका पहाडका तरेली । त्योभन्दा पनि माथि मानव बस्ती च्यापेर बसेको बन्दीपुर र हामी थियौँ, बन्दीपुरको उचाइभन्दा अझै माथि ।

थुम्काबाट अगाडि बढेपछि जनजिब्रोमा झुन्डिरहने एउटा लोकगीत, गुन्गुनाउन थालेँ म -

"तल पऱ्यो डुम्रे बजार, माथि पऱ्यो बन्दीपुर

के छ नानी तिम्रो त नि सुर ......................."

यो जनजिब्रोको गीत हो । समाजले गाएको हुन्छ र यसलाई बचाउने जिम्मा पनि समाजकै हुन्छ । यसको कलेवरमा नेपाली जीवन छर्लङ्गिने ऐना छ । गीत गाएर मैले गीतलाई नै बचाउने प्रयत्न गर्दै थिएँ । तरुण वयमा आँखाको तीरले हानेर मुस्कानले ब्युँताउने उही खेल खेल्दाको याद पो आयो मलाई, यो गीतको मूर्च्छनाले । आहा, कति मीठो विगत थियो त्यो ! पाल्यावनमा घाँस–दाउरा गर्दा उनैले भारी पुऱ्याइदिन्थी मलाई । कुवापानी र हीराखानी फाँटमा सँगै गाईबाख्रा चराउँथ्यौँ हामी । मेलापातमा होस् वा स्कूल जाँदा; सँगै हुन्थ्यौँ । मोरी, कहिलेकाहीँ त बिछट्टै रिसाउँथी । पूर्णेको जूनजस्तै थियो, उसको मुहार । कति सुन्दर थियो उसले पार्ने नखरा पनि । सुरिलो आवाजमा मायालु राग अलाप्थी कहिलेकाहीँ । बतासको गीतजस्तो थियो, उसको सुसेली । झरनाजस्तै बग्थी ऊ सलल । लाजले लत्रने उसका परेलीको त के कुरा भो'र !

अल्लारे पिरती लाउँदाको विगतमा निकै बेर डुब्न पुगेछु । सपनाजस्तै लाग्यो । मज्जा आउँछ, विगतमा डुब्दा पनि । कहिलेकाहीँ त लाग्छ– फेरि त्यही विगतबाट जीवन सुरु गर्न पाए के गर्थें होला !

फर्केर हेरेँ । सहयात्रीहरू निकै पछाडि परिसकेका थिए । मेरो पाइला पछ्याइरहेका थिए राजेन्द्रमानले । प्रायः गन्थन गरिरहनुपर्ने उनको बोल्ती बन्द भइरहेको थियो । लाग्यो, सायद उनी पनि मेरैजस्तो विगतमा पौडँदै थिए होलान् । 'कुन दुनियाँमा हुनुहुन्छ ?' भनेर सोधूँ कि जस्तो पनि लागेको थियो । तर, उनको एकाग्रता तोड्न चाहिनँ ।

बरु उनी नै बोले– "बन्दीपुरे उकाली लामो, मर्स्याङ्दी डुङ्गाले तरेर...... ।

तारादेवीले गाएको यो गीत कसले लेखेको थाहा छ ?"

"मवीवि शाहले ।" मैले भनेँ ।

इतिहास भन्छ– धेरै अघि डुम्रेबाट बन्दीपुर पैदल आउँदा लेखेका थिए उनले यो गीत ।

फेरि बोल्ती बन्द भयो राजेन्द्रमानको । सायद उनी ओठ नखोली गाउँदै थिए ती हरफहरू । तारादेवीको सुमधुर स्वरलहरीले फेरि निकैबेर पछ्याइरह्यो मलाई ।

सामान्य उकालोपछिको बाटो सबै सजिलो । कति सजिलो पदयात्रा ! यात्राको आनन्द लिइरहेका थियौँ हामी । हुन त यात्रा सदासर्वदा आनन्ददायक नै हुनुपर्छ भन्ने छैन, न त सोचेजस्तो र खोजेजस्तो नै । यात्रामा यदाकदा पीडाका पयरहरू घिसार्नुपर्छ, कहिलेकाहीँ छियाछिया हुनसक्छ हृदयका कुनाकाप्चा । किन्तु यात्राले हाम्रो मानसपटलमा परिवर्तन गर्छ, गर्नुपर्छ । यात्राले मगजमा अमिट छाप त छोड्छ, छोड्छ नै, यसले नसानसामा गहिरो प्रभाव पनि छोड्छ । अत्यन्तै अमूल्य प्राप्ति हुन्छ, हरयात्रामा । एउटा अविस्मरणीय संयोगबाहेक केही थिएन, आफ्नो सिर्जना सुनाउन र रामकोटको रामकहानी सुन्न लालायित स्रष्टाहरूको जम्बो टोलीको ।

सबैसबै आआफ्नै तालगाँठीमा थियौँ हामी, त्यो साढे दुई घन्टाको पदयात्राभर । आफ्नै किसिमले आनन्द लिइरहेका थियौँ । भूगोलको माटो छाम्ने तृष्णा मेट्दै थिए भैरवी ढुङ्गाना र कृष्णकिसु न्यौपाने । मीठो मुस्कान छर्दै थिए, हिमशैल हेरिरहेका नियात्राकार युवराज नयाँघरे । नियात्रा गर्भाधान गरिरहेको प्रतीत हुन्थ्यो उनलाई नियाल्दा । थकित शरीर घिसारिरहेझैँ लाग्थे पत्रकार अश्विनी कोइराला । क्यानभासमा रामकोट उतार्न आतुर देखिन्थे, कलाकार देवेन्द्र थुम्केली, डा. रामकुमार भौकाजी र केशवराज खनाल । प्रकृतिमाझ पनि स्वास्थ्य चिन्तामा डुबुल्की मारि नै रहे श्रीहरि फुयाँलले । जहाँ गए पनि सन्तानको स्याहारसुसारमा लाग्नै पर्ने बिचरी लक्ष्मी रुम्बाको चाहिँ आफ्नै बाध्यता ।

“छ नि................!” थेगोसँगै खूब गफिए, श्यामराज पाठक । अनेक वार्तालापमा तल्लिन भइरहे कृष्णदेव रिमाल । उटपट्याङ गफमा व्यस्त थिए, राम लोहनी । कविताको कैरन ओकल्न उत्प्रेरित देखिन्थे कवि आरएम् डङ्गोल । युवा जोशका साथ काव्यकर्ममा होमिएका प्रज्वल अधिकारी हुन् वा शिव आर्य । रङ्गकर्मी पुरु लम्साल हुन् वा सदासर्वदा शालीन लाग्ने प्रभाती किरण । निर्धक्क रचना वाचन गर्ने निर्भीक रायमाझी हुन् वा उतिसारो घुलमिल नभइसकेका गीता रेग्मी र सरू पोखरेल; ‘सन्तान थरीथरीका’ भनेझैँ लाग्थे ।

अर्कोतिर व्यवस्थापनमै व्यस्त थिए टोलीनेता राजेन्द्रमान । लिएको जिम्मेवारी सही ढङ्गले पूरा गर्नैपर्छ उनलाई । कतै यात्रा अविस्मरणीय नहोला कि भन्नेमा चिन्तित थिए उनी ।

हरियो पहाडको छहारीमा एक छिन सुस्ताएर पाइला उठाउँदा मसँगै थिए, क्यामराम्यान आदर्श महत । ओरालो लाग्दै गर्दा रामकोटतिरबाटै फर्किरहेका एक पुरुष र चार महिला फ्रान्सेली पर्यटकहरूसित जम्काभेट भयो ।

बोली मिसाउने मेलोस्वरूप हामीले अभिवादन गर्‍यौँ उनीहरूलाई ।

सबैभन्दा अगाडिकी केटीलाई सोधेँ, “हाउ इज रामकोट ?”

"अम्याजिङ ! वी वान्टेड टु स्टे देयर बट् दियर इज नो होटल ।" उनले भनिन् ।

एकै छिन संवाद गर्‍यौँ हामीले । अन्नपूर्ण बेसक्याम्प पदयात्रा सकेर काठमाडौँ फर्कने क्रममा त्यहाँ पुगेका रहेछन् उनीहरू । दुई हप्ताका लागि आएका उनीहरूको विदा तीन दिनमात्र बाँकी रहेछ । भन्दै थिए- "वी इन्जोइड ट्रेकिङ इन नेपाल ।"

मेरा लागि एउटा संयोग थियो त्यो । विदेशीसित भेटघाट र कुराकानी गर्ने अवसर हम्मेसी जुट्दैन मलाई । सँगै बसेर ग्रुप फोटो पनि लियौँ हामीले ।

छुट्नुअघि फोटो खिचेपछि एउटीले आफ्नै भाषामा भनी- "मेक्सी !" अर्थात् धन्यवाद ! ऊ अङ्ग्रेजी नजान्ने रहिछे ।

अर्कीले भनी, "राभी द भु रऋँथे ।" यसको अर्थ रहेछ- तपाईँहरूलाई भेटेर खुसी लाग्यो ।

फेरि अर्कीले भनी, "आ बियाँतो !" अर्थात् फेरि भेटौला !

अङ्ग्रेजी नबोल्ने भएर होला । केटाबाट कुनै प्रतिक्रिया आएन ।

कति शालीन र भद्र ! मेरो निष्कर्ष थियो- विदेशीहरू राम्रा हुन्छन् । फ्रान्सेलीहरूको चम्किलो मुहार अन्नपूर्ण र मनास्लुझैँ टल्किरहे आँखामा । हिमालको दर्पणमा त्यही तस्बिर देखियो धेरैबेरसम्म । उनीहरूले फ्याँकेको मुस्कान आइरह्यो झझल्को बनेर । सम्झनाका तरेलीसँग जिस्किँदै-जिस्किँदै रामकोट पुगेको पत्तै भएन । घाम पनि अस्ताचलको नजिक पुगिसकेको थियो त्यतिबेला ।

८८ वटा घरधुरी भएको सानो गाउँ । डङ्कने डाँडो काखमा अवस्थित मगर जातिमात्रको बस्ती । साना र चिटिक्क परेका परम्परागत घरहरू । ढुङ्गाको छानो र प्रत्येक घरमा बार्दली निकालिएको । कोही घरको संरचना गोल परेको । आँगनको डिलमा खाँबा गाडेर बनाएको मकैको कलात्मक कुन्यू र छानाभरि लडिरहेका फर्सी र कुभिण्डाले निकै शोभा दिइरहेका थिए । निकै सुन्दर देखिन्थ्यो रामकोट । मेरो ठम्याइ थियो- कास्की जिल्लाको घान्द्रुकलाई गुरुङ बस्तीका रूपमा चिनिएझैँ तनहुँको रामकोटलाई मगर बस्तीका रूपमा र रामकोटलाई 'मगर सम्पदा गाउँ'को रूपमा चिनाउन सकिन्छ ।

हाम्रो स्वागतार्थ बनाइएको थियो स्वागतद्वार; र लेखिएको थियो- 'साहित्यकारहरूलाई रामकोटमा स्वागत छ ।' स्वागतद्वारमै उभिएका थिए स्थानीयहरू, लामबद्ध भएर । त्यसपछि हामीलाई गाउँको बीचको घरमा लगियो । सुकुल र गुन्द्री ओछ्याइएको थियो आँगनमा । सेलरोटी दही, मही र फलफूलले सत्कार गरे उनीहरूले । रामकोटवासीमा भर्खरैमात्र होमस्टेको अवधारणा विकास भएको र हालको अवस्थामा लगभग १०-१५ घरमा मात्र होमस्टेको सुविधा रहेछ ।

हाम्रा लागि आशुतोषले जसोतसो सुत्ने ठाउँको प्रबन्ध मिलाए । गाउँभरि छरियौँ हामी ३२ जना सहयात्रीहरू ।

त्यहाँको होमस्टे सञ्चालनका लागि पूर्वाधारको स्तरोन्नति गर्न बढीभन्दा बढी रामकोटवासीलाई होमस्टे व्यवसायमा लाग्न प्रेरित गर्नुका साथै होमस्टे व्यवस्थापन र पाकशिक्षासम्बन्धी आधारभूत तालिमको दिनुपर्ने देखेँ मैले ।

रामकोटको बस्तीबाट देखिने सूर्यास्तसहितको सुन्दर हिमशृङ्खलाहरूको दृश्यावलोकन गर्‍यौँ हामीले । गाउँको अवलोकनमा हामीलाई साथ दिइरहेका थिए, पर्यटन समाजका अध्यक्ष गुप्त भण्डारीले । यही मेलोमा उनले भने, “रामकोटबाट चितवनसम्म र रामकोटबाटै कास्कीको वेगनास तालसम्मको वैकल्पिक पदमार्ग सम्भव भएकाले ती ठाउँहरूमा पुग्नका लागि रामकोट मूल ढोका हो ।”

## जब सन्ध्या हुन्छ

अँध्यारोले उज्यालो निलेपछि चल्यो सुनसान साँझको साम्राज्य । प्रारम्भ भयो मारुनी, चुड्का र कौरा अर्थात् कानराहा (महिला वा पुरुषले निमन्त्रणा गर्नु), डङ्कने डाँडाको सियाँलमा । युवावयका आधा दर्जन गायक र नर्तकी पाहुनाको मनोरञ्जनका निम्ति तातिए, भलै हिमशैलले चिस्याइरहेको ठिहिरोले आफ्नो शीतको आवेग देखाइसकेका थिए । रातको रोमाञ्चक आनन्दमा हरायौँ हामी ।

शीतले कसैलाई कठ्याएन, जाडोले कसैलाई अत्याएन किनकि सारा साहित्यकारहरू आनन्द लिइरहेका थिए, जसरी हर्षविभोर भएर पोखिएकी थिइन् चाँदनी, दूरक्षितिजको पारिपट्टि । कसैको जादुमा लट्ठिएझैँ प्रतीत हुन्थ्यो तमाम सर्जकवर्ग ।

घडीको सुईले अर्को दिनको सङ्केत गर्दासम्म कसैका आँखाले सुस्ताउन खोजेनन् । रात जागेको बेला जाग्राम थियो स्रष्टाको डफ्फा । शनैःशनैः आँखाले विश्राम लिन खोजे । क्रमशः स्रोताको भीड लाखापाखा हुन थाल्यो, अर्को बिहानीको प्रमुख कार्यक्रममा सहभागिता जनाउनुपर्ने हुनाले । अपेक्षा थियो, रातपछिको सुन्दर बिहान र त्यो बिहानले हुर्काउने कर्मशील दिनको ।

## तनहुँको परिचय

त्यसो त हरेक स्थानका नाम अनेक घटना, परिघटना वा विशिष्टतामा राखिएका हुन्छन् । तनहुँ पनि यसको अपवाद हुने कुरै भएन । यो जिल्लाको त्यसबेलाको राजधानी तनहुँसुरमा चिउँडो सानो भएका (तनुहनु ) ऋृषिले तपस्या गरेकाले उनकै नाम समयको अन्तरालमा अपभ्रंश भई तनहुँ रहन गएको हो भन्ने तर्क जति मननीय लाग्छ, उति नै विश्वसनीय लाग्छ, उस्तैखाले अर्को तर्क । इतिहाससम्मत उक्त तर्कको दावीअनुसार तत्कालीन पाल्पाली चर्चित राजा

मुकुन्दसेनले आफ्ना छोराहरूलाई राज्य अंशबन्डा गर्ने सिलसिलामा साहिँला छोरा भृङ्गी सेनलाई तनहुँको भूगोल भागमा परेको र सन् १९५७ देखि उनले तनहुँसुरलाई राजधानीमा बनाई राज्य गरेका थिए । तनहुँसुर वरपरका डाँडाका तीन चुलीहरू, जसलाई राज्यको सुरक्षा व्यवस्था हेर्नका निम्ति प्रयोग गरिएको थियो; लाई आधार बनाएर संस्कृत भाषामा 'त्रितुङ' अर्थात् तीन वटा पहाड भनियो । कालान्तरमा यसलाई तनुङ भन्दाभन्दै तनहुँ रहन गयो । अझ कतिपय विद्वान्को मतमा त हालको तनहुँको भूगोलभित्र तमोर र तामिन नामक दुई वटा लोकप्रिय गाउँहरू रहेका र तिनै नाम कालान्तरमा अपभ्रंश भई यो जिल्लाको नामकरण तनहुँ भएको हो ।

### अमूल्य ऐतिहासिकता

प्रसिद्ध महाभारत काव्यका लेखक वेदव्यासको जन्मभूमि तथा तपोभूमि मानिने तनहुँ ऐतिहासिक, धार्मिक, प्राकृतिक र पुरातात्त्विक हिसाबले एउटा महत्त्वपूर्ण क्षेत्र हो । शृङ्गी, भृगु, च्यवन, परशुराम, सुकन्याजस्ता ऋषिमुनिको तपोभूमि रहेको यो क्षेत्र स्वाभाविक रूपमा लोकप्रिय हुने नै भयो । यो त धार्मिक र पुरातात्त्विक कुरा भयो । भौगोलिक रूपमा समेत तनहुँको प्रसिद्धिलाई कम आँक्न सकिन्न । २,३२५ मिटर उचाइको छिम्केश्वरी डाँडोलाई शिर बनाएको तनहुँमा कोटथाम, राईपुरकोट, मिर्लुङ्कोट, चोक, तनहुँसुर, बन्दीपुरजस्ता चुलीहरू छन् भने खैरेनीटार, सेराटार, केशवटार, हिलेटार, भन्सारटार, पतेनीटारजस्ता फराकिला टारहरू अवस्थित छन् । त्यसरी नै व्यास गुफा, सिद्ध गुफा, पराशर गुफा, सती गुफा, अनन्त गुफा, शीत्तल गुफा र मिलेनियम गुफा रहेको तनहुँले आन्तरिक र बाह्य पर्यटक भित्र्याउने पर्याप्त सम्भावना बोकेको छ ।

कविता



**राधा कार्की**

## जीवन गीत

ए कदिन
जब्बरे आफैँ आगो भयो
दाउराको खालमा चढाएर
सैलुङ्की मोनालिसालाई

ह्वारह्वारती बलेका लप्काहरूबाट
निक्लेको चीत्कारले
आकाश कुइरीमण्डलमा परिणत भयो
दावानल भयो उसको धर्ती
र, सँगसँगै रोयो
ऊ पनि
आफ्नै सौन्दर्य संशाधनको
वान्किलो आकृतिभित्र

मेलोडियस
जीवनको नादलाई
कण्टकमय
आलापसित
अनित्यमा नित्य तुल्याएर ।

## बन्दीपुरको वृत्तान्त

पहाडकी रानीको विशिष्ट परिचय बनाएको बन्दीपुर एउटा यस्तो रमणीय टाकुरो हो; जहाँ नपुग्नेले जिन्दगीमा कुनै कीमति सम्पत्ति गुमाएको महसुस गर्छ । १,०३० मिटर उचाइमा अवस्थित बन्दीपुर तनहुँको सदरमुकाम पनि थियो, २०२५ सालमा दमौलीमा सर्नुअघि । यहाँबाट अन्नपूर्ण, धौलागिरि, मनास्लु, गणेश हिमशृङ्खला, लाङटाङ र गौरीशङ्कर लगायतका हिमशैलहरू दृश्यावलोकनमात्र होइन, कर्मदाका किनारमा लमतन्न फैलिएका फाँटहरूसँग मितेरी गाँस्न पनि सकिन्छ । बुरुञ्चे डाँडाबाट प्याराग्लाइडिङ गरेर साहसिक पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ । नेवारी कला, संस्कृति र जीवनशैलीको मिनी सङ्ग्रहालय मानिने बन्दीपुरमा खड्गदेवी, विन्ध्यवासिनी, थानीदेवी, महालक्ष्मी, नारायण, महादेव र मुकुन्देश्वरीजस्ता प्रस्तरमै मुस्कुराएर युगौँयुग बसेका मठ-मन्दिरहरूलाई साष्टाङ्ग दण्डवत गर्न सकिन्छ । ६४ भन्दा बेसी जनजातिको घर, १० भन्दा बढी धर्म-संस्कृतिको आलय, ३० भन्दा धेरै भाषा-भाषिका प्रयोगकर्ताको मोहक थातथलोको नाडी छाम्न सकिन्छ । झन्डै २७५ मगरहरूको बसोबास रहेको तनहुँका झन्डै बराबरीको सङ्ख्यामा रहेका ब्राह्मण, क्षेत्री र गुरुङहरूसँग घाँटु, मारुनी र झ्याउरेमा रम्न सकिन्छ ।

## पौराणिक कथन

व्यास ऋषिको जन्म दमौलीदेखि ९ कि.मि. पूर्वतिर अवस्थित छाब्दी बराहको मन्दिरदेखि ५० मिटर पर माता सत्यवतीबाट पराशर ॠषिको जन्म भएको भन्ने पौराणिक भनाइ छ । उनको स्वरूप माछाको जस्तो थियो । आज पनि छाब्दी बराह अवस्थित कुण्ड (मच्छेकुण्ड) मा रहेका माछालाई पूजाआजा गर्ने प्रचलन छ भने दमौलीमा पराशर गुफा तथा व्यास गुफा रहेका छन् । उनलाई भगवान् विष्णुका २४ अवतारहरूमध्ये एक मान्ने गर्छन्, पौराणिक भनाइमा विश्वास गर्नेहरू । यसैबीच व्यासको जन्मबारे एउटा रोचक किस्सा पनि व्यापक प्रचलनमा छ । प्राचीन समयमा सत्यवती मात्र ७ वर्षकी हुँदा घुम्दै-फिर्दै दमौलीमा माझीहरूले नाउ चलाउने क्षेत्रतिर पुगिछन् । आश्चर्यचकित भएका माझीले ती मायालाग्दी सानी बालिकालाई आफ्नै घरमा लगी पालेछन् । एक दिन घरबाट बाहिर निस्कँदा उनको भेट हठात् पराशर ॠषिसँग भएछ । भेटपछि ती कल्कलाउँदी पराशर ॠषिले ऋतुदान लेऊ भनेछन् । तब सत्यवतीले जवाफ दिइछन्- "हजुर यत्रो जवान मान्छेसँग कसरी ऋतुदान लिऊँ ?"

जवाफमा पराशरले भनेछन्- "म तिमीलाई पनि मजस्तै जवान बनाइदिन्छु ।" र, पुनः पराशरले ऋतुदानकै प्रस्ताव गरेछन् ।

त्यसपछि सत्यवतीले "यस्तो घमाइलो र उज्यालो समयमा कसरी सम्भव होला र ?" भनी सोधिछन् । तत्काल पराशर ऋषिले बाक्लो कुहिरो उत्पन्न गराएछन् । त्यसपछि यी दुईबीचको सम्बन्धबाट व्यासको जन्म भएछ ।

## बहुआयामिक नेतृत्व

त्यसो त चुनावताका अज्ञानतापूर्वक नै स्मार्ट सिटी वा भिलेज बनाउने वाचा गरी मत प्रभावित नपार्ने गाउँपालिका वा नगरपालिकाका प्रमुख बिरलै थिए । दृष्टिकोणको खडेरीबीच पनि कोही न कोहीले चुनाव जित्ने कुरा स्वाभाविक थियो नै पनि । किन्तु ५८३ मतान्तरले तनहुँ जिल्लामा पूर्व एकीकृत नेकपा माओवादीका तर्फबाट विजयी बनेका पूर्णसिंह थापा एक्ला स्थानीय निकाय प्रमुख हुन् । समाजसेवी र शालीन छवि निर्माण गरेका सीएमए डाक्टर, क्लिनिक, निजी विद्यालयका लगानीकर्ता र होटलको मालिकको स्ट्याटस नै उनका निर्वाचन जित्ने तुरुप हुन् । उनको सडक सञ्जालले सम्पूर्ण गाउँ जोड्ने र उज्यालो बन्दीपुरको उनको इरादा मूर्तीकरण भइसकेको छ । पृथ्वी राजमार्ग चक्रपथ निर्माण गर्नेदेखि निःशुल्क स्कुलबस सञ्चालन गर्ने उनको महत्वाकाङ्क्षी योजना छन् । कला र साहित्यलाई व्यावसायिक बनाउनुपर्ने विचारका पक्षपाती उनले कला र संस्कृतिबारे खुलेर भने– "एउटा कालखण्डमा करिब–करिब सबै मान्छे कलाकार वा साहित्यकार हुन्छन् । संस्कृति, कला र साहित्य उन्नयनका निम्ति मैले १२ लाख बजेट विनियोजन गरेको छु ।" गाउँपालिका भित्रका १० घरवास (होमस्टे) प्रवर्द्धनका निम्तिमात्र एक करोड बजेट निकासा गरेको उनको जिकिर छ । भन्छन्– "होमस्टे बन्दा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । सामान्यजनका निम्ति त्यसबाट प्राप्त मुनाफाले पनि केही भरथेग गर्न सक्छ ।"

यिनले बाँधेको वाचा एक चौथाइमात्र कामयावी भयो भने पनि उनी दुनियाँदारका बधाईका पात्र बन्नेछन् ।

## निष्कर्ष

कला, संस्कृति, साहित्य र सभ्यताको अन्वेषण र उन्नयन नै विकासको वास्तविक परिसूचक हो । यसैले मानवलाई सभ्यताको शिखरमा पुऱ्याउँछ । रामकोटलाई एउटा छुट्टै पहिचान बोकेको पर्यटकीय गन्तब्यको रूपमा विकास गर्न त्यहाँको स्थानीय मगर भाषा, उनीहरूका कला र संस्कृतिको जगेर्ना गर्नैपर्ने भएकाले यस्ता कुराहरूलाई अक्षुण्ण राख्न स्थानीयहरूलाई जाग्रत गराएको छ । सर्वाङ्गीण प्रगति यहीबाट मापन गर्न सकिन्छ । बन्दीपुर आफ्नो ध्येयमा निर्बाध एवम् निरन्तर अघि बढ्न सकोस् भन्ने कामनाका साथ बन्दीपुर, रामकोट साहित्यिक यात्रा बिराम लागेको थियो । ■■

हरिप्रसाद अधिकारी

# विराटनगरदेखि बैङ्कसम्म



“हरिजी, पासपोर्ट बनाउनुभएको छ ?” काठमाडौंबाट शिव आचार्यको फोन आएको थियो । पासपोर्ट देशबाहिर जाने अनुमति र भिसा प्रवेश दिने मुलुकको प्रवेशाज्ञा भन्ने सुनेको थिएँ तर देखेको थिइनँ ।

“छैन,” स्वाभाविक स्वरमा जवाफ दिएको थिएँ मैले ।

“पासपोर्ट बनाएर तुरुन्त पठाइदिनूस्,” निर्देशात्मक आग्रह थियो त्यो । म दोधारमा परेँ । एक–दुई ताकेता, केही उल्झन र केही अलमलपछि पासपोर्ट बनाउने काममा जुटेँ म ।

सिंहदरबारको अधिकार गाउँमा पुगेको सुनेको थिएँ, तर राहदानी विभाग नारायणहिटीमा रहेछ । जिल्लाबाट राहदानी लिन एक महिना कुर्नुपर्दोरहेछ । विराटनगरदेखि काठमाडौँसम्मको दौडधूपपछि हरियो पासपोर्ट हात पऱ्यो । काठमाडौँमा यशोदा तामाङलाई पासपोर्ट बुझाएर थप कागजात आवश्यक परे खबर गरिदिन मित्र रामप्रसाद पोखरेललाई आग्रह गर्दै विराटनगर आइपुगेँ म ।

थाइल्याण्डको Chonburi Province स्थित Burapha university द्वारा आयोजित तालिममा सहभागी हुन १९ मे २०१९ का दिन दिउँसो तीन बजे हामी Thai Lion को विमान चढेर बैङ्कक जाँदै थियौँ । हाम्रो यात्रामा पच्चीस जनाको सहभागिता रहेको थियो । टोलीको नेतृत्व राजन ऋषि कँडेलबाट भएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विमान पूर्व–दक्षिण हुँदै जाँदोरहेछ । सप्तकोशी नदीको आसपासबाट भारतको बिहार राज्यमा प्रवेश गरेको जहाज बङ्गालको खाडी र अण्डमान सीमाथि पनि उड्ने बताइन्थ्यो । हामीमा पनि सगरबाट सागर हेर्ने तीव्र अभिलाषा थियो । तर, मानव बस्ती, जङ्गल, खोला नदीलगायतका स्थलभाग देखिँदादेखिँदै निकै तल एकनासको बाक्लो कुहिरो पो देखिन थाल्यो । कुहिरोको कारण सगरबाट सागर चिहाउने हाम्रो अभिलाषा पूरा हुन सकेन । तापनि, डम्म मिलेर बसेझैँ देखिने कुहिरोभित्रै समुद्र लुकेको अनुमान भने लगाउन सकिन्थ्यो । हुन पनि जहाजको उचाइ समुद्र सतहबाट झन्डै चालीस हजार फिट माथि थियो ।

हामी विमानभित्रबाट सकेसम्म बाहिरका दृश्यहरू हेर्ने र कैद गर्ने कोसिस गरिरहेका थियौँ । नजिक देखिने कुहिरो र टाढा देखिने धरतीको लुकामारी चलिरहेको थियो । दृश्यहरू कैद हुँदै थिए तर समय कैद हुँदोरहेनछ । तीन घन्टा पन्ध्र मिनेटको समय कति चाँडो सकिएछ । विमानभित्र हामी Don Mueang International Airport मा अवतरण गर्दै छौँ भनी थाई र अङ्ग्रेजी भाषाबाट जनाउ दिँदा जहाज त बैङ्कक आसपासको आकाशमा मडारिँदै रहेछ ।

विमानभित्र हामी जति उत्साहित थियौँ, बेलाबेला उत्तिकै भावुक पनि बन्थ्यौ । नेपालको हवाई यात्राको इतिहास थाइल्यान्डसित जोडिएको सुनेका थियौँ । भनिन्छ थाई एयरवेज र नेपाल वायुसेवा निगमको स्थापना एकै समय भएको थियो । थाई एयरवेज आज संसारका कतिपय मुलुकमा उडान भरिरहेको छ ।

विमानभित्र विभिन्न देशका नागरिक थिए तर परिवेश थाई थियो । उडान कर्मचारी थाई थिए र तिनले यात्रीलाई गर्ने सत्कार थाई थियो । यसबाट अनुमान लगाउन सकिन्थ्यो, अन्तर्राष्ट्रिय उडान भर्ने विमानले व्यवसायमात्र गरेका हुँदा रहेनछन् आफ्नो देशलाई अन्तर्राष्ट्रिय जगत्मा नागरिक स्तरसम्म चिनाइरहेका हुँदारहेछन् ।

चन्द्रसूर्य अकित रातो झण्डा लिएका नेपाली विमानहरू संसारको आकाशमा उडने हो भने बुद्धको भूमि र सगरमाथाको उचाइमा उठेको देश संसारलाई चिनाउन र बुझाउन निकै सहज हुने थियो होला । नेपाली सत्कार, नेपाली परिकार र नेपाली कलाले विदेशी पाहुनाहरू आकर्षित हुने थिए होलान् जस्तो लागिरहेथ्यो । आखिर हामी पटक-पटक नेपाल भ्रमण वर्ष पनि त मनाइरहेका हुन्छौँ ।

थाइल्यान्डको समय हाम्रो समयभन्दा पचहत्तर मिनेट छिटो रहेछ । त्यसैले हामी बैङ्कक पुग्दा झमक्क साँझ परिसकेको थियो । जहाजबाटै झिलिमिली देखिएको बैङ्कक धरतीमा पाइला राख्ता पनि उस्तै थियो ।

विमानस्थलमा आवश्यक कागजी प्रकृया पूरा गरी हामी बाहिर निस्कियौँ । जहाँ हामीलाई लिन ससाना तीन गाडीसहित आएका थिए थाई नागरिक । उनी नेपाली बुझ्दैनथे, हामी थाई बुझ्दैनथ्यौँ । उनी अङ्ग्रेजीभन्दा थाईमै कुरा गर्न रुचाउँथे । भनिन्छ मान्छे भएकैले भाषा छ । हुन पनि भाषाको उत्पत्ति नहुँदै मान्छेले सङ्केत विनिमय गर्न थालिसकेका थिए । हामी उनको भाषा नबुझे पनि सङ्केत बुझ्थ्यौँ । उनी पनि हाम्रो सङ्केत बुझेझैँ देखिए । आखिर पहिले मान्छे अनि मानवीय आवश्यकताका आधारमा साधन र त्यो साधनमध्येको एक भाषा भनेझैँ लाग्दथ्यो ।

करिब आधा घन्टाको दूरीमा रहेको एक होटलमा खाना खाएर स्थानीय समयअनुसार रातको करिब नौ बजेतिर हामी Pradiphat Road l:yt Karnmanee Palace Hotel आइपुग्यौँ । जहाँ हामीलाई विश्वविद्यालयका तर्फबाट प्रतीक्षा गरेर बसिरहेका थिए डा. द्वय Thiraphong र बाहुल । परिचय आदानप्रदान, कार्यक्रमको तयारी आदिको बारेमा छलफल गरी एक–आपसमा बिदा भयौँ ।

बिहान मर्निङवाक गर्ने बानी थियो, निन्द्राले चाँडै छोड्थ्यो र त्यो दिन पनि चाँडै छाडेछ । नयाँ देशको नयाँ शहर, नयाँ वातावरण, नयाँ परिवेश । हामी सडकमा निस्कियौँ । बैङ्कक कङ्क्रिटको शहरमात्र होइन रहेछ, हरियाली पनि रहेछ । रूख–बिरुवा प्रशस्त देखिन्थे । बैङ्कक फोहोरको डङ्गुरमा बसेको शहर होइन रहेछ । सडक र परिवेश सफा र स्वच्छ थियो । साँच्चै मुख छोपेर होइन, मुख खोलेर हिँड्यौ हामी ।

बिहान आठ बजेदेखि अपराह्न पाँच बजेसम्म हामी निकै व्यस्त कार्यतालिकासहित काममा खटियौँ । यसबीच थाई सरकार र Electricity Generation Authority of Thailand (EGAT) का अधिकारी, Burapha University का प्राध्यापक, कानुनका जानकार लगायतसित विषयवस्तुमा आधारित भेटघाट, छलफल, अर्न्तक्रिया, विचार आदानप्रदान र त्यहाँको बारेमा जानकारी प्राप्त भइरह्यो । थाइल्यान्ड सरकारको मातहतमा रहेको EGAT को कार्यालय र विद्युत् उत्पादन गृह नर्थ बैङ्कक पावर प्लान्टसम्म पुग्ने अवसर मिल्यो । EGAT ले करिब त्रिचालीस हजार मेगावाट विद्युत उत्पादन खरिद गर्दोरहेछ । यसमध्ये करिब एकतिहाइ हिस्सा निजी क्षेत्रको रहेछ । यसबाट त्यहाँको विकास निर्माणमा निजी क्षेत्रको उल्लेख्य सहभागिता रहेको अनुमान लगाउन सकिन्थ्यो । ऊर्जाको प्रमुख स्रोत कोइला भने आयातसमेत हुँदोरहेछ । बैङ्ककको वितरण प्रणाली भने स्थानीय स्तरमा Metropolitan Electricity Authority (MEA) बाट हुँदोरहेछ । ऊर्जाको क्षेत्रमा आशियान स्तरीय विकास र विस्तार गर्न लागिएको रहेछ । बैङ्ककका कतिपय सडकमा तार–पोल देखिँदैनथ्यो । यसबाट यो प्रणाली भूमिगत रहेको बुझिन्थ्यो तर सबैतिर यो व्यवस्था थिएन ।

प्राकृतिक ग्याँसबाट करिब पन्ध्र सय मेगावाट ऊर्जा उत्पादन गर्ने EGAT को नर्थ बैङ्कक पावर प्लान्ट अवलोकन गरी बाहिर निस्कँदा एउटा नदी देखियो । यो नदी बैङ्ककको सबैभन्दा ठूलो र सोझै समुद्रमा मिसिने नदी रहेछ । यो नदीको नाम Chaophraya रहेछ । शहरका कतिपय ठाउँमा ससाना खोला नहर बगिरहेका देखिन्थे तर ती शहरको फोहोर बोकेर हिँड्ने भरिया वा फोहोर जमाए बस्ने कन्टेनर थिएनन् । तिनको किनारातिर पुग्दा नाक थुनेर, श्वास रोकेर हिँड्नु पर्दैनथ्यो । बरु तिनका नजिकमा पुग्दा मन आनन्दित भइरहन्थ्यो । साँच्चै

सफा र स्वच्छ नीलो पानी लिएर बगिरहेका थिए बैङ्ककमा नदी-खोला ।

शहर अवलोकनको क्रममा खेलकुद मन्त्रालय देखियो । अगाडि बढ्दै जाँदा निकै फराकिलो सडक देखिन थाल्यो । हुन त बैङ्ककका सडकहरू निकै फराकिला र घरहरू निकै अग्ला देखिन्थे । अलग-अलग लेनमा तीव्र गति, मध्यम गतिमा सवारीसाधन गुडिरहेका देखिन्थे । आकाशे पुल धेरै थिए । शहरभित्र मेट्रोरेल कुदिरहेको देखिन्थ्यो तर त्यो सडक अझै फराकिलो र फुर्सदिलो देखिन्थ्यो ।

उक्त स्थानमा बौद्ध गुम्बा रहेछ । हामी बुद्धको देशका नागरिक थियौँ । बौद्ध गुम्बाहरूले हाम्रो शिर उँचो बनाएझैँ लागिरहेथ्यो । त्यसै पनि हामी धरतीको उँचो ठाउँ सगरमाथाको देशबाट आएका थियौँ । बौद्ध गुम्बाहरूले पूर्वजको पौरखले सन्ततीको शिर उँचो हुन्छ भन्ने सन्देश दिएझैँ लाग्दथ्यो । आज हामीले पौरख गरे भोलि सन्ततीले शिर उँचो राख्ने रहेछन् जस्तो लागिरह्यो । यो क्षेत्रमा डेमोक्रेसी स्मारक, अदालत, मन्त्रालय, सरकारी कार्यालयहरू रहेछन् ।

थाइल्यान्डका निकै ठाउँमा बौद्धगुम्बाहरू देखिन्थे । Saraburi Province बाट बैङ्कक फर्कँदा पनि कोल्टे परेर सुतेझैँ देखिने निकै ठूलो बुद्ध मूर्तिको दर्शन अवलोकन गरेका थियौँ ।

थाइल्यान्डमा सबै घरहरू गगनचुम्बी थिएनन् । शहरी क्षेत्रका घर अग्लिए पनि ग्रामीण क्षेत्रका घरहरू होचा थिए । तर, ती लहर मिलेका र एकनासका देखिन्थे; एकीकृत बस्ती निर्माण भए सेवा, सुविधा पाउन र पुऱ्याउन सहज हुन्छ भनेझैँ ।

होटलबाट उति टाढा त होइन तर साँझको समय, सडकमा सवारीको चापको कारण झन्डै आधा घन्टा गाडीमा यात्रा गर्दै हामी रिभर सिटी एरिया पुग्यौँ । स्थानीय नदीमा डिनरसहितको झन्डै दुई घन्टा लामो स्टिमर यात्रा हुँदोरहेछ । यात्रामा हामीमात्र होइन, कैयौँ विदेशी यात्री पनि सहभागी थिए ।

थाई र अङ्ग्रेजी भाषामा बजेका गीतहरूमा हामी साथ दिन थाल्यौँ । आखिर भाषा र भूगोल जहाँको भए पनि मान्छेको मन मानवीय हुँदोरहेछ । मान्छे जहाँ गए पनि मानवीय मन साथमै जाँदोरहेछ । गीत भाषामा लेखिए पनि सङ्गीत मनमा लेखिँदोरहेछ । जल जमिन र आकाश सर्वत्र हुँदोरहेछ । जसले जता र जति फर्काए पनि ओरालो बग्नु पानीको सत्य रहेछ । जहाँ गए पनि सूर्य-चन्द्र पूर्वबाटै उदाउँदा रहेछन् । मान्छेले धरतीलाई तेरो र मेरो भने पनि चन्द्र र सूर्य सबैका रहेछन् । हामीले सङ्गीतको धुन रुचायौँ । आयोजकले हाम्रो रुचिको पहिचान गरे र हामीलाई नेपाली भन्ने चिनेर हुनुपर्छ, नेपाली गीत बजाउन थाले । हामीले हाम्रो भाषालाई सम्मान गऱ्यौँ र गीतलाई स्वागत । हाम्रो उत्साहलाई अन्य भाषीहरूले पनि साथ नदिई रहन सकेनन् । सायद उनीहरूले पनि भाषा बुझेका थिएनन्

तर सङ्गीतले भने छोएको हुँदो हो । त्यसैले त उनीहरूले पनि अभिरुचिपूर्वक हामीलाई साथ दिइरहे ।

हामी अरूको भाषामा मात्र रमेर गौरवान्वित बन्न चाहँदैनथ्यौँ । हामी आफ्नै भाषामा गौरवान्वित बन्न रुचायौँ । हामी हाम्रो भाषा अरूलाई सुनाउन चाहन्थ्यौँ, सिकाउन चाहन्थ्यौँ र हाम्रो भाषा गौरवशाली छ भन्ने सन्देश दिन चाहन्थ्यौँ । हामी आफ्नै संस्कृतिमा आफ्नु शिर उँचो ठान्थ्यौँ । सगरमाथाझैँ उठेको हाम्रो सोच कतै लरबराउन पाएन, बरु स्टिमरभित्रको सम्पूर्ण ध्यान एक प्रकारले हामीमाथि केन्द्रित हुन पुग्यो । स्थानीय गाइड भन्दै थिए– “आजको यात्रा नेपालमय भयो ।”

स्टिमर यात्राले अनेकौँ सन्देश दिएझैँ लागिरहेथ्यो । पर्यटकीय स्थलको पहिचान गर्न कैलाश पर्वतको परिक्रमा गर्नुपर्दैन, बरु आफ्नै वरिपरि हेरे पुग्छ भनेझैँ लाग्दथ्यो । आखिर धरती आफैँमा गन्तव्य स्थल हो, तीर्थस्थल हो र पर्यटकीय स्थल हो; बरु यसलाई प्राकृतिक बन्न दिए र आधारभूत सुविधा दिन सके पुग्छ भनेझै । बैङ्ककमा गर्मी थियो । दिनभर शहरमा व्यस्त रहेको मान्छे साँझपख नजिकको स्वच्छ र सफा नदीकिनारमा पुग्न लालायित हुन्छ नै । त्यसमाथि पनि खुला आकाशमुनिको त्यस्तो नदीमा जलविहार गर्ने अवसर पाउँदा आनन्दानुभूति गर्छ नै । त्यो यात्रामा थाईभन्दा विदेशी पाहुनाको बाहुल्यता थियो । विकास ढोल पिटेर आउँदैन, काम गरे आउँछ जस्तो लागिरहेथ्यो ।

व्यस्त कार्यतालिकाबीच हामी Saraburi Province स्थित Voice Governer Office पुग्यौ । Saraburi बैङ्कबाट करिब असी कि.मि. उत्तरमा पर्दोरहेछ । स्थानीय Voice Governer बाट थाई भाषामा दिएको जानकारी, अङ्ग्रेजीमा गरिएको अनुवाद तथा थाई र अङ्ग्रेजी भाषामा देखाइएको स्लाइडले हामीलाई सारावुरीको विविध पक्ष र कार्यक्रमबारे जानकारी लिन सहज भयो । यसबाट पनि आफ्नु भाषा प्रयोगले आफनो व्यत्तित्व उँचो हुने अनुमान लगाउन सकिन्थ्यो । कनीकुथी अरूको भाषा बोलेर भाषिक अल्पज्ञता देखाउनुभन्दा आफ्नै भाषाका ओजस्वी शब्दहरूबाट विचार व्यक्त गर्नु राम्रो हुन्छ जस्तो लागिरह्यो । योजनाको छनोट स्थानीय आवश्यकताको आधारमा तल्लो तहबाट गरिनुपर्ने धारणा सकारात्मक लाग्दथ्यो । हाम्रो कार्यक्रमको समापन पनि Saraburi Province का Voice Governer बाट भएको थियो ।

Saraburi जाँदा सडकबाटै चुरेजस्तै ससाना पहाड देखिन्थे । थाइल्यान्डमा हामीले पहाड चढ्नुनपरेता पनि Pattaya किनारको समुद्रलाई पहिलो पटक चुरेझैँ लाग्ने उचाइबाट चिहाएका थियौँ ।

यात्राको अन्त्यतिर हामी Burapha university आइपुग्यौँ । यो University बैङ्कबाट करिब नब्बे कि.मि. टाढा पर्दोरहेछ । Faculty of Political science

and Law मा आयोजित कार्यक्रम सम्पन्न गरी हामी थाइल्यान्डको पर्यटकीय शहर Pattaya आइपुग्यौँ । Pattaya यो university बाट करिब चालीस कि.मि. टाढा Chonburi Province मै पर्दोरहेछ । समुद्र किनाराको पूर्वी भागबाट निर्माण भएको यो सडकबाट समुद्र नदेखिए पनि सडकको पश्चिम दक्षिण भागमा समुद्र रहेको छनक भने पाइँदोरहेछ । समुद्रको किनारामा अवस्थित Pattaya मा भियतनाम युद्धताका अमेरिकी सेना रहेका बताइँदोरहेछ । Pattaya थाइल्यान्डको खाडीसित जोडिँदोरहेछ ।

"सुनामीले दुःख दिँदैन ?" हामी भूपरिवेष्ठित मुलुकका वासिन्दा भएको कारण सामुद्रिक आँधी-तूफानसँग जुभ्नुनपरे पनि समुद्र-किनारका शहर हरूमा बेला-कुबेला आउने सङ्कटबाट भने अनभिज्ञ थिएनौँ ।

"यहाँ सुनामी आउँदैन," एक स्थानीयको अनुभव थियो । यात्राको आखिर रात हामीले Pattaya मा बितायौ ।

थाइल्यान्डका सडकहरूमा धूलो, हिलो कतै देखिएन । फोहोरको लेशसमेत कतै देखिँदैनथ्यो । फल खाएर सडकमा बोक्रा फाल्ने प्रवृत्ति देखिएन । सार्वजनिक यातायातका साधनमा कोचीकोची यात्रु खाँदेको पनि देखिएन । बैङ्कमा करिब चालीस लाख गाडी गुड्ने अनुमान गरिँदोरहेछ तर धूवाँको मुस्लो उडाउँदै गुड्ने गाडी कतै भेटिएन । स्थानीय सडक, बसस्टप, रेल्वे स्टेशन, व्यवसाय स्थल सफा-सुग्घर देखिन्थ्यो । सभ्यको सङ्केत सफाइ भनेभैँ लागिरहेथ्यो ।

कविता



**सुशील पोखरेल**

## ढल

बीच सडकमा लम्पसार
अचेत जँड्याहाजस्तो
ह्वास्स दुर्गन्ध फैलाउँदै
निर्लज्ज
ढसमस्स तेर्सिएर
एकोहोरो घुर्दै पसारिइरहेको छ
महानगरीय विकासको प्रतिफल
निःसन्देह
फोहर समस्याको महत्त्वपूर्ण हल ।

सायद
भव्य महानगरको
गौरवको प्रतीक हुनुपर्छ
त्यो शहरभरि फैलिएको ढल
तर, दुर्भाग्य
अदूरदर्शी अहम्को आभिमानले
आस्था अनि गुट-उपगुटको
निरर्थक व्यवधानले
आज सम्पूर्ण नागरिकहरूको
नियति नै बनिसकेको छ पलपल
त्यही ढलभित्रको त्यो
कपटपूर्ण दूषित कोलाहल !

बैङ्ककमा पहँलो रङको पातलो हाफ ज्याकेट लगाएका मोटरसाइकल चालकले यात्रीलाई गन्तव्यमा पुऱ्याएको देखिन्थ्यो । यसबाट भाडाका सवारी -साधनमा मोटरसाइकल पनि रहेको अनुमान लगाउन सकिन्थ्यो । कतिपय व्यवसाय स्थलमा नेपालीभाषीहरू व्यवसाय गरेर बसेका भेटिन्थे ।

हामीलाई कतिपय कार्यक्रममा पातमा प्याकिङ गरेको नास्ता प्लेटमा राखेर दिइएको थियो । सम्भवतः त्यो त्यहाँको मौलिक प्रचलन हुन सक्छ ।

शनिवार र आइतवार सरकारी छुट्टी हुँदोरहेछ । छुट्टीका दिन सडक जाम कमै हुने गरेको देखिन्थ्यो । धेरैजसो यु-टर्नको व्यवस्था गरिएको कारण त्यत्तिका सवारीसाधन गुड्ने सडकमा उति जाम हुँदोरहेनछ । सडक सञ्जाल, रेल्वे सेवा, आकाशे पुलले बैङ्कका सडकको आवागमनमा सुगमता रहेछ । हरिया रूखबिरुवाले शहरको शोभा बढाएझैँ लाग्दथ्यो । मिलनसार मान्छेको कारण रातविरात कुनै असहजता महसुस भएन । बैङ्कमा दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल रहेछन । साँझको समयमा स्टिमरबाट हेर्दा आकाशमा एउटा विमानले अर्को विमान पछ्याएझैँ लगातार जहाज उडेका देखिन्थे ।

बैङ्ककमै सडकको किनारामा एउटा घर निर्माणाधीन थियो तर घर निर्माणमा प्रयोग हुने निर्माण सामग्री सडक किनारामा राखिएको देखिएन । थाइल्यान्डमा धेरैजसो पहँलो रङको लुगा प्रयोग भएको देखिन्थ्यो ।

"बैङ्ककको सडकमा मापसे जाँच हुँदैन," कसैले भनेको थियो ।

"थाईहरू अत्यन्त मिलनसार जाति मानिन्छन्," कसैले सुनाएको थियो । बैङ्ककमा जुवा खेल्न पाइँदोरहेनछ । "यहाँ क्यासिनो छैन," यो पनि जानकारी गराइएको थियो । बाटो काट्ता आकाशे पुल वा जेब्रा क्रसिङको मात्र प्रयोग भएको देखिन्थ्यो ।

Saraburi र Chonburi Province जाँदा बाटोमा ग्रामीण बस्ती भएका र नभएका ठाउँहरू प्रशस्त देखिन्थे । त्यस्ता स्थानहरूमा समेत सडक, आकाशे पुल-लगायतका पूर्वाधार निर्माण भइरहेको देखिन्थ्यो । निर्माणाधीन संरचनाहरू निकै फराकिला, व्यवस्थित र मजबुत देखिन्थे । साँच्चै ती संरचनाहरू शहर बसेर निर्माण भएका थिएनन्, बरु तिनको निर्माणपछि आधुनिक शहर बस्न सक्ने अनुमान लगाउन सकिन्थ्यो । संस्कृत साहित्यको उत्कृष्ट ग्रन्थ रामायणका लेखकले लङ्काको वर्णन गर्दा जता हेऱ्यो, उतै पक्का काम भनेझैँ बैङ्क शहर र थाइल्यान्डका शहर, सडक, परिवेश आफैँमा पूर्णझैँ देखिन्थे ।

■■

*विराटनगर*



गजेन्द्रप्रसाद श्रेष्ठ

# पालुङको यात्रा: एक संस्मरण



२०६७ साल जेठ अन्तिम साताको एक दिन बिहानै दिलीपले आफ्नो मोटरसाइकल लिएर मलाई बोलाउन आइपुग्यो ।

“मेरो ससुराली गाउँ पालुङ घुम्न जाऔँ । त्यहाँ अहिले जात्रा पनि छ । तपाईँ अहिलेसम्म पालुङ पुग्नुभएको पनि छैन । दुई–तीन दिनको बसाइ हो । तपाईँका लागि बिल्कुलै नयाँ ठाउँ, रमाइलै हुन्छ !” एकै सासमा उसले भन्न भ्याइहाल्यो । मेरो पूर्वतयारीविनै आएको यात्राको कुराले मलाई एक छिन सोच्न बाध्य बनायो । अफिस अनि घरको निजी काम यी सबैको व्यवस्थापन नगरी सुटुक्क हिँड्न पनि त मिलेन नि ! ऊसँग थोरै समय मागेर सबै कुराको तारतम्य मिलाई झोलामा केही कपडाहरू पोका पारेर म नयाँ ठाउँको यात्राका लागि तयार भएँ ।

घरबाट निस्कने बेला मौसम सफा नै थियो । त्यसैले मोटरसाइकलको हाम्रो करिब १०० कि.मि.को यात्रा रमाइलै होला भन्ने आशामा घरबाट निस्क्यौँ । मौसमले साथ दिएर थानकोटसम्मको यात्रा त सहजै रह्यो । थानकोट पुग्दा अचानक मौसम परिवर्तन भएर छिटफुट वर्षा हुन थाल्यो । हल्का वर्षाको पर्वाह नगरी हामी यात्रालाई निरन्तरता दिइरह्यौ । उपत्यका छिर्ने अनि उपत्यका छाड्ने लामो दूरीका गाडीहरूलाई नियाल्दै थानकोटदेखिको एकनासको ओरालो अनि घुम्ती बाटाहरू छिचोल्दै हामीहरू निरन्तर अगाडि बढिरह्यौँ । नौबिसे पुगेर एक्कासी मोटरसाइकल रोकियो ।

एकनासको सिमसिमे पानीले गर्दा मोटरसाइकल चलाउन गाह्रो भएर रोकेको हो कि भन्ने मेरो सोच होटलमा गएर सोमरसको अर्डर गरेपछि गलत भयो । मलाई सोमरसको चुस्की मन पर्ने कुरा थाहा भएरै उसले पहिले नै सोच बनाएको रहेछ । सिमसिमे पानीको रुझाइले बढेको चिसोलाई हल्का मत्थर पार्न बिहानै चुस्की लगाइदिएँ । केहीबेर हामी होटलमा अल्मलिँदा पनि पानी रोकिने नामै नलिएपछि हामीले यात्रालाई निरन्तरता दियौँ । हाम्रो बाइरोडको

यो यात्रा मेरा लागि नितान्त पहिलो अनि नौलो थियो । एकनासको उकालो अनि घुम्ती नै घुम्ती भएर सायद यो त्रिभुवन राजपथलाई बाइरोड भनिएको हो कि ! एकनासको झरीबीच हाम्रो यात्रा निरन्तर बाइरोडको त्यो घुम्ती अनि ती उकालाहरू छिचोलिरहे । मोटरसाइकलमा पहिला कहिल्यै यति लामो यात्रा नगरेको मलाई मनभित्र डरचाहिँ लागिरहेको थियो । अझ उकालाका अप्ठेरो मोडहरूमा हुइँकिदा मेरो हंसले ठाउँ छाड्थ्यो ।

निरन्तर झरीका बीच पनि त्यो बाटोको ठाउँठाउँमा मर्मत चलिरहेको थियो । नेपालीहरू मिहिनेती भएर वा गरिबीले हो, घामपानी नभनी मजदुरहरू एकोहोरो काममा भिडिरहेका थिए । त्यसरी काम चलिरहेको ठाउँमा सडकको छेउबाट साधन गुड्दा भने बाटोमुन्तिरको भीर देखेर मेरो सातोपुत्लो उड्थ्यो ।

यसरी निरन्तर झरीको बीच ठाउँठाउँमा डर लिईलिई कहिले उकालो अनि कहिले ओरालो गरी अन्तत हामी गन्तव्य पुगिछाड्यौँ । तर, गन्तव्य पुग्दा शरीरमा नभिजेको कपडा भने एउटा पनि बाँकी रहेन । मोटरसाइकलबाट झरिसकेपछि म यस्तरी लुगलुग कामैँ कि मानौँ पुस–माघको जाडोमा चिसो पानीमा नुहाएको हो । हतपत लुगा फेरीवरी न्यानो कपडा बेरेर एक गिलास लोकल सुरुप्प पारेपछि बल्ल राहत महसुस भयो ।

एक छिनको भलाकुसारी पछि म पालुङको प्रकृति नियाल्न बाहिर निस्कैँ । नजिकैबाट तीनतिर पहाडले एक छेउबाट सानो शङ्खमूल खोला निरन्तर बगेर घेरिएको सानो चटक्क परेको गाउँलाई मैले केहीबेर नजिकबाट नियालिरहेँ । बजार खासै ठुलो नहुनाले करिब घन्टाभरमै मेरो बजारको यात्राले पूर्णविराम पायो । बजार घुमफिरकै क्रममा अचानक काठमाडौँ मेरो डेरातिरको छिमेकी सुमनसँग भेट भयो । उसको ससुराली त्यहीँ नै रहेछ । चुस्की लगाउन साथी खोजिरहेको उसलाई मेरो भेट ढुङ्गा खोज्दा देउता मिलेझैँ भयो । मलाई उसको ससुराली जबर्जस्ती लिएर गयो । दुई छिमेकी बसेर काठमाडौँ र पालुङको बीच तुलना गर्दै निकैबेर लोकल झोलको चुस्कीमा रमायौँ । छुट्टिने बेलामा भोलिपल्ट बिहान ऋषेश्वर महादेवको दर्शन गर्न जाने कार्यक्रम तय भयो ।

साँझ करिब आठ बजेतिर पाहुना लागेको घरमा खानपिन गरिवरी जात्रा हेर्न जाने तम्तयार भई जात्रास्थलतिर लम्किएँ । त्यहाँको जात्रा राति हुँदोरहेछ । विभिन्न भेषभूषामा नाच देखाउने नर्तकीहरू डबलीमा आई पालैपालो आ–आफ्नो कौशल देखाउँदै गए । नाच हेर्दाहेर्दै रात छिप्पिएको पत्तै भएन । बिहानको कार्यक्रमको लागि उठ्न नसकिएला भनेर नाच नसकिँदै सुत्न हिँडैँ । ठाउँअनुसारको संस्कृतिको आफ्नै छुट्टै पहिचान हुँदोरहेछ । त्यहाँको नाच हेर्दा

मलाई त्यस्तै लाग्यो । जातीय हिसाबले नेपालका प्रायः सबै जिल्लामा पुगेका नेवार समुदायको उद्गमस्थल उपत्यकाका तीन जिल्ला नै हुन् । अर्थात् सबै जिल्लामा बसोबास गर्ने नेवारहरू उपत्यकाबाटै बसाइँ सरी गएका हुन् । त्यसैले हरेक ठाउँमा बस्ने नेवारहरूको संस्कृतिमा उपत्यकाको संस्कृतिको झल्को पाइन्छ । त्यही कुराको महसुस त्यहाँको नाच हेर्दा मैले गरेँ । तर, ठाउँअनुसारको मौलिक विशेषता भने मैले त्यहाँ पाएँ ।

बिहानै उठी नित्यकर्म गरेर अघिल्लो दिन तय भएको कार्यक्रमअनुसार सुमनसँग मकवानपुरको दामनस्थित त्यो चर्चित ऋषेश्वर महादेवको दर्शन गर्न मोटरसाइकलमा हुइँकियौँ । दामन पुगेर एकएक कप तात्तातो चियाको चुस्की लिन एक छिन विश्राम लियौँ । दामनको भ्यू टावर चढेर वरपरको दृश्यावलोकन गर्ने इच्छा मनमा पालेर मन्दिरतिरको हाम्रो यात्रा अगाडि बढ्यो ।

प्रसिद्ध ऋषेश्वर महादेव मन्दिर प्राकृतिक छटाले भरिपूर्ण, विभिन्न हिमशृङ्खलाको सुन्दर दृश्य अवलोकन गर्न सकिने, स्वदेशी तथा विदेशी पर्यटकको शान्त पर्यटनस्थल हो । करिब २२५० मिटरको उचाइमा रहेको भौगोलिक तथा सांस्कृतिक रूपले साँच्चिकै प्रकृतिको सुन्दर उपहार अनि अति सुन्दर प्राकृतिक दृश्यावली देखिने दामन क्षेत्रको सीमभन्ज्याङ र दामनको बीच भागमा ऋषेश्वर मन्दिर पर्दछ । चारैतिर हरियो वन, अनि त्यहाँबाट देखिने सुन्दर दृश्यहरू सूर्योदय र सूर्यास्त, डाँडाकाँडाबाट हामफालेको कुहिरोको मुस्लो अनि पहाडका कुना-कुनाबाट निस्केका कञ्चन पानीको छनछनले जो कोहीको पीर चिन्ता केही बेर हटाइदिन्छ ।

बाह्रै महिना जाडो हुने यो ठाउँ धार्मिक तथा ऐतिहासिक रूपले पनि महत्त्वपूर्ण मानिन्छ । मकवानपुरको उत्तरी क्षेत्र मानिने दामनमा, आस्थावान्हरूको आस्थाकेन्द्र श्री ऋषेश्वर महादेवको चर्चित मन्दिर पुग्न त्रिभुवन राजपथको सडकखण्डबाट १ घन्टाको पैदलयात्रा हिँड्नुपर्दोरहेछ । ढुङ्गाले छाएको गोरेटो कहीँ सिँढी, कहीँ समतल उक्त बाटो अलि कठिन हुनुका साथै केही उकालो अनि ओरालो पनि रहेछ । मोटरसाइकललाई सडकछेउ बिसाएर हामीले गोरेटोको पैदल यात्रा सुरु गर्‍यौँ । करिब-करिब आधाआधी बाटोमा गुम्बातिरको बाटो छुट्टिने रहेछ । हामी गुम्बातिरको बाटोलाई छाडेर अगाडि लम्क्यौँ । अप्ठेरो बाटो हिँड्ने बानी नभएको मलाई ठाउँ-ठाउँमा अलिअलि भीर देखिएपछि भने मनमा डर लागेर आउँथ्यो । तर, मन्दिर पुग्ने तीव्र अभिलाषाले त्यो डर त्यसै हराएर जान्थ्यो । रूखै रूखले भरिएको त्यो डाँडामा हिँड्दा जङ्गल कहिले नदेखेको मलाई अनकन्टार जङ्गलको बीच हिँडेको महसुस भैरहेको थियो । छिमेकीसँग विभिन्न प्रसङ्गका

कुरा गर्दै हिँड्दा एक घन्टाको बाटो कटेको पत्तै भएन । मन्दिरमा पुगेपछि त्यहाँको वातावरणले मलाई यति प्रफुल्लित बनायो कि मानौँ म स्वर्गमा पुगेको हुँ । अघिको एक घन्टाको लामो यात्राको थकान त्यहाँको प्राकृतिक सुन्दरताले क्षणभरमै बिर्साइदियो ।

मन्दिरबारे पौराणिक धेरै किंबदन्तीहरू छन् । यसबारे कसैको के भनाइ छ भने भगवान् शिवलाई होहल्ला भएको ठाउँ मन नपर्ने हुँदा यो सुनसान, कसैले नदेख्ने प्रदूषणरहित ठाउँ मन परेकोले त्यो डाँडाको ढुङ्गामा आई बसेका थिए । एक जना पण्डितले सो कुरा थाहा पाई श्री ऋषेश्वर महादेवको नाम दिई मन्दिर स्थापना गरे । ती पण्डितले उक्त ढुङ्गामा स्थापित भगवान्लाई सुनको मुकुट लगाइदिएका थिए । एक जना लोभी मान्छेले उक्त मुकुट चोर्न खोज्दा अन्धो भएको लोकोक्ति छ । पाप गर्न खोज्दा श्री ऋषेश्वर महादेवले उक्त व्यक्तिलाई सजाय दिएका हुन् भन्ने किंबदन्ती चलेको पाइन्छ ।

आफूले आँटे-तोकेको काम सम्पन्न होस् भनी भाकल गर्न स्थानीय, स्वदेशी तथा विदेशी पर्यटकहरूको सो मन्दिरमा दैनिक घुइँचो लाग्ने रहेछ । मागेको कुरा पूरा पनि हुने गरेको स्थानीय वासिन्दाको भनाइ छ । उक्त मन्दिरवरपर धार्मिक उद्देश्यमात्र नभएर, मनोरञ्जनका लागि मानिसहरू साथी, परिवारका साथ आउने रहेछन् । उक्त मन्दिर नजिक एउटा पानीको शुद्ध कुण्ड छ । जुन कुण्डको पानीले सबैको अपवित्रता हटाउँछ भन्ने धार्मिक विश्वास रहिआएको छ । पानी उक्त कुण्डबाट दूधजस्तै निस्कने गरेको स्थानीय वासिन्दा बताउँछन् ।

ऋषेश्वर महादेवलाई हिन्दू र बौद्ध दुवैले समान रूपमा भक्तिभावले पूजाआजा गर्दछन् । हिन्दूहरूले यिनलाई शिवजी मान्दछन् । बौद्धमार्गीले धर्मगुरु पद्मसम्भव मान्ने गर्दछन् । ऋषेश्वरको मन्दिर सामान्य छ, जुन मध्यकालतिर बनेको मानिन्छ । हिन्दूको आराध्यदेव महादेव तथा बौद्ध समुदायको आस्था गुरु रिम्पोछेले तपस्या गरेको स्थान पनि यही स्थानमा पर्छ । प्रत्येक वर्ष ठूलो एकादशी, फागु पूर्णिमा, जनै पूर्णिमा, शिवरात्रिको दिन यहाँ ठूलो मेला लाग्ने रहेछ । उक्त मेला भर्न स्थानीय तथा देश-विदेशका हिन्दू तथा बुद्ध धर्मावलम्बीहरू आउने रहेछन् ।

मन्दिरले धार्मिक सहिष्णुता प्रदर्शन गर्दै आएको छ । हिन्दू र बौद्ध धर्मावलम्बीहरूद्वारा समान श्रद्धाले पुजिने यो मन्दिरको प्राचीन सन्दर्भ बौद्ध धर्मगुरु पद्मसम्भवसँग गाँसिएको तथ्यले यस स्थानको धार्मिक महत्त्व अद्वितीय मानिन्छ । यो क्षेत्र ध्यानकेन्द्रको रूपमा पनि चिनिन्छ । मन्दिरपरिसरमा बाबियोको डोरीमा फूलपाती राखेर 'फूल तार्ने' प्रचलन रहेछ । ऋषेश्वर महादेवको दर्शन

गरे मनले चिताएको पूरा हुने र छोरा मागे पाइने विश्वास छ । पहराबीच महादेवले त्रिशूल घोप्दा पानी निस्किएको किम्बदन्ती छ । तत्कालीन राजा त्रिभुवनले यहाँ पूजा गरी छोरा वरदान मागेको र राजा महेन्द्र जन्मेको भन्ने किंबदन्ती पनि छ ।

त्यहाँ पुग्दा धर्मग्रन्थहरूमा उल्लेख गरिएको कैलाशनाथको कैलाश यही हो कि झैँ लाग्यो । सांसारिक पीर, दुःख भुलेर एकान्त खोजिहिँड्नेका लागि सही गन्तव्य रहेछ । त्यस ठाउँको सुन्दरताले तानेर हामी निकै बेर त्यहाँ भुल्यौँ । समय बितेको हामीले पत्तै पाएनौँ । रूखको कापबाट सूर्य हाम्रो शिरमाथि देखेपछि झसङ्ग भएर घडी हेर्दा पो थाहा भयो, आधा दिन ढल्किसकेको रहेछ । नचाहँदा नचाहँदै पवित्र त्यो सुन्दर ठाउँ छाडेर हामी फर्कने सुरसार कस्यौँ । फेरि त्यही अप्ठेरा गोरेटा, त्यही सिँढी अनि त्यही उकाली–ओराली पछ्याउँदै राजमार्गमा उक्लियौँ । ढिलो भएकाले भ्यू टावर चढ्ने हाम्रो सोचलाई सोचाइमै सीमित राखेर पालुङको हाम्रो बासस्थानतिर सोझियौँ ।

पालुङ पुगेर खानपिन गरी थकाई मार्न एक छिन विश्राम गर्नतिर लागेँ । दामनबाट फर्किँदै आधा दिन ढल्किसकेको हुनाले दिन बित्न समय नै लागेन । साँझपख बजारनजिकैको डाँडामा चिनजानको घर भएकाले टहल्दै सुमनसँगै त्यतातिर पुगियो । त्यहाँको न्यानो आतिथ्यलाई स्विकारेर वरपरका प्राकृतिक सुन्दरतालाई आँखामा कैद गरी बिस्तारै बजारतिरै ओरालो लाग्यौँ । बजार झरिसकेपछि अघिल्लो दिनझैँ जीउ तताउने निहुँमा सुमनसँगै लोकल झोलमा रमाउन थाल्यौँ ।

हामीले चुस्की लगाउँदै गर्दा डबलीमा जात्राको तयारी जोडतोडले सुरु

---

गजल

## प्रसून अधिकारी

# गजल



विश्वास नगर्नेकै विश्वास तोडियो त के भो
एउटा गन्तव्य नपुग्दै बाटो मोडियो त के भो

थिए होलान् केही उता लटरम्म आशाहरू
रोकिन मन लागेन र छोडियो त के भो

छिनमै कैयौँका करोडौँ सपना टुट्छन् यहाँ
सपनाको एउटा पोको फोडियो त के भो

मुर्झाएको देखेर सबैले आश मारे पनि
एक्लै पानी हालेर गोडियो त के भो

थाहै छ पत्थर हो, प्रतिक्रिया जनाउँदैन
श्रद्धाले दुई थान हात जोडियो त के भो !

भैरहेको थियो । आजको जात्राचाहिँ कुनै पनि छुटाउन हुन्न भनेर चुस्कीलाई बिट मारेर खानातिर लागैँ । खानालगत्तै जात्रा हेर्ने आतुरीमा डबलीछेउ पुगेर आफ्नो स्थानलाई सुरक्षित बनाएँ । रात छिप्पिँदै गएसँगै जात्राको माहोल पनि तात्दै गयो । विभिन्न देवी-देवताका भेषभूषामा विभिन्न कलाकारहरूले नाच देखाउँदै गए । दर्शकहरूको भीड पनि बिस्तारै बढ्दै थियो । म आँखा झिमिक्कै नगरी एकतमास नाच हेरेर बसिरहेँ । भोलिपल्ट बिहानको खासै कार्यक्रम नभएकाले त्यो दिनको नाच पूरै हेरेर करिब रातको दुई बजेतिर सुत्न गएँ ।

जात्राको अन्तिम दिन जात्रामा सहभागी हुने नर्तकीहरू खोलाछेउमा रहेको इन्द्रायणी मन्दिरमा गएर पूजा गरेपछि जात्रा समापन गर्दारहेछन् । यहाँको यो परम्परालाई पनि नजिकै नियालौँ भन्ने सोचेर पछिपछि लगेर खोलाछेउको मन्दिर पुगियो । त्यहाँ कुनैकुनै नर्तकीहरूको असामान्य व्यवहार देखेर म चकित परेँ । सबै पूजा सकेर फर्किने बेलामा चिनेकी नर्तकीलाई सोध्दा पो थाहा भयो नाचको लागि वस्त्र लगाई तयार भैसकेपछि ती नर्तकीहरूमा अनौठो किसिमले दैवीशक्ति प्राप्त हुँदोरहेछ । सुन्दा विश्वास नलाग्ने तर विश्वास गर्नैपर्ने अनौठो सत्य थियो । इन्द्रायणीको पूजा सकेपछि लगभग अर्को चार वर्षको लागि त्यहाँको यो जात्रा सकिँदो रहेछ । पूजाआजा सकेर तिनै टोलीसँग बाजागाजासहित नगर प्रवेश गरी घरतिर लागैँ ।

जात्रा सकिएको भोलिपल्ट हामी काठमाडौँ फर्किने सुरसारमा लाग्यौँ । बिहानको खाना खाएर हिँड्ने सल्लाहअनुसार बेलैमा खाना खाएर काठमाडौँ रवानाको हामी तयार भयौँ । बिहानको करिब एघार बजेतिर आफन्तसँग बिदा लिएर त्यो सानो सुन्दर पालुङको भूमि छाडेर काठमाडौँका लागि कदम अगाडि बढाइयो । फर्किने बेला पनि म र दिलीप सँगै मोटरसाइकलमा हिँड्यौ । तर, त्यति बेलाको आकाश भने एकदम सफा थियो । त्यसैले सुरुको दिनजस्तो रुझाइमा परिँदैन भन्ने कुरामा म विश्वस्त थिएँ । त्रिभुवन राजपथको उही घुम्ती, उही उकाला-ओराला बाटा छिचोल्दै हामी निरन्तर अगाडि बढिरह्यौँ । यतिखेर मलाई सुरुको दिनमा जस्तो डर लागेको थिएन ।

आकाश खुला भएकाले वरपरको प्राकृतिक सुन्दरता नियाल्न मलाई सजिलो भैरहेको थियो । प्रफुल्लित मनले नेपालको सुन्दर प्रकृतिलाई आँखामा कैद गर्दै अगाडि बढिरहँदा बाटो काटेको पत्तै पाइएन । मिलिक्क गर्दै थानकोट आइपुगेझैँ लाग्यो मलाई यस पटकको यात्रामा । करिब तीन बजेतिर मलाई डेराछेउ छाडेर दिलीप घरतिर लागे । म कपडा फेरिवरी एक छिनको विश्राम लिई नियमित काममा जुट्न थालेँ ।

■■



## आविष्कार कला

# ऐतिहासिक स्थल रसुवागढीमा पुग्दा



घुम्नु आफैँमा रमाइलोमात्र होइन, घुम्नु कोठामा बसेर अध्ययन गर्नुभन्दा ज्ञान हासिल गर्ने एउटा महत्त्वपूर्ण माध्यम पनि हो । घुमाइ आफैँमा मलाई एक उत्साहजनक कार्य लाग्दछ । मलाई घुमाइ बालपनदेखि नै रमाइलो लाग्दथ्यो । जुन दिनदेखि मैले श्रम बेच्न सुरु गरेँ, ती कार्य नहिँडेसम्म पूरा नहुने थिए । देशका विभिन्न ठाउँमा गई अध्ययन गर्नुपर्ने भएकाले पेशाप्रतिको जिम्मेवारी र मायाले गर्दा आफ्नो प्रमुख जिम्मेवारी निर्वाह गर्दागर्दै अर्को उपहार रूपमा आउँछ– देशको हरेक भूगोलको संस्कृति, भाषा, रहनसहन र प्रकृति आदिका बारेको जानकारी । यसरी मेरो पेशा 'एक पन्थ, अनेक काम' भइरहेको छ ।

इतिहासमा राज्यविस्तारको अवस्थाका लागि एक-अर्को राज्यबीचमा लडाइँ भई जुन पक्षले युद्धमा जित हासिल गर्दछ, उसले उक्त ठाउँमा आफ्नो शासन गरेको पाइन्छ । नेपाल निर्माणको समयमा पनि त्यस्ता अनेकन् युद्धबाट विजयी भएपछि मात्र नेपाल, आजको राजनीतिक सीमाभित्र रहन गएको हो । नेपालका महत्त्वपूर्ण गढीमध्ये ऐतिहासिक रसुवागढी एक महत्त्वपूर्ण गढी हो नेपाल-तिब्बत युद्धका समयमा चलेको युद्धमा चिनियाँ पक्षलाई हराउन सफल यो गढी इतिहासको पानामा सुनौलो अक्षरमा नाम लेखिएको गढी हो ।

समय २०७४ फागुनको हो । रसुवागढी जाने भनेपछि मन केही चञ्चल भैरहेको थियो । यसभन्दा पहिला पनि रसुवाको एक-दुई पटक यात्रा गरिसकेको थिएँ । तर, रसुवागढी जाने अवसरचाहिँ जुरेको थिएन । यस पटक रसुवागढी जाने अवसरमात्र होइन, एउटा पेशागत जिम्मेवारी पनि उत्तिकै ठूलो थियो । त्यो थियो– रातमाटे-रसुवागढी-केरुङ ४०० के.भि. प्रसारण लाइन आयोजनाको पूर्वेक्षण सर्भेको काम । जब पेशा र आफ्नो इच्छाको मेल हुन्छ, त्यहाँभन्दा ठूलो खुसी अरू लाग्दैन । मतलव सर्भेको पेशा नै देशको हरेक भूगोलमा उपस्थित भई त्यहाँको वास्तविक भौगोलिक जानकारी लिनु हो भने आफ्नो रुचि पनि नयाँनयाँ प्रकृति र संस्कृतिसँग घुलमिल भई त्यसको रसपान गर्नमा आनन्दित भैसकेपछि पेशाप्रति बफादार, कामप्रति इमानदारितामात्र होइन, आफ्नो रुचिको विषयमा अध्ययन गर्न कुनै नयाँ समय-तालिका र छुट्टै कार्ययोजना बनाइरहन नपर्ने हुँदा त्यो भन्दा अरू खुशी के नै हुन्छ र !

२०७४ फागुन ११ मा रसुवागढीका जानका लागि हामी पहिलो दिन गाडीको रुट तय गऱ्यौँ । गाडी बिहान ५ बजे इन्जिनियर विवेक कार्की महोदयलाई लिन भक्तपुर नलिनचोक जाने, त्यसपछि मलाई लिन कोटेश्वर आउने, त्यसपछि इन्जिनियर ऋषिकेश न्यौपाने महोदयलाई लिन चापागाउँ जाने, त्यसपछि अर्को सर्भेयर साथी राजन लिम्बू महोदयलाई लिन जाने र सात बजे चक्रपथबाट बाहिर निस्कने योजनाअनुसार हामी सबैलाई एकीकृत गर्ने काम चालक श्रीलाल सुवाल महोदयले गर्नुभयो ।

पूर्वनिर्धारित समयअनुसार हामी एक-आपसमा भेट भैसकेपछि सात बजे नै चक्रपथबाट बाहिर निस्केर टोखाको बाटो हुँदै जानका लागि हाम्रो गाडी अघि बढ्यो । गाडीमात्र अगाडि बढेको थिएन, हामी पनि अगाडि बढ्दै थियौँ । हामीभन्दा कैयौँ अघि कुदिरहेको थियो हाम्रो मन, जुन मनको गति अहिलेसम्मका वैज्ञानिक आविष्कारहरूले पनि मापन गर्न सकेका छैनन् । काठमाडौँको धुलोधुवाँ, अस्तव्यस्ततालाई छाडेर प्रकृतिको अर्गानिक काखमा जान पाउँदा धुलोधुवाँ अस्तव्यस्तताबाट मात्र बचिँदैन, आफ्नो आयु नै बढेको भान हुन्छ ।

यात्रामा जाँदाजाँदै जब टोखा पार गरेर झोर हुँदै अगाडि बढियो, मन आनन्दित हुँदै गयो, मनका कुतूहलता पनि जाग्दै आउन थाले । जब गुर्जे भन्ज्याङ पुगेर चारैतर्फ नजर लगाउन थालियो, तब फागुनको जाडोलाई शरीरले पर्वाह गर्न छाड्यो । त्यहाँ प्रकृतिको काखमा सामीप्यता हुँदाको अनुभव बेग्लै थियो । काठमाडौँको बसाइ यसभन्दा पहिला धेरै समय नभएको हुँदा एक महिना बस्न पनि हम्मेहम्मे लाग्ने अवस्थामा प्रकृतिको काखमा रमाउन पाउँदाको क्षण कति प्यारो, कति ! जहाँबाट चारैतिर मनोरम दृश्यावलोकन गर्न सकिन्थ्यो । काठमाडौँ उपत्यका बसोबासका लागि अस्वस्थ्यकर भए पनि गुर्जे भन्ज्याङबाट नजर लगाउँदाचाहिँ मनोरम नै देखिँदोरहेछ । त्यही दायाँबायाँको चौघेराका दृश्यहरूलाई भविष्यमा समेत पुनर्ताजगी दिने मनसायले हामीहरूले अलिअलि क्यामरालाई पनि यात्रामा सक्रिय बनाऊँ भनेर केही फोटा खिचियो । अनि, हाम्रो यात्रा निरन्तर अगाडि बढ्यो; गाडी रफ्तारसँग । गाडीको भित्रबाट देखिने बाहिरी दृश्यहरू पनि त्यही रफ्तारमै कैद गर्दै हामी अगाडि बढ्यौँ । केही छिनमै नुवाकोट जिल्लाको लिखु नदीले बनाएको ठूलो फाँट थानसिंह छहरे पुगियो ।

लिखुले बनाएको ठूलो फाँट सिँचाइ बाह्रैमास व्यवस्था देख्दा मनमा देश विकासमा भावना उब्जिरहे । यही लिखुजस्तै खोलको पानी र यस्तै फाँटहरूको महत्तम उपयोग गरेमा देशले अवश्य नै काँचुली फेर्ने थियो । गाडीलाई आफ्नो गतिबाट चालक श्रीलाल सुवालले कम गर्नुभएको छैन । देशका चालकहरूले पनि आफ्नो गति कम नगरेको भए सायद आज हामी विकास र प्रविधिमा हामी

संसारमा अग्रणी हुन्थ्यौँ कि भन्ने सोच्दा गाडीले लिखु नदी पार गरिसकेपछि हामी ढिकुरे फाँटमा आँखा लगाउँदै यात्रा अघि बढ्यो । दृश्यावलोकन मनमा कुतूहलता सोच-विचार गर्दागर्दै हामी नुवाकोटको सदरमुकाम विदुर पुग्यौँ । विदुर बजारको बाहिरी स्वरूप केही मात्रामा हेरिसकेपछि मन आनन्दित भयो । यस पहिला जाँदा बजार त्यति घुमिएको थिएन । यसपालि पहिलाभन्दा केही बढीचाहि अवश्य घुमियो तर पूरापूर चाहिँ होइन । बाँकी क्षेत्र अर्को पटक नुवाकोट घुमाइलाई बाँकी राखियो ।

समय, गाडी र मानिसको गतिमा कुनै फरक थिएन । पहिलोलाई प्रकृतिले नै ऊर्जा दिने हुँदा ऊ कसैलाई बिन्तीभाउ गर्दैन । हामी दोस्रा र तेस्राहरू दुवैलाई ऊर्जाको आवश्यकता परेको महसुस हुन थाल्यो । अनि, हामी हाम्रो ऊर्जाको लागि ढुङ्गेमा थकाली होटलतिर लाग्यौँ । खाना खाइसकेपछि अब हाम्रो यात्रा पासाङल्हामु राजमार्गसँग हुने कुरा मनमा गुन्दै अगाडि बढ्यौँ । त्रिशूलीको दायाँबायाँ नुवाकोटको आकाशमा आँखा र मन डुलाउँदै जाँदा यात्रा अघि बढ्दै थियो । जब हामी ऐतिहासिक स्थल बेत्रावतीनजिक पुग्यौँ, वीरताको इतिहास बोकेको स्थलमा पुग्दा कुन नेपालीको छाती गर्वले नफुल्ला र !

बेत्रावतीमा जब फँलाखु खोला पार गर्‍यौँ हामी, रसुवा जिल्लाको भू-भागमा पाइला टेक्यौँ । वीरताको इतिहास सम्झँदै र साथीहरूलाई यहाँको ऐतिहासिक जानकारी दिँदै गाडी रोकी त्रिशूली नदीलाई हेर्‍यौँ । रसुवालाई अन्तिम ठाउँमा जहाँनिर त्रिशूलीले छाड्यो, त्यहाँबाट अब हाम्रो यात्रा त्रिशूलीको महत्त्वपूर्ण सहायक नदी जहाँ भोटेकोशी नामकरण हुन्छ, अर्थात् नेपाल-चीन सिमाना रसुवागढी पुग्नु छ ।

ऐतिहासिक ठाउँ राष्ट्रिय महत्त्वको आयोजनाको लागि जाँदै गर्दा मनमा उत्साह र कुतूहलता उत्तिकै बढिरहेको थियो । फागुनको महिनामा प्रकृतिले आफ्नो सौन्दर्यको जवानी त देखाउन सक्तैन तर पनि रसुवाको परिवेशका दायाँबायाँको वातावरण हेर्दै हामी अगाडि बढ्यौँ । केही छिनमा हामी कालिकास्थान पुग्यौँ । त्यहाँ नेपाली सेनाको चेकजाँचपछि वारिपारि देखिने नेपाली स्वाभिमानका पहाडहरू नियाल्दै निरन्तर अगाडि बढ्यौँ । ती ठूलाठूला पहाड देख्दा लाग्यो यी अजङ्ग पहाडहरूले नै हामीलाई आफ्नो स्वाभिमान डगमग नगर् है भनेर सङ्केत गरेजस्तो लाग्यो ।

इतिहासदेखि आजसम्म हजारौँ प्राकृतिक विपत्तिहरूसँग सामना गर्दै आजसम्म पहाड नै भएर नेपाली पहाडले स्वाभिमानीमात्र देखाएका छैनन्, यिनै पहाडहरूले बेँसीका फाँटहरू र मैदानी भूभाग बनाउन आफ्नो शरीर दान पनि निरन्तर गरेको देख्दा लाग्छ नेपाली पहाड स्वाभिमानमात्र होइन, आम मानवजातिको प्राण धान्ने अनाज उत्पादन गर्ने फाँट बनाउने माटो, जडिबुटीको भण्डार गर्ने पहाडहरू मानव जातिकै निमित्त उभिएको लाग्छ । रफ्तारको यात्रामा हामी थियौँ ।

रसुवागढी पुग्ने ध्येय थियो। सधैँभरि चर्चामा आउने राम्चेको पहिरोनिर जब पुगियो, एक छिन गाडी रोक्यौँ । पासाङल्हामु राजमार्गमा लामो गाडी चलाउनुभएका हाम्रा गाडीचालक श्रीलाल सुवाल पहिरोको पुरानो विवरण सुनाउनुभयो ।

तल त्रिशूली हेर्‍यौँ । पारि रसुवाको पहाडमात्र हेरेनौँ, ती दृश्यहरू इतिहासका लागि क्यमेरामा कैद गर्दै अगाडि बढ्यौँ। नेपालको पहाडी भूगोलमा प्राय साँघुरो बाटो; यहाँ पनि बाटोको अवस्था उस्तै नै थियो। सडकको दायाँबायाँका चट्टानहरू अजङ्ग ढुङ्गाहरू हेर्दै रमाइलो परिवेशका ती ढुङ्गामा आत्मीयता किन बढ्यो, थाहा भएन। तर, प्रायः ठूला ढुङ्गाहरूको सामीप्यतामा फोटाहरू लिई हामी अघि बढ्यौँ। सामान्यतया कठोर मानिसलाई ढुङ्गाको मन भन्छन् तर पनि किन किन ती ढुङ्गाहरूसँगै फोटा लिन मन लाग्छ ? कि आजकल ढुङ्गाहरू नरम र मानिसहरू कठोर त भएका छैनन् ?

पासाङल्हामु राजमार्ग, रसुवा, रसुवागढी, गोसाईँकुण्ड आदिको बारेमा चर्चा, परिचर्चा गर्दागर्दै ती पारि हेर्नू त कस्तो है ! भन्दै हामी आपसमा जानकारी लिँदालिँदै रसुवाको सदरमुकाम धुन्चे पुग्यौँ। फागुनको महिना, मौसमको नियममै चिसो हुने मौसम। धुन्चेमा जब ओर्लियौँ, चिसो महसुस गरियो। खाजाको लागि एक होटलमा बसियो। होटलवालासँग केही जानकारी लिन खोजेको, उनी रहेछन् भारत सीतामडीका स्थायी वासिन्दा, करिब दुई दशकदेखि धुन्चेमा पसल व्यवसाय गरेका व्यापारी। त्यसपछि उनको खाजा खाई हामी अगाडि लाग्यौँ।

अब यो आयोजनाको विस्तृत सर्भेका लागि करिब दुई महिना रसुवा नै बसिन्छ । त्यसबारेमा जानकारी पछि लिँदै गरौँला भनेर हामी अगाडि बढ्यौँ । आमहिन्दूहरूको पवित्र तीर्थस्थल र नेपालको महत्त्वपूर्ण पर्यटकीय स्थल गोसाईँकुण्ड जाने बाटो यही धुन्चेबाट छुट्टिनुपर्छ । हाम्रो सर्भे समूहका सबै साथीहरू सबैले एक पटक गोसाईँकुण्डको यात्रा गरेका रहेछौँ। सबैले आ-आफ्नो रोचक अनुभव सुनाउनुभयो। यस गोसाईँकुण्ड बारेमा फेरि कुनै अर्को यात्रा विवरणमा पेश गरौँला।

धुन्चेबाट थोरै अगाडि रसुवागढी जाने बाटोमा एउटा सानो खोला आउँछ, जुन गोसाईँकुण्डबाट बगेर आउने पानी आउँछ। जसलाई भनिन्छ, त्रिशूली खोला। जुन केही तल भोटोकोशीमा मिसिन्छ। पानीको बहाव हिसाबले त्रिशूलीको तुलनामा भोटेकोशीको ठूलो छ तर पनि नदीको नाम त्रिशूली नै भनिन्छ । सामान्यता दुई खोला, नदी आपसमा मिसिएमा कि ठूलो नदीको नाम लिइन्छ कि नयाँ नामकरण गरिन्छ। तर, यहाँ वहाब सानो भएको नदीले नाममा नेतृत्व गरेको छ । नेपालका नदी नामकरणमा पाइने केही विरलै दृष्टान्तमध्ये यो एक हो ।

जसरी भूगोलमा सानो भए पनि नेपाल विश्वभरमा चर्चित छ। त्यसैले पानीको बहाब सानो भएर पनि त्रिशूली अग्रणी छ । यो ज्वलन्त उदाहरण

आममानिसलाई प्रकृतिले दिएको ठूलो उदाहरण हो । भौतिक रूपमा सानो-ठूलो हुँदैमा नै सबैमा सानो-ठूलो मापन यही नै हुन्छ भन्ने होइन । गाडीको गति निरन्तर बढिरहेको छ । हामी ठूलो भार्खुहुँदै अगाडि बढ्यौँ । केही पर घुम्तीबाट त्रिशूलीको मनमोहक दृश्यमात्र देखिँदैन, पटक-पटक यात्रा गर्नेहरूलाई समेत मोहित र फोटा खिचौँ-खिचौँ बनाउने बाह्र घुम्ती देखिँदा मन लोभित हुन्छ । हामीले पनि प्रकृतिमाथिको मानवीय संरचनालाई कैद गर्‍यौँ । यात्रा नेपाल-चीन सीमासम्म पुग्नु छ । हामी अगाडि बढ्यौँ । बाह्र घुम्ती सकिँदा हामी भोटेकोशीको किनारातर्फ पुग्यौँ । भोटोकोशीको किनारामा भोटेकोशीले गाइरहेको देशभक्तिपूर्ण गीत-सङ्गीत सुन्दै अगाडि बढ्यौँ । भोटेकोशीको किनारामा स्याफ्रुबेँसीको मुखमा नेपालको गौरव चिलिमे जलविद्युत् आयोजनाको पावरहाउस देखिन्छ । जुन देख्दा हामीहरूलाई पनि गर्व लाग्छ । अझ हामीहरू पनि नेपाल विद्युत् प्राधिकरणकै कर्मचारी भएको हुँदा गर्वको छाती झन् ठूलो भयो । यो आयोजनाको बारेमा इन्जिनियर ऋषिकेश न्यौपाने महोदयले सुरुवाती चरणदेखिको कुरा प्रकाश पार्नुभयो । हामी चिलिमेको पावरहाउसमा फेरि घुम्ने वाचासहित अगाडि बढ्यौँ । नजिकैको सानो तर महत्त्वपूर्ण र पुरानो बजार स्याफ्रुबेँसी बजारमा हामी पुग्यौँ । नजर डुलाई अघि बढ्नुको विकल्प हामीमा थिएन ।

स्याफ्रुबेँसीमा भोटोकोशी र लाङटाङ खोला एक-आपसमा मिसिएर अघि बढ्छन् भने यही स्याफ्रुबेँसीको बायाँबाट पहाडको घुमाउरो बाटो बाहुन डाँडाहुँदै ऐतिहासिक घले दरबार, पर्यटकीय र धार्मिकस्थल पार्वतीकुण्ड, त्यसैगरी गोल्जुङ र चिलिमे जान सकिन्छ । चिलिमे जलविद्युत् आयोजना बनाउँदा पनि यही बाटो प्रयोग गरिएको थियो । हामी भने भोटेकोशीको किनारैकिनार अघि लाग्यौँ । स्याफ्रुबेँसीभन्दा केही पर चिलिमे खोला र भोटेकोशी मिसिन्छ । जहाँबाट एउटा बाटो चिलिमे, पाजुङ, तातोपानीलगायतका गाउँतर्फ जान्छ भने अर्को बाटो थुमन हुँदै नागथलीतिर जान्छ । हामी भने ती दुवै बाटो नगई आफ्नो जिम्मेवारी बहन गर्ने बाटो भोटोकोशीको किनारै किनार लाग्यौँ । भोटोकोशीको सुसाइ सुन्दै, रमाउँदै हामी बढिरह्यौँ ।

केही छिनको यात्रापछि हामी भोटेकोशीको किनारमा बन्दै गरेको ठूलो संरचना देख्यौ । के रहेछ भनेर हेर्दा १११ मेगावाटको निर्माणाधीन रसुवागढी जलविद्युत् आयोजनाको पावरहाउस क्षेत्र रहेछ । देशको पानी यसरी नै सदुपयोग गरेमा देशमात्र उज्यालो हुने होइन, देशको आर्थिक विकास र पसिना पोख्न विदेशिने नेपाली दाजुभाइहरूले स्वदेशमा नै पसिना पोखी आफ्नो मातृभूमिलाई हँसाउने थिए भन्दै केही फोटाहरू क्यमेरामा कैद गर्‍यौँ ।

बाटोको किनाराभन्दा केही तल तातोपानीको कुण्ड रहेछ, त्यहाँ अवलोकन गरियो । भतभत उमालेको पानीजस्तो तातो पानी प्रकृतिको गर्भबाट

आएको देख्दा अचम्म मानियो । त्यहाँ नुहाउन पर्दा चिसो पानी मिसाएपछि मात्र नुहाउन सकिने अवस्थाको तातो पानी देख्दा हेरेको हेऱ्यै भइयो । यस ठाउँमा मासुको लागि काटिने खसी, बोका, कुखुरा आदि त्यहीँ नजिक काटेर त्यही तातो पानीको प्रयोगले छालाबाहिरको फोहर सफा गरिँदो रहेछ । त्यतिमात्र होइन, त्यहाँ स्थानीयको भनाइअनुसार तातोपानीभन्दा माथि खसी, बोका, कुखुरा काट्नुहुँदैन भन्ने धार्मिक मान्यता पनि रहेछ ।

रसुवागढीको नजिक नजिक हामीहरू पुग्दै थियौँ । मनमा नयाँनयाँ कुतूहलता उत्तिकै थिए । तातोपानीबाट नजिकै सानो टिमुरे बजार पुगियो । प्रहरी चौकी, भन्सार कार्यालय आदिमा गाडी दर्ता गरी हामी अगाडि बढ्यौँ । पर सिमानामा चिनियाँ भवन देखिन सुरु भयो । मनमा उत्साहसँगै केही पार गऱ्यौँ । अर्को सानो बजार, जसको नामकरण त्यही बहने खोलाको आधारमा घट्टेखोला भनिँदो रहेछ, त्यहाँ एक छिन नजर लगाइयो । बायाँतिर भोटेकोशीको सुसाइ भने दायाँतिर सानो बजार । प्रायः पसलहरू बन्द थिए । हामीले अनुमान गऱ्यौँ; फागुनको चिसोले गर्दा बन्द भएको होला । हामी अघि बढ्ने दूरी धेरै लामो थिएन । चिनियाँ सिमानामा चीनको ठूलो भवन प्रष्ट देखिन्छ भने भोटेकोशीको बायाँ किनारामा १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको ड्यामसाइटमा निरन्तर काम भइरहेको देखिन्छ । हाम्रो मुख्य कामचाहि रातमाटे–रसुवागढी–केरुङ ४०० के.भि. अन्तरदेशीय प्रसारण लाइन आयोजनाको पूर्वेक्षण सर्भेको काम थियो । त्यसका लागि हामीसँग भएको HAND GPS अन गऱ्यौ र टोपो नक्सा फुकाई अध्ययन गर्न थाल्यौँ । GPS मा निर्देशाङ्क (CO-ordinate) र टोपो नक्सा हेर्दै नेपाल–चीन सीमासम्म पुग्यौँ । सिमानाको चट्टाने भीरको माथि हामीले खोजेको निर्देशाङ्क देखाउँछ ।

फागुनको महिना साँझपख चिसोचिसो भैसकेकाले बासको लागि होटल पनि व्यवस्था गर्नुपर्ने भएकाले भोलि बिहान विस्तृत रूपमा हेर्ने सल्लाहका साथमा हामी बासका लागि घट्टेखोलातिर लाग्यौँ । प्रायः होटल बन्द नै थिए । चिसोले नै हो कि भनेर अघि बढियो । टिमुरेमा पनि होटल नपाएमा स्याफ्रुबेँसी जानुपर्छ भन्ने सल्लाह गर्दै हामी अगाडि लाग्यौँ । टिमुरेमा पनि प्रायः होटल बन्द देखियो । पुलिस चौकीनिर केही सोध्यौँ होटलको बारेमा । ड्युटीमा रहेका प्रहरीले यो माथिको होटलमा बुझ्नू त भन्दा माथिको होटल टासी ढेलेकको साहुनीले “छ, छ, बास बस्न मिल्छ,” भनेपछि हामी बासको लागि टिमुरेमा रहेको होटल टासी ढेलेकमा गयौँ । होटलमा गई कोठा हेरिसकेपछि हामीहरूको पहिलो प्रश्न थियो, “यहाँका होटलहरू पसलहरू चिसोले हो कि अन्य कारणले बन्द भएको ?”

तर, कारणचाहिँ अर्को रहेछ । चिनिया नयाँ वर्ष वसन्त पर्वका कारण चीनमा विदा हुँदोरहेछ । व्यापारिक नाका भएका कारण एकातर्फ विदा हुँदा अर्को

तर्फ नेपालतिर पनि नेपाली पसलहरू बन्द भएका रहेछन् । घाम क्षितिज पारि गइसकेको थियो । चिसो बेस्सरी थियो । भोलि बिहान काम गर्ने कुरा गर्दै हामी होटलमा बस्यौँ ।

फागुन १२ गते बिहान फिल्डका लागि तयारी भई हामी गढीतिर लाग्यौँ । जुन स्थानमा हामी पुग्नुपर्ने थियो, त्यहाँनिर एकदम चट्टाने भीर, माथि पहाडको टुप्पोमा हेर्दा टोपी खस्लाजस्तो ठाडो भीर, त्यसमाथि भूकम्पले हल्लाएको र झारेको ढुङ्गा हेऱ्यौँ । जान सक्ने र प्रसारण लाइनको टावर राख्न सकिने ठाउँसम्म गई त्यहाँको निर्देशाङ्क ल्यायौँ ।

त्यसपछि त्यहाँ एक जना बूढो मानिस भेटिनुभयो । केही कुरा गऱ्यौँ । पहिला यहाँ कस्तो थियो आदिआदि । अनि, उहाँलाई सोध्यौँ, "गढी कता पर्छ ?"

उहाँले बताउनुभयो– जहाँ हामी हिजो र आज पुगेका थियौँ, सीमानजिक, त्यहाँ नै रहेछ । हामी सबै उत्साहका साथ गढी हेर्न गयौँ । त्यहाँ लडाइँको बेलाको केही संरचना पनि देख्न पाइन्छ भने वि.सं. १९१२ को शिलापत्र र ऐतिहासिक स्थल रसुवागढी भनी नेपाली र अङ्ग्रेजीमा लेखिएको सूचना-पाटी पनि देख्न सकिन्छ । जहाँको सूचना पाटीमा निम्न सूचना प्राप्त गर्न सकिन्छ– 'रसुवागढी प्राचीनकालदेखि नेपाल र भोटबीच चल्ने व्यापारको प्रमुख मार्गको रूपमा रहिआएको थियो ।' यो मध्यकालको उत्तरार्द्धसम्म पनि प्रमुख व्यापारिक मार्ग र केन्द्रको रूपमा कायम रहेको देखिन्छ ।

उत्तरबाट लिङ्दे र पश्चिमबाट

कविता



**शारदादेवी भट्टराई**

## जिउने तिमीले नै हो

गर्मीको घामले त पोल्छ साथी
नरिसाऊ यो प्रकृतिको नियम हो
बरू हुन्थ्यो छाता ओढेकै जाती
आखिर जिउने त तिमीले नै हो ।

चर्को स्वरले जित हुनेभए
किन ध्वस्त हुन्थे ठूला शहरहरू
बरू हुन्थ्यो मिठो बोलेकै जाती
आखिर जिउने त तिमीले नै हो ।

माटोमा मात्र कहाँ घर बन्छ र
ढुङ्गा फुटेर माटो नसमाएपछि
बरू सबैको मेल भैदिए हुन्थ्यो
आखिर जिउने त तिमीले नै हो ।

आकाश जत्रो धन खोज्ने जमातमा
कहाँ आफूलाई खोज्न सक्थ्यौ र
बरू त्यागी बन आफैँलाई चिन्नेछौ
आखिर जिउने त तिमीले नै हो ।

केरुङ खोला मिलेर भोटेकोशी बनेको छ । यी दुई खोलाको सङ्गमनजिक रसुवागढी निर्माण भएको छ ।

बहादुर शाहको समयमा भएको नेपाल-भोट युद्धमा भोटको सहायतको लागि यही बाटोहुँदै आएका चिनियाँ फौजले नेपालीहरूलाई हराउँदै बेत्रावतीसम्म पुगेका थिए भनिन्छ ।

त्यसैगरी पछि जङ्गबहादुरका पालामा भएको नेपाल-भोट युद्धमा तिब्बतीलाई हराएपछि नेपाली फौज गढीको बाटो हुँदै केरुङ र दिवर्गसम्म पुगेको थिए । त्यसै युद्धको समयमा (वि.सं. १९१२ साल) मा यस गढी निर्माण भएको थियो । रसुवा गढीको नामबाट नै रसुवा जिल्लाको नाम रहन गएको हो । यो गढी हाल लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्दछ ।

सूचना र गढीको संरचना हेर्दा पुर्खाले मातृभूमिका लागि पोखेको रगत र पसिनाप्रति गर्व लाग्छ । इतिहासको कुनै कालखण्डमा भोटका धेरै सामान र भोटका लागि पैसासमेत यतै नेपाली टक्सारबाट बनाएर पठाउने देश आज हरेक देशहरूसँग सहयोगको याचना माग गर्दै छ । इतिहास पढ्दा र वर्तमानको अवस्था देख्दा कुन देशभक्त सपुतको मन नदुख्ला र सिमानामा चिनियाँ पक्षको ठूलो आधुनिक सुविधा सम्पन्न भवन यता नेपालतिर निर्वाहमुखी कार्यालय देख्दा नाकाबाट यात्रा गर्ने चिनियाँ र विदेशीहरूले के मूल्याङ्कन गर्छन् होला, वीरताको इतिहास बोकेको नाकाबाट वर्षमा हजारौँ पर्यटक आवतजावत गर्छन् तर जीवन्त इतिहास बोकेको यस गढीबारे धेरैमा अनभिज्ञता पाइयो । समयले ती पर्यटकहरू, जसले गढीको महान् ऐतिहासिकता नबुझी गए फेरि बुझ्न कुनै दिन त्यहाँ ल्याउनेछ ।

गढीवरपर घुमियो । युद्धको समयमा सायद यहीँ राखेर बन्दुक पड्काए होलान् भनी कल्पना गर्दै दिमागमा चित्र सुरक्षितमात्र गरिएन, त्यसको अलवा क्यामरामा चित्र कैद गरी हामी आफ्नो कामतिर लाग्यौँ । नेपालको जीवन्त इतिहास सम्झाउने बुझाउने यस गढी ओझेलमा परेको देख्दा मन दुख्छ । आगामी दिनमा आन्तरिक पर्यटकहरू कम्तीमा पनि विद्यालयहरूले गर्ने शैक्षिक भ्रमणको स्थल भए पनि यो स्थान बनोस्, जसले गर्दा कलिला ती नयाँ मुनाहरूले देशको माटोप्रति पुर्खाले देखाएको सर्मपण थाहा पाउन सकून् । यदि तपाईँ-हामी अन्य उमेर समूहका भए पनि नेपाली वीरताका चिनो भएका ठाउँमा एक पटक जान पायौँ भने साँच्चिकै नेपाली वीरताको छाती फेरि फैलिन सक्छ ।

■■

***everestkala@gmail.com***



विष्णुप्रसाद आचार्य 'अतृप्त'

# बनारसदेखि अयोध्यासम्म



**सुरु:**

कुनै लामो यात्रामा सरिक भएर भ्रमणका बहुआयामिक भोगाइलाई अनुभूतिको चास्नीमा घोलेर नियात्रा लेख्ने रहर हालसम्म पूरा हुन पाएको थिएन । त्यस्तो संजोग जुरेको थिएन नै भनौँ । संजोगको निगाह पाउन मनलाई तयार गर्नुपर्छ भन्ने कुरा ज्ञात भएपछि यसपालि भने मनलाई तयार पारियो, व्यस्ततालाई व्यवस्थापन गरियो र सुरु गरियो भारतको उत्तरप्रदेशअन्तर्गत पर्ने बनारस हुँदै अयोध्यासम्मको तीर्थयात्रा । अक्कलादेवी कृषि सहकारी संस्था विदुर-५, नुवाकोटका अध्यक्ष एवम् नुवाकोट आदर्श बहुमुखी क्याम्पस बट्टारका प्राध्यापक जितेन्द्र अर्यालले तीर्थयात्राको कन्सेप्ट डिजाइन गरेका रहेछन् । सोही सहकारी संस्थाका सञ्चालक सदस्य, गाउँमै बसी कृषिक्रान्तिको अगुवाइ गरिरहेका मेरा ज्वाइँ शिवप्रसाद भट्टराईले २०७६ मङ्सिर ७ गतेदेखि साताव्यापी तीर्थयात्रा सुरु हुने सूचना दिए । ततपश्चात् नाम दर्ता गराउनेदेखि रकमकलमको व्यवस्थापन, नागरिकताको प्रमाणपत्र सङ्कलन, भा.रु. सटही, खाद्यान्न र लत्ताकपडा व्यवस्थापनलगायतका सबै काम फत्ते गरी आमाको साथमा तीर्थयात्रामा सरिक हुनका लागि सम्पूर्ण तयारी पूरा गरियो । धार्मिक पर्यटन प्रवर्द्धन गर्ने, पुनर्ताजगी प्राप्त गर्ने र सहकारिताको सिद्धान्तलाई पुनर्बल गर्ने उद्देश्यका साथ सो तीर्थयात्रा सुरु गरिएको थियो ।

**यात्रा: केवल यात्रैयात्रा**

मङ्सिरको पहिलो साता । चिसो त्यति तन्नेरी भइसकेको थिएन तर हल्काहल्का शीतवर्षा भने सुरु भइसकेको थियो । पातलो हुस्सुका कारण भिजिविलिटी भने कमजोर भइसकेको थियो । अक्कलादेवी कृषि सहकारी संस्था विदुर ५, नुवाकोटको संयोजनमा सहकारीका शेयर सदस्य, साधारण बचतकर्ता तथा केही इच्छुक-शुभेच्छुकसमेत गरी जम्मा ४९ जनाले २०७६ मङ्सिर ७ गते बिहान ६:४५ बजे स्थानीय रक्तकाली र अक्कलादेवी माईको जयजयकारसहित तीर्थयात्रा आरम्भ गरेको थियौँ । यात्रा आरम्भ हुनुपूर्व बसको अगाडिको सिटका लागि हानाथाप गर्ने नेपालीहरूको पुरानै चलन हो । यसलाई व्यङ्ग्य गर्दै एक

जना साथीले 'सबैले अगाडिकै सिट भेट्टाउने खालको तेर्सो बस'को परिकल्पना सुनाए । लगत्तै त्यस्तो बस गुड्न फराकिलो सडक चाहिने र सडक चौँडा बनाउँदा आफ्नै मकै फल्ने बारी मासिने बताएपछि हामी त्यस्तो बसको कल्पनाबाट तुरुन्तै पछाडि हटेर सम्हालिएर आआफ्नो भागमा आएको सिटमा बसेका थियौँ ।

लु २ ख २९७ नम्बरको टुरिष्ट बसको पेटेओडारभित्र केही खाँदाखाँद गरेर हामी अगाडि बेगिँदै थियौँ । केही पर पुगेपछि यात्रामा हुने हैरानी मेटाउन चालकलाई गाना बजाउन वा फिल्म लगाइदिन अनुरोध गरियो । चालक केटौले उमेरका रहेछन्, कुन्नि के सोचेर हो, 'चिमोट्यौ नि गालैमा चुटुक्कै, त्यै सम्झेर मन भयो भुतुक्कै ...........', 'हिजो रोदीमा के-के भयो, के-के, आज हेर्नै लाज सोल्टिनीको मुख ........' भन्ने गीत पो बजाइदियो । त्यस गीतको मुखडा/अन्तरा भाग र हामी तीर्थयात्रीले सोचेको हरिभजनबीच कत्ति पनि तालमेल नभएपछि कोही निदाउन थाले भने केही युवावयका साथीहरूचाहिँ 'बेमौसमी बाजा बजे तापनि कम्तीमा मनोरञ्जन त पाइयो' भन्दै सोही गीतमा झुम्न थाले ।

बिहानको १०:३० बजे गाडी कुरिनटार पुगेर रोकियो । हामी सबैले जीउ हल्का बनाएर अतिथि भान्छाघरमा खाना खायौँ । साग विशेष मीठो बनेको रहेछ । भोकको सुरमा आन्द्रै हरियो हुने गरी साग खाइयो । भात सायद जिल्लियो होला आफू अवमूल्यनमा परेको महसुस गरेर ।

पेट अघाएपछि हाम्रो स्फूर्ति त बढेकै थियो तर त्यसको असर गाडीलाई पनि परेछ सायद । एकै छिनमा गाडी नारायणगढ, नारायणी पुलहुँदै गैँडाकोटतर्फ प्रस्थान गर्दै थियो । नारायणी नदीमा केही डुङ्गाहरू छालमा तैरिँदै छालसँग लहरिँदै गरिरहेका थिए । साथीहरूले 'सरकारको पानीजहाज' भनेर चास्सचुस्स व्यङ्ग्य कसिहाले । आखिर हामी सबै गाली शिरोमणि न पर्‍यौँ ! आलोचनालाई बौद्धिकता ठान्ने हाम्रो पुरानै आदत हो आखिर । बिस्तारै सिजी धाम, चोरमारा, दुम्कीबास, दाउन्ने, बर्दघाटहुँदै करिब ३:३० बजे हाम्रो टोली सुनौली पुग्यो ।

तीर्थयात्री भनेपछि भन्सारका अधिकारीहरूले खासै चेकजाँच गरेनन् । २/४ जनाको झोला बल लगाएरै उनीहरूले उधिने, त्यसपछि भने हामी फुक्काफाल भयौँ । फुक्काफाल त भइयो तर अर्को भारतीय बस चढ्नका लागि बन्दोबस्तीका सामानसहित करिब १ कि.मि. हिँड्नु पर्‍यो हामीलाई । त्यसैबीच ट्राभलबाट खटिएका २ जना पथप्रदर्शक (गाइड) टुप्लुक्क देखा परे । बुटवल घर बताउने विवेक पौडेल (गोरे गाइड) र पोखरा घर भएका विष्णु गौतम (दारी गाइड) मध्येका एकले १ कि.मि. हिँडेपछि एकै छिनमा पुगिने भनी हामीलाई हौस्याउँदा हाम्रो टोलीमा हलुका हाँसो पनि गुन्जियो ।

हामी पसिना-पसिना भएर भारततर्फको बसपार्कतिर हानियौँ । त्यो बेला हामीलाई ३ कुराले पिरोलेको थियो– अर्को बसमा सिट कस्तो पर्ला ? लगेजहरू

यति टाढा कसरी पुऱ्याउने ? सुनौलीसम्म हामीलाई ल्याइपुऱ्याउने नेपाली बसमा झैँ भारतीय बसमा पनि खाँदाखाँद गरेर बस्नुपऱ्यो भने यात्रा, यात्रा नरहेर जात्रा पो हुने हो कि ?

भारततर्फको बसपार्कमा हामीलाई बोक्न तैनाथ भएको रहेछ माथि २० जनासम्म सुत्न पनि मिल्ने र लगेज पनि राख्न मिल्ने अनि तल सिटहरू पनि पर्याप्त भएको २ तले बस । दुई तले बस देख्नासाथ मित्रहरू पुष्कर अर्याल र शिवहरि सडौला माथिल्लो तलामा उक्लिएर घुर्न सुरु गरिहाले । हामी सबैमा सुनौलीसम्मको बसयात्राभन्दा बाँकी यात्रा केही सहज हुने आशा पलाएर आयो ।

अब बस गन्तव्यतर्फ सोझिँदै थियो । फाँटिलो समथर जमिन, पहेँलपुर तोरी, आलु खेती, ससाना पातला घरयुक्त बस्ती यस्तै रमाइला परिदृश्यहरूले आँखामा निद्रा आउन दिएको थिएन ।

"के सारो परालको माया नभएका ! हेर ढाडढाडमा धान काटेर परालको सत्यानास !" बसभित्रबाट कोही फुसफुसायो ।

"सायद खनिजोती मल तुल्याउने होला," अर्कोले डेढअक्कली उत्तर तेर्स्यायो । फाँटका बीचबीचमा हरियाहरिया रूखका थेक्लाथेक्ली देखिए । धेरै त आँपका गाछीहरू देखिए ।

हामी सवार गाडीले हामीलाई भगवानपुर, वनकटी, सन्त कविरनगरहुँदै हुत्याउँदै अगाडि लग्यो । केही पर पुगेपछि एकापट्टि घना जङ्गल र अर्कोतिर पातलो बस्ती, एकै छिनमा फेरि दुवै साइडमा घना जङ्गलमात्र । लहरै पाउलोनियाका रूखहरू । हामी चियानास्ताका लागि एउटा होटलमा झऱ्यौँ । होटलमा चना, चिया र सेतो अण्डासिवाय केही देखिएन । भारतीय बजारमा प्रायः सेता अण्डा नै भेटिँदारहेछन् । केही साथीहरूले त्यसलाई "प्लास्टिकको अण्डा हो कि !" भनेपछि मैले "नक्कली नोट दिएर नक्कली अण्डा किनौँ न त, बराबरी हुन्छ," भनी हल्का हाँसो पनि गर्न भ्याएँ ।

होटलमा केहीले चिया पिए, तर अधिकांशले अगाडि कतै पिइसकेको चिया रित्याउने काममात्र गरे । अब हाम्रो गाडी फेरि डाँको छाडेर बेतोड बत्तिन थाल्यो । केही भोक लागेको महसुस भएकाले अफिसकै एक जना सहकर्मी मित्रले बढो सद्भावका साथ यात्राका लागि खाजा भनेर दिएको ओखर प्रेमपूर्वक ग्रहण गर्दै अघि बढियो । गाउँको भाइ प्रशान्तले बाटाखर्च भनेर २०/२५ वटा भोगटे लिएर गएको रहेछ । "मुख सुक्छ, सुन्तला किनौँ न," भन्ने आमाको आग्रह विभिन्न कारणले पूरा हुन सकेको थिएन । त्यही बेलामा भोगटेले मज्जैसँग अड्को-पड्को, तेलको धूपको काम गरिदियो ।

बसभित्र भोगटे त खाइयो तर फोहर व्यवस्थापन कसरी गर्ने भन्ने सवालमा विमर्श सुरु भयो । सबैले झ्यालबाट फोहर फाल्न नहुने पक्षमा अभिमत

जाहेर गरे। गाउँमा साँध-सिमानाका नाममा भगडा गर्ने गाउँलेहरू परदेशमा चाहिँ फोहर व्यवस्थापनको शैलीका बारेमा एकमत हुनु डराउनुसिवाय केही होइन भन्ने ठहरका साथ भाइ प्रशान्तले "इन्डियनले कुट्छन् भनेर डराएका 'वीर गोर्खाली'" भनेर व्यङ्ग्य पनि गरिहाल्यो।

साँझ परिसकेको थियो। अँध्यारोले साम्राज्य बिस्तार गरिसकेको थियो। तर, अँध्यारो भगाउन नागबेली पारेर सडकका विद्युत् पोलहरूमा बहुरङ्गी मालाबत्तीहरू बलिरहेकै थिए। मानौँ फेददेखि टुप्पोसम्म पूरै खम्बा प्रकाशमय भएर बलेजस्तो।

त्यस दिन हामीले रातको १२:०० बजेतिर खाना खायौँ। त्यसपछिको रात्रिकालीन दृश्य केही देखिएन। गाडीमा तेल हालेर फ्रुटी, लेयर्सजस्ता फास्टफुडहरूको व्यवस्थासहित हामी भोलिपल्ट बिहान ४ बजे बनारस पुग्यौँ। होटलमा २ घन्टा पनि परेला जोड्न नभ्याउँदै पितृकार्यका लागि प्रस्थान गर्ने तयारी गरियो। मङ्सिर ७ गते त्यस्तो उल्लेखनीय केही भएन भनौँ, यात्रै यात्रामात्र भयो।

## बनारसमा दिल खुस, दिमाग खराब

मङ्सिर ८ गते बिहान हामी काशी श्राद्धका लागि प्रस्थान गऱ्यौँ। शिक्षा र संस्कृतिको सन्देश दिने एवम् बाबा विश्वनाथको बासस्थान, अन्नपूर्ण मन्दिर, कालभैरव मन्दिर आदिका कारण सधैँ चर्चामा रहने शहर बनारस हाम्रा लागि स्वप्निल गन्तव्य थियो। हिन्दूमात्र होइन, बौद्ध, जैन धर्मावलम्बीले समेत बनारसप्रति अगाध आस्था राख्दा रहेछन्। स्वयम् भगवान् शिवले ५००० वर्षअगाडि स्थापना गरेको भनिएको बनारस शहर दक्षिणबाट उत्तरतर्फ बग्ने भागीरथी नदीको तटमा अवस्थित रहेछ र त्यसका काशी/वाराणसी आदि अनेक नाम रहेछन्।

सहायक उद्देश्य जे भए पनि हाम्रो बनारस भ्रमणको मूल उद्देश्यचाहिँ पितृकार्य सम्पन्न गर्नु नै थियो। पितृकार्य गराउँदा बनारसमा पण्डाले गाल्छ, पगाल्दैन भन्ने हामीले पहिले नै सुनेका थियौँ। त्यतिमात्र होइन, बनारसमा पण्डा (पुरोहित) सँग पिण्ड खोसाखोस भएको घटना पनि मैले केही अघि सुनेको थिएँ। त्यसैले हामीले गाइडसँग पितृकार्य विधिपूर्वक गर्ने गराउने र दक्षिणा कम्तीमा एकै दररेटमा र बढीमा गच्छेअनुसार दिने/लिने कुरामा पण्डालाई सहमत गराउन अनुरोध गऱ्यौँ। सोही अनुसार न्यूनतम भा.रु. १०५।- दक्षिणा दिने भनी कुरो छिनियो पनि। पहिलो चरणको कुराकानीबाट प्राप्त निष्कर्ष सबैलाई सुनाई विधिवत् भागीरथीमा स्नान गरी सामूहिक पितृकार्य सुरु पनि गरियो। पितृकार्यको सुरुवात सहायक पण्डाले गराए। उनले गोदान गराएर केही दक्षिणा लिएपछि श्राद्धस्थलमा मूल पण्डालाई प्रवेश गराए।

मूल पण्डाले उत्तम, मध्यम र निम्न ३ कोटिको पितृकार्यको प्रसङ्ग उठाएर यति टाढा आइसकेपछि उत्तम कोटिको पितृकार्य गर्न र त्यसका लागि

जनही कम्तीमा रु. ३,००० भा.रु. दक्षिणा दिन अह्राए । यसका साथै गया र अन्य धामहरूमा गएर गर्नुपर्ने श्राद्धादि कर्म पनि त्यहीँ गराइदिने उद्‌घोष पनि गरे । पछि समूहको मनोविज्ञान बुझेर हो कि के हो १,१०० भा.रु.मा पितृकार्य गराउँछौँ भनी हामीलाई बचनबद्ध गराए । यसैबीच सहायक पण्डाले सिधा भोजन भनेर भन्दै जनही भा.रु.१०० पनि लिएर गए । अझ गौण पण्डाको प्रवेश गराउने खेलोमेलो पनि चल्दै थियो, हामीले कुरो बुझेर बदर गरिदियौँ । अक्कलादेवी सहकारीका सचिव राजकुमार अर्याल भाइले मुक्तिनाथमा केही नपाएर पानीकै सिधा हालेको र पुरोहितले पनि लटरपटर श्राद्ध गराएको सन्दर्भ प्रस्तुत गरेपछि भने पण्डाले दक्षिणाको मामलामा जेजस्तो सौदाबाजी र धोखाधडी गरे पनि उनीहरूले गराएको विधिपूर्वकको श्राद्धकर्मबाट हामी हदैसम्म सन्तुष्ट हुन पुगेछौँ ।

पितृकार्य समाप्त भएपछि बनारसका कूल ८८ घाटमध्ये हामीले मोटरबोटमा चढेर हरिश्चन्द्र घाट, अस्सी घाट, मणिकर्णिका घाट, पञ्चगङ्गा घाट आदिको अवलोकन गऱ्यौँ । भागीरथी गङ्गामाथि रहेको माथिबाट गाडी र तलबाट रेल गुड्ने पुल हामीलाई भारतले गरेको वैज्ञानिक तरक्कीको अनुपम दृष्टान्तझैँ लाग्यो । मोटरबोटमा शयर गर्दै तस्वीर खिच्नुको आनन्दमा हामी सबै प्रफुल्लित थियौँ । मित्र जितेन्द्रजी र भाइ विमल खड्का फेसबुक लाइभमार्फत विश्वभरि हामीलाई प्रसारण गर्दै थिए । यसैबीच विगत ३/४ दिन अघिदेखि पानीमा ढाडिएको एउटा लास हामी छेवैबाट उँधो बगेर गयो । रमाइलोका बीचमा क्षणिक वैराग्यबोधले लामो आयु प्राप्त गर्न सकेन । फलस्वरूप हामी पूर्ववत् रङ्गीन संसारमा हराइ नै रह्यौँ ।

मोटरबोटमा चढ्दै गर्दा/चढेको बेला त्यहाँका ससाना नानीहरूले फूल प्रसादी र उनीहरूको परिभाषामा कबुतर (परेवा) भनिएका सेता साइबेरियन चरालाई हालिने चारो किन्न औधि करकर गरिरहे । हामीसँग ठूला भारतीय नोटमात्र रहेकाले त्यसलाई भजाउन भए पनि उनीहरूको सामान मन लागी नलागी किनिदिन्थ्यौँ । पैसा हात नपरी सामान नदिने, पुरानो नोट नलिने, नेपाली पैसा नलिने अनि धरपकड गरेर भए पनि दुई–चार रुपैयाँको भए पनि व्यापार गरेरै छाड्ने ती नानीहरूको व्यावसायिक दिमागलाई मैले मनमनै स्यालुट गरेँ । यता नेपालमा समान उमेरका नानीहरूले राम्ररी सिँगान स्याहार्न पनि नसकेको सम्झनाले भने भित्रैदेखि चिमोटि नै रह्यो ।

मोटरबोटबाट भागीरथीमा चारो फ्याँकेपछि सेता साइबेरिन चराहरूले बढो भीडभाडका साथ हामीलाई नजिकैबाट पछ्याउँदा रहेछन् । हामी त्यो कर्म गरेर बारम्बार रमायौँ । नजिक आएका साइबेरियन चराहरूलाई कुशलतापूर्वक पक्रिएर शान्तिको प्रतीक परेवा भन्दै भा.रु.१०० मा हामीलाई नै बेच्थे साना नानीहरू । चारो हाल्यो, चरो समात्यो, फेरि चरा बेच्यो फेरि चारो बेच्यो !

ओहो ! एक होइन दशौँ चलाखी एकैसाथ ! हामीले मरेका .........ले जिउँदा नेपालीलाई.....भन्ने उखान पटक पटक मनमनै दोहोऱ्याएछौँ ।

पितृकार्य र भागीरथी नदीको शयर सम्पन्न गरिसकेपछि हामीले सपिङका लागि बनारसको बजार एरियामा पाइला राख्यौँ । हाम्रो मनमा बनारसी साडी, बनारसको पान, बनारसी धार्मिक पुस्तक, सायङ्कालीन गङ्गा आरती आदिको चहकिलो बिम्व पहिलेदेखि नै नाचिरहेकै थियो । थाहा थिएन– आइतबार बजार बन्द हुँदोरहेछ । साँघुरा गल्लीका अँध्यारा कोठरीभित्रको मधुरो उज्यालोमा केही साथीहरूले २/४ थान बनारसी साडी किनि भ्याएछन् । हामीलाई होटलदेखि अटोरिक्सामा राखेर बजार पुऱ्याउने रिक्सा चालकहरूले कुनाकुना छिराएर हामीलाई पसल-पसल पुऱ्याउँदा पनि हामीले त्यति सामान खरिद गरेनछौँ, जति उनीहरूले सोचेका रहेछन् । त्यसपछि त रिक्सावालहरू हामीसँग औधि रिसाए र हामीलाई 'भुखा नेपाली'सम्म भन्न भ्याए । हामी भने सामान किन्नभन्दा पनि बनारसी पान र पञ्चामृत चिया (पञ्चामृतजस्तै गुलियो तर थोरै परिमाणमा उपलब्ध हुने भएर यसो भनिएको हो) पिएर त्यहाँको मुस्लिम समाजमा हालसम्म बाँचिरहेको बुर्का संस्कृतिलाई हेरिरह्यौँ ।

बनारस कुनै बेला असम्भव गन्तव्यको प्रतीकका रूपमा रहेको थियो । कुनै असम्भव कार्यका लागि 'काशीमा गएर मुख धोएर आउनुपर्छ' भन्ने उखान प्रयोग हुने गरेको सन्दर्भमा त्यहाँ पुगेर समस्त पितृहरूको उद्धारका लागि विधिपूर्वक श्राद्ध गर्न पाउँदा एकातिर हाम्रो दिल खुसीले पुलकित भइरहेको थियो भने अर्कातिर पण्डाहरूको करकापपूर्ण व्यवहार र रिक्सावालहरूले आर्थिक स्वार्थका कारण गरेको अनावश्यक पेलान र तिनीहरूले प्रयोग गरेको अशिष्ट शब्दका कारण दिमाग भने खराब भइरहेको थियो ।

## ५ लाखको हात्तीमा पाँचै जना भिखारी

मङ्सिर ९ गते हाम्रो यात्रा सुरु भयो बनारसको आदित्य इन होटलदेखि ताजमहलसम्मका लागि । इलाहाबाद, लखनउ, कानपुरहुँदै करिब ६०० कि.मि.को यात्रा तय गरेपछि आगरा पुगिने रहेछ । हाम्रा तिलचामले कपालवाला गुरुजीले यो जानकारी गराए हामीलाई । 'मकान सादा उद्यमशीलता ज्यादा' को मूल मन्त्रले नै आर्थिक समृद्धि सम्भव हुन्छ भन्ने कुराको बोध हामीलाई त्यतिबेला भयो, जतिबेला हामीले झुप्रैझुप्राझैँ लाग्ने घरहरू र हरक्षण मेसिनझैँ चलिरहने भारतीय श्रमशील नागरिकहरूको गतिविधिलाई बाटोबाटै सूक्ष्म रूपले नियाल्न पायौँ ।

प्रत्येक लेनबाट सजिलै २ वटा गाडी पास हुने गरी बनाइएको ३ लेनको सडक हुँदै हाम्रो गाडी बेगियो । हाम्रा अर्धबैँशे भारतीय चालक रामत्रिपाल गाडी चलाउँदा बाटामा खाना खायो भने निन्द्रा लाग्छ भन्ने मान्यता राख्दारहेछन् । मैले त्रिशूलीदेखि काठमाडौँसम्म आउँदा कम्तीमा ३ ठाउँमा रोकिएर भक्ष–अभक्ष उदरस्थ

गर्ने गुरुजी साथीभाइहरूलाई सम्झिएँ र मनमनै रामत्रिपालको जिम्मेवारीबोध र चिन्तनगत उचाइको आकलन गरिरहेँ । यात्राको क्रममा बाटाको दायाँ-बायाँ आँप र अमलाको बगैँचा, सडक-लेनको बीचमा करवीरको रूख र त्यसमा फुलेका राता, सेता, पहेँला फूल, दृश्य अभूतपूर्व देखिन्थ्यो ।

ठाउँको नाम त याद भएन, करिब १२:३० बजेतिर बसेरा बिहारी ढावा शुद्ध शाकाहारी भोजनालय परिसरमा हामी बसेको बनारसकै होटलका कारिन्दाहरूले खाना तयार पारे । बनारसदेखि बाँकी यात्रा अवधिभर तिनै कुक म्यानहरूले खाना बनाएर खुवाउने रहेछन् हामीलाई । खाना त खाइयो तर शौचालय छैन । शौचालय नभएको हो कि के हो भनेर बुझ्न खोजको त शौचालयको संस्कृति नै नभएको भन्ने अनौठो जानकारी पो पाइयो । हामी यता खुला दिशामुक्त क्षेत्र र सार्वजनिक/घुम्ती शौचालयको कुरा गरिरहँदा उता भने शौचालयमा शौच गर्ने संस्कार नै नहुनु दुर्भाग्यपूर्ण लाग्यो ।

त्यहाँ रहँदा हामीले बोटमै पाकेका ताजा अम्बा किनेर खायौँ । हाम्रा सवारी चालक रामत्रिपाल भने २ दाना अम्बा र एक कप पञ्चामृत चियाको भरमा गाडी हाँक्न तयार देखिए । त्यत्तिकैमा ५ लाखको हात्ती चढेर ५ जना तिघ्रे भिखारीहरू माग्न आए । हाम्रो समूह देखेर भिखारीहरू हामीतिर माग्न ओर्लिएका रहेछन् । हामीलाई भने ‘सुनको थालमा सुकाको भीख’, ‘बाहुनलाई सेतो हात्ती’ भन्नेजस्ता उखान झलझली भइरह्यो र धेरैबेर मुखामुख गरेर हाँसिरह्यौँ ।

खाना खाइसकेर हाम्रो टोली मुख्य हाइवे पक्रिएर अगाडि बढि नै रह्यो । राष्ट्रिय राजमार्गको छेउमा मानव बस्ती विरलै मात्र देखिन्थे । फेरि मूल राजमार्गसँग जोडेर सहायक मार्गहरू बनाइएको पनि देखिएन । राजमार्ग निकै फराकिलो थियो । न कतै ट्राफिक देखिन्थ्यो, न त ट्राफिक जाम नै । धेरैजसो स्थानमा माथि मुख्य मार्ग र तल अण्डरपास क्रसिङ गराएर सहायक मार्ग बिस्तार गरिएको देखियो । हामीहरूले यो भारतीय सरकारको योजनाबद्ध प्रयासको उपलब्धि हो भनेर चर्चा गरिरह्यौँ ।

यात्राकै क्रममा राति ७ बजे मधुवन होटलमा खाना खाई आगरास्थित होटल ताज हाइट Green Ginger Resturant मा थकान बिसाइयो ।

## ताजमहल र यमुनाको जल

मङ्सिर १० गते हलुका ब्रेकफास्ट लिएर हामी बास बसेको होटलबाट करिब २ कि.मि.को दूरीमा अवस्थित अमर प्रेमको निशानी मानिएको ताजमहल भ्रमणका लागि प्रस्थान गऱ्यौ । हाम्रो बसले केही वरै छाडिदिएपछि करिब २ मिनेटको बाटोमा पनि हामीलाई अर्को भारतीय बस चढ्न लगाइयो । स्थानीय यातायात व्यवसायीहरूले आफू बाँच्नका लागि यस्तो सिन्डिकेट गर्दा रहेछन् । ताजमहल हेर्नका लागि सार्क नागरिकलाई शाहजाह र मुमताजको समाधिस्थल

समेत हेर्ने भए ७४० भा.रु. र समाधि नहेर्ने भए ५४० भा.रु. लिइँदो रहेछ । हाम्रो टोलीले इच्छाअनुसारको टिकट खरिद गऱ्यो ।

हाम्रो टोलीलाई एक जना स्थानीय गाइडले नेतृत्व गरिरहेको थियो । उसले ताजमहलको इतिहासबारे ब्रिफिङ गरिरह्यो । नजिकै बगेको यमुना नदी र ताजमहल परिसरमा रहेको गर्त (खाडलजस्तो) लाई देखाएर हिन्दीमा भन्यो, "यही नदीको जल यही खाडलको बाटो भएर ओसारेर ताजमहल बनाइएको हो । यो खाडलहुँदै अझै पनि यमुना नदीसम्म पुग्न सकिन्छ भन्ने विश्वास छ ।" गाइडले ताजमहलको निर्माणमा विभिन्न देशबाट ल्याइएका २८ थरी किमती पत्थरहरूको प्रयोग भएको, यसको उचाइ ७३ मिटर अग्लो रहेको, दोस्रो विश्वयुद्धको समयमा यसको सुरक्षाका लागि चारैतिर बाँस ठड्याएर हरियो च्यादर ओडाइएको, यो विश्वका सात आश्चर्यमध्ये एक रहेको र शाहजहाँले यस्तै महल अन्यत्र बनाए कालीगढहरूको हात काटिदिने भनी गरेको घोषणाको प्रसङ्ग पनि कोट्यायो ।

ताजमहलको हरियाली, अनुपम वास्तुकला आदिको अवलोकनपछि हामी नजिकै रहेको लालकिल्लाको अवलोकन गर्न गयौँ । तजमहलमा घुम्दा भोकाएर लखतरान भएको हाम्रो टोली लालकिल्लामा ओर्लन त्यति तयार देखिएन । फेरि लालकिल्ला घुम्न भा.रु. ५०० लाग्ने भन्ने गलत सूचनाले पनि धेरै साथीहरूलाई 'एउटा किल्ला न हो, किन घुम्ने ?' भन्ने लागेको हुनुपर्छ । तर, वास्तविकता फरक रहेछ । भा.रु. ९० मा लालकिल्ला भ्रमण गर्न पाइने रहेछ । हामी केही साथीहरूले मनस्थिति बनायौँ तर सँगैका सहयात्रीहरूलाई बसमै बन्धकजस्तै बनाएर भ्रमणमा निस्कन मिल्ने पनि देखिएन । तसर्थ, हामीले बाहिरी गेटमै उभिएर तस्वीरहरू खिचायौँ । त्यहाँ रहेको शत्रु नियन्त्रण गर्ने बडेमानको फलामे गेट, गेटबाहिर गोही आदि पाल्नका बनाइएको विशाल पोखरी आदि हेरेर खूबै रमाइयो गरियो ।

ताजमहल र लालकिल्लाको भ्रमणपछि हाम्रो टोली करिब २:३० बजेतिर होटलमा आई खाना खाएर वृन्दावनका लागि प्रस्थान गऱ्यो । वृन्दावन पुग्न करिब दुई कि.मि. जति बाँकी रहेछ, हामीलाई अटोरिक्सा व्यवसायीहरूले घेराबन्दी गरे । उनीहरूले बाटामै गाडी तेर्स्याएर सिन्डिकेट लाद्न खोजे । हाम्रा पथप्रदर्शकहरूले तीर्थयात्री हुन् भनेर कन्भिन्स गर्न खोज्दा पनि तिनीहरू टसको मस भएनन् । त्यसपछि हामी हाम्रो बसलाई त्यहीँ छाडेर तत्काल आवश्यक नहुने बाहेक सबै लगेज टेम्पोमा लादेर गन्तव्यतर्फ सोझियौँ ।

हाम्रा गाइडहरू खाद्यसामग्री र पकाउने, तुल्याउने भाडावर्तनसहित पछिपछि आउँदै थिए । उनीहरूले नै रिक्सा भाडा व्यहोर्ने सहमति टेम्पो चढ्ने बेलामा भएको पनि थियो । उनीहरू ढिलासम्म पनि नआइपुग्दा रिक्सावालाले हामीसँग भाडा माग्यो । हामीले भाडा दिन इन्कार गरेपछि उनीहरूले हामीलाई

'तुम सब लोग रोटीराम हे' भनेर व्यङ्ग्य गऱ्यो । हामीले पनि पैसाजति ट्राभललाई जम्मै बुझाइसकेकोले भुक्काराम भएको जवाफ फर्कायौँ ।

गत २ दिन अघिदेखि घरपरिवारसँग सम्पर्क हुन सकेको थिएन किनभने मित्र जितेन्द्रजी बाहेक हामी कसैसँग पनि इन्डियन सीमकार्ड थिएन । अघिल्लो दिन आगरामा हामी बसेको होटेलमा वाइफाइको सुविधा पनि थिएन । त्यसैले वृन्दावनस्थित होटलमा बसेर आफन्तलाई मेसेज पठाइयो र भिडियो कलसमेत गऱ्यौँ । सोही दिन साँझ वृन्दावनस्थित प्रेम मन्दिरको दर्शन गरियो । साँझको झिलीमिलीमा सो मन्दिरको दृश्य वर्णनातीत देखिन्थ्यो ।

## कृष्णको मखन र पुजारीको हा......हा.......हा.......

मङ्सिर ११ गते बिहानको समय । हामी मथुरा दर्शनका लागि तयार भयौँ । हलुका ब्रेकफास्टपछि हाम्रो यात्रा सुरु भयो । मथुरा जाने क्रममा जगदगुरु कृपालु महाराज चिकित्सालय, श्रीमद्भागवत गीताको मन्दिर बाटैबाट देखिए । त्यहाँ हामीले द्वारिकाधीश मन्दिर, पागल बाबा मन्दिर, मथुरा सङ्ग्रहालय आदिको दर्शन/अवलोकन गऱ्यौँ । मथुरा मन्दिर प्रवेशमा चेकजाँच निकै कडा रहेछ । त्यहाँ हामीले कृष्ण जन्मस्थान, राधाकृष्ण मन्दिर, गुफा, गौचरण आदिको पनि अवलोकन गऱ्यौँ । त्यहाँको भजन कीर्तन र साङ्गीतिक वातावरणले मन्त्रमुग्ध तुल्यायो । मथुराको गुफा सबैभन्दा रहस्यमयी लाग्यो ।

करिब १०:३० बजेतिर गोकुल प्रस्थान गर्ने कार्यक्रम बन्यो । हाम्रो बसले बसपार्कमा झारिदिएपछि रिक्सावालहरूले 'माजी इदर आइए' भनेर हाम्रा टोलीका महिलाहरूलाई रिक्सा चढाउन बल गरे । मित्र श्यामकाजी अर्यालले हामीसँगै गएका हरिकृष्ण माझी भाइलाई औँल्याएर 'माझी इदर हे' भन्दा एक छिन हाँसोको फोहरा नै छुटेथ्यो । हामीलाई पहिलेदेखि नै रिक्सा/टेम्पोवालाहरूको सिन्डिकेटले आजित बनाइसकेकाले यस पटक भने बस स्ट्याण्डबाट करिब १ कि.मि. को गोकुलसम्मको दूरी पैतालाले नै नाप्ने निर्णय गऱ्यौँ ।

साँघुरो र अँध्यारो गल्लीहुँदै हामी गोकुल प्रस्थान गर्दै थियौँ । त्यत्तिकैमा एक जना व्यापारीले हामीलाई कृष्णको मखन नखाई गोकुल जान नहुने भन्दै माटाको कपमा कृष्णजीको मखन खुवायो । अगाडि माटाको कहतारोभरि मखन देखेर हामीले पनि त्यो मौका गुमाउन चाहेनौँ । खाँदै गर्दा थाहा भयो, मोहीमा चिनी घोलेर मखन भन्दै बेचिएको रहेछ । प्रसाद भएकोले आलोचना र टीकाटिप्पणी गरिरहनु उपयुक्त लागेन हामीलाई पनि ।

अगाडि बढ्दै जाँदा हामी योगमाया जन्मस्थल एवम् कृष्णको क्रीडास्थल नन्दमहल पुग्यौँ । त्यहाँका पुजारीले हामीलाई कृष्णको लीला र शक्तिका बारेमा आसनमा बसाएर प्रवचन सुनाए । गोकुलमा यशोधा, नन्दबाबा, योगमाया, कृष्ण, राधा आदिको मूर्तिहरूको दर्शन गरियो । त्यहाँका सर्वसाधारणको घरको छतमा

वा पर्खालतिर पनि गाईका मूर्तिहरू बनाएर राखिएको पाइयो ।

प्रवचनका क्रममा पुजारीले हामीलाई बेलाबेलामा हा.....हा.......हा......गर्दै धीत फुकाएर हाँस्न सिकाए । त्यो हा..........हा......हा..............हाम्रो टोलीमा आमासँगै गएको ३ वर्षीय बालकले यसरी नक्कल गर्‍यो कि यात्रामा उत्पन्न हुने हैरानीलाई त्यही बालकको अबोध हा.....हा.....हा..सुनेर निमिट्यान्न पार्दै खूब रमाइयो । आसनमा बसिसकेपछि उठ्न नपाइने त्यहाँको नियम रहेछ । बसेको स्थानबाट कृष्णको मूर्तिसम्म घुँडा टेकेर घस्रँदै जानुपर्ने र मख्खन र मिश्री चढाएर कृष्णको झुला झुलाउनुपर्ने आदेश पुजारीले हामीलाई दिए । "झुला झुलाउने बेलामा सबैले मनलाई अहङ्काररहित बनाउनू, नत्र इच्छित फल प्राप्त हुँदैन," पुजारीले हामीलाई सतर्क गराए । सबैले झुला झुलाउन र दर्शन गर्नचाहिँ पाउने तर कृष्णको भोक तृप्त गरी पुण्य कमाउने चाहना राख्नेले एक किलो मखन/ मिश्रीका लागि भा.रु. २,८००|-, आधा किलोका लागि १,३००|- भा.रु. र एक पाउका लागि रु ६००|- भा.रु. तिर्नुपर्ने कुरा पुजारीले बताए । कसैलाई पनि कृष्णलाई भोक जगाउन आवश्यक मखन/मिश्री खरिदका लागि कर गरिएको भने थिएन । तर, पुजारीहरूको प्रवचन कला र हाम्रो भगवान्प्रतिको अगाध आस्थाका कारण सबैले गच्छेअनुसार रकम तिरेर मख्खन/मिश्री खरिदका लागि रसिद काटेर पैसा बुझायौँ ।

यसरी संस्थागत रूपमै रसिद काटेर रकम बुझिलिने चलनचाहिँ हामी सबैलाई मन पर्‍यो । नन्दमहलको भित्री साजसज्जा कल्पनातीत देखिन्थ्यो तर क्यामरा वर्जित भएकाले त्यहाँको फोटो खिच्न भने पाइएन ।

मथुरा र गोकुलको दर्शनपछि होटलमा आई खाना खाइयो अनि वृन्दावनस्थित प्रेम मन्दिरको करिब २ कि.मी.को दूरीमा रहेको बाँके बिहार (कृष्णकै एउटा रूप) मन्दिरको दर्शनका लागि हिँडियो । अटोरिक्सावालाहरूले बेपत्ता र बेनियम रिक्सा हाँकेर हाम्रो सातोपुत्लो उडाइदिए । सवारी नियमको परिपालनामा भने भारतभन्दा नेपाल अनुशासित हो कि भन्ने भान हामीलाई भयो ।

रिक्साबाट ओर्लनै लाग्दा चालकले चश्मा फुकाल्न भनेअनुसार मैले चश्मा गोजीमा राखेँ । तर, हामीसँगै जानुभएकी एक जना आमाको भने आँखाबाटै बाँदरले चश्मा फुकालेर लग्यो । स्थानीयले केरा वा फ्रुटी खुवाएपछि चश्मा फिर्ता पाउने भनेपछि सोही अनुसार नै गरियो र चश्मा फिर्ता पनि पाइयो तर फ्रेम भने टोकेर पूरै बिगारिसकेको रहेछ । बाँदरको यो बार्गेनिङ कला देखेर हामी अचम्भित भयौँ । सो मन्दिरमा साँझको समयमा निकै भीडभाड बढेकाले हामीले बाहिरैबाट दर्शन गरेर फर्कियौँ ।

फर्कँदै गर्दा पुनः हामी हिजो दर्शन गरिसकेको प्रेममन्दिर परिसरमा प्रवेश गर्‍यौँ । जगत्गुरु कृपालु महाराजले ११ वर्ष लगाएर निर्माण गर्नुभएको

सो मन्दिर परिसरमा हामीले कृष्णले कालीनाग बध गरेको दृश्य, गोवर्द्धन पहाड उचालेको दृश्य, कृष्णको गोपिनीहरूसँगको राशलीला आदिको अवलोकन गऱ्यौँ। दिउँसोको उज्यालोमा सामान्य लाग्ने ती दृश्यहरू राति प्रकाशको आलोकमा जीवन्तझैँ देखिन्थे। रातको समयमा बहुरङ्गी स्वरूपमा देखिने प्रेम मन्दिर साँच्चै नै कलाकृतिको अनुपम नमुना रहेछ।

मन्दिरबाट बाहिर निस्कँदै गर्दा ससाना नानीहरूले त्यहाँ सानोतिनो राधे आतङ्क नै मच्चाए। राधे छाप अङ्कित टीको निधारमा लगाउने र पैसा माग्ने त्यहाँको चलन नै रहेछ। हामीलाई आतङ्कझैँ लागे पनि त्यहाँका स्थानीय युवा युवतीहरू भने मुहारभरि राधेको छाप लगाएर हिँडेको दृश्यले हामीलाई आनन्द र आतङ्कबीचको सीमारेखा कोर्न भने मुस्किल भइरहेको थियो।

**अयोध्यामा रामसेना आतङ्क; प्रेसरको औषधिले प्रेसर बढायो**

मङ्सिर १२ गते बिहान, ब्रेकफास्टमा नमकको हलुवा खाएर हामीले वृन्दावन छाड्यौँ र दक्षिण पूर्वी बाटो समातेर अयोध्याका लागि प्रस्थान गऱ्यौँ। त्यहाँ बाटाका प्रत्येक २/३ कि.मि.मा कर उठाउने चेकपोस्ट भेटिन्थ्यो। भारतीय नेसनल हाइवे अथोरिटीले राजमार्ग करबाट मात्र कति राजस्व उठाउने रहेछ, हामी सम्झिएर अचम्भित भयौँ। हाम्रो बस फिरोजावाद, लखनउ, सीतामाढीको बाटोहुँदै अयोध्यातर्फ हानियो। अलिकति खाल्टाखुल्टी देख्नासाथ मर्मत गरिहाल्ने र सडक मर्मत गर्दा बाटो कत्ति पनि अवरुद्ध नहुने व्यवस्था मिलाउने त्यहाँको परम्परा नेपालले पनि सिक्दा राम्रै हुने भन्ने बारेमा पनि हामीबीचमा छलफल चल्यो। बाटामा यात्रा गरिरहँदा चुवाको वास्नादार फूलले नाकलाई निकै भाग्यमानी तुल्याएको सम्झना अझै पनि ताजै लागिरहेको छ।

यात्राको क्रममा कानपुरस्थित The Food Street Motel मा खाना खाइयो। आजको खानाचाहिँ खाजाको स्वरूपको थियो। राजमाको झोल, करेलाको अचार, पुरानो अचार र चार पाप्रा पुरी, बस्। बस स्ट्यान्डको छेवैको मोटेल प्राङ्गणमा बसेर हामी उक्त परिकारहरू खाँदै थियौँ। राजमाको झोल कागजको प्लेटमा राखेर दिइएकाले केराको पातमा खोले खाएको उखान सम्झना आयो हामीलाई। 'ज्यान जाएगा, करेली नही खाएगा' भनेर डङ्का पिट्दै हिँड्ने केही साथीहरूले त्यस दिन भने भोकको झोकमा थपीथपी करेला खाएको पनि देखियो। यो दृश्यले मलाई पनि एउटा यस्तो मुक्तकको स्फुरण गराइहाल्योः

चोखोजति सबै मीठो हुनै पर्छ भन्ने छैन  
मीठोजति सधैँ चोखो हुनै पर्छ भन्ने छैन  
यात्रा हो यो, ढिँडो-लिटो, जे पनि त मिल्न सक्छ  
'दूध अडिने बाँसको डोको' हुनै पर्छ भन्ने छैन।

खानापछि हामी चढेको बस लखनउहुँदै उत्तरपूर्व मोडियो। ठूलाठूला

अपार्टमेन्टहरू, ट्याङ्करबाहक रेलहरू माथि गाडी गुड्ने, तल अन्डर पासमा रेलको लिक । वास्तवमा लखनउ निकै भव्य देखिन्थ्यो । 'लखने शब्द सायद लखनउबाटै बनेको होला है' एक जना मित्रले तर्क गरे । लाहोरमा बसेर घर फर्कनेहरूलाई लाहुरे भनिएको रे भन्ने कुरो त मैले सुनेको थिएँ तर लखनउ र लखने शब्दको अर्थगत सम्बन्धका बारेमा भने खासै जानकारी भएन । त्यसैले फिस्स हाँसियो र निहुरमुन्टी न लगाएर बसियो मात्र ।

लखनउबाट साँझ ६ बजेतिर अयोध्या पुगियो । त्यहाँ पनि अटोरिक्सा व्यवसायीहरूले सिन्डकेट लागू गरे । हामी किशोरी भक्त सदन झुनकीघाट अयोध्यामा बास बस्यौँ । त्यो होटल नभएर आश्रम थियो । त्यसैले त्यहाँ होटलमा झैँ खासै सरसुविधा भने उपलब्ध थिएन । 'जहाँ जानु बारी कर्कलाको झाडी' भनेझैँ त्यहाँ त झन् रामसेना (बाँदर) को आतङ्क नै देखियो । केही साथीहरूले 'बाँदरलाई रक्सी खुवाएर रमिता हेर्ने' सल्लाह पनि गरे । तर, अयोध्याका बाँदरले के रक्सी खालान् र भन्ने विषयमा हाँसो गरियो । अन्तका बाँदरभन्दा ज्यादै चर्का बाँदर अयोध्याका । कुन्नि कसले जिस्काएको रहेछ, भरत आचार्य काकालाई झम्टिएर हत्तुहैरान । "यसले चिथोरिहाल्यो भने रेबिजको सुई लगाउनुपर्छ र एउटा सुईको २५ हजार पर्छ," काका भुत्भुताउँदै थिए । किचेनमा खाना खान जाँदा पनि चुकुल लगाएर छिर्नुपर्ने, मानौँ निल्न भ्याइएन भने चपाइरहेको गाँस पनि मुखबाटै खोस्लान् जस्तो ।

मेरा ठूलाबा छविरमण अधिकारीले यति लामो यात्रा अवधिभर खाना खानुभएन । केवल रोटी र फलफूलकै भरमा हिँडिरहनुभयो । हजुरबालाई फलफूल लिन भनी गएको भाइ प्रशान्त एक छिन पछि ठूलै युद्ध लडेजसरी स्वाँ–स्वाँ गर्दै र हाँस्दै आइपुग्यो । कुरो के रहेछ भनेर बुझ्दा उसले बाहिरबाट फलफूल किनेर ल्याउँदा पोलिथिनको झोलामा झुन्ड्याउने आँट गर्न नसकेर सर्टभित्र पोको बनाएर ल्याएछ । अयोध्यावासीहरूले गर्भवती पुरुष भन्दै जिस्काएर हैरान पारेछन् । अयोध्यामा बाँदर भगाउनका लागि रातभर पटाका पड्काइने रहेछ । के थाहा पाइयो भने बनारसमा पनि बेलाबेलामा रातिको समयमा आइरहने ड्याम ड्याम्मको आवाज पटाकाको नै रहेछ आखिर ।

मङ्सिर १३ गते शुक्रबार बिहान ४ बजेदेखि नै झुनकीघाट परिसरमा सीतारामको सुमधुर भजन गुन्जायमान भइरहेको थियो । हामी सबै सखारै आश्रमनजिकै रहेको भगवान् श्रीरामले नुहाउने गरेको भनिएको सरयू नदीमा स्नान गर्न गयौँ । निकै चिसो बतास चलिरहेको थियो । भुकभुके उज्यालोमात्र भएको र पानी हल्का धमिलो भएकाले सबैले गङ्गा स्नान गरेनन् । हामीले स्नान गरी गङ्गामा दीप प्रज्वलन गर्‍यौँ । मेरी आमाले स्वर्गीय पिताजीको एकसरो वस्त्र भागीरथी नदीमा बगाउने इच्छासहित बुबाले लगाउनुभएको कपडा झोलामा राख्नुभएको रहेछ । तर, त्यो वस्त्र त्यहाँ बगाउन बिर्सिएकाले सरयू नदीमा बगाएर

पिताजीको आत्माको चिरशान्तिको कामना पनि गरियो । तत्पश्चात् हाम्रो टोली अयोध्या जाने तयारीमा जुट्यो ।

पटक-पटक हिन्दू र मुस्लिमबीच युद्ध भएको स्थान हो अयोध्या क्षेत्र । त्यसैले त्यहाँ जान सुरक्षा चुनौती छ भनेर धेरै साथीहरूले अयोध्या जाने हिम्मत देखाएनन् । केही साथीहरूले भने लगातार ७ दिनसम्मको यात्राले थकित तुल्याएकाले पनि यस्तो तर्क गरेको हुनुपर्छ भन्ने हामीलाई लाग्यो । तसर्थ, ४९ जनामध्ये दुई वटा टेम्पोमा गरी जम्मा १९ जनामात्र अयोध्या जाने निष्कर्षमा पुगियो । अयोध्यामा ३ चरणको कडा सुरक्षा व्यवस्था मिलाइएको रहेछ । सशस्त्र, जनपथ र कमाण्डोसहितको । राज्यले यहाँको सुरक्षा व्यवस्थामा देखाएको चासो र लगानी सम्झेर हामीलाई उदेक लाग्यो ।

अयोध्या मन्दिर प्रवेश गर्दा गरगहना, औषधि, क्यामेरा आदि साथमा लिएर जान नपाइने नियम रहेछ । सोही नियममुताबिक मैले हातमा लगाएको तामाको बाला फुकालेर लकरमा राख्न दिएँ । खल्तीमा प्रेसरको औषधि थियो, ९ बजे खानुपर्ने । करिब ८:३० बजिसकेकाले आधा घन्टामा मन्दिर प्रदक्षिणा गरेर नसकिने ठहर भई औषधिचाहिँ बाक्लो ज्याकेटको भित्री खल्तीमा गुटुमुटु बनाएर राखेको थिएँ । चेकजाँच यति कडा थियो कि उनीहरूको इच्छाबेगर सियोसम्म भित्र प्रवेश गर्न सक्दैनथ्यो । मलाई औधि डर लाग्यो, कतै औषधि फेला परेर अवज्ञा गरेको भन्दै दर्शन गर्नबाटै वञ्चित गरिदिए वा औषधि फिर्ता नै दिएनन् भने ! फेरि एक ठाउँमा चेक गराएर भित्र पसेका एक जना दाजुको शरीरबाट अर्को चरणको चेकजाँच हुँदा घडी फेला परेपछि सुरक्षाकर्मीहरूले ऱ्याखऱ्याख पारेको दृश्यले पनि मेरो सातोपुत्लो उडिसकेको थियो । मैले अझै थप दुई चरणको सुरक्षा जाँचमा पास हुनुपर्ने अवस्था बाङ्की थियो तर संजोग मान्नुपर्छ सुरक्षाकर्मीहरूले कुनै सुइँको पाउन सकेनन् । खल्तीमा रहेको प्रेसरको औषधि समय भएपछि घुटुक्क निल्न त निलियो तर त्यो दिन खाएको प्रेसरको औषधिले झनै पो प्रेसर बढाएको महसुस भयो ।

अयोध्यामा हामीले लवकुश मन्दिर, जानकी मन्दिर आदिको दर्शन गऱ्यौँ । रामको मूर्तिचाहिँ पालले घेरिएको अवस्थामा सुरक्षित गरिएको रहेछ । अयोध्या विवादमा भारतीय अदालतबाट फैसला भई अयोध्या क्षेत्रकै ५ एकर जमिन मुस्लिमहरूलाई पनि उपलब्ध गराउने आदेश भई अयोध्यामा राम मन्दिर बनाउन मार्गप्रशस्त भएको हल्ला हामी अयोध्यामा रहँदा नै फैलिरहेकाले आगामी ५/७ वर्षमा अयोध्या क्षेत्रको पनि राम्रो विकास हुने सम्भावना हामीले देख्यौँ ।

यसप्रकार मङ्सिर १३ गते अयोध्या क्षेत्रको अवलोकन गरेपश्चात् बिहान १०:३० बजे नेपाल फिर्तीको लागि हिँडियो । साँझ सुनौली आइपुगेर केही सामानहरू किनमेल गरेर त्यहाँबाट हिँडेपछि १४ गते बिहान ४ बजेको समयमा घर आइपुगियो र एउटा तीर्थयात्रा समापन हुन पुग्यो । ■■



## राजकुमार जैन 'राजन'

# अब उपद्रो गर्दैनौँ

(हिन्दीबाट अनुवादः सुमी लोहनी)



राजकुमार जैन

चम्पक वनमा बस्ने सोनू र मोनू बाँदर पक्काका मित्र थिए । उनीहरू एकै क्लासमा पढ्थे । घरबाट पढ्न भनेर एकैसाथ निस्किन्थे तर बाटोबाटै भाग्थे र दिनभरि घुम्थे । सोझा जनावरहरूलाई दुःख दिएर सताउँथे अनि साँझमा चुपचाप आ-आफ्नो घरमा जान्थे । उनीहरूको यस्तो व्यवहारले वनका सबै जनावर दिक्क भैसकेका थिए । अरूलाई दुःख दिँदा सोनू र मोनूलाई रमाइलो लाग्थ्यो । आजकल उनीहरूको नयाँ उपद्रो थियो-घरको बाहिर भएको घन्टी बजाएर अनाहकमा दुःख दिने । उनीहरू लुकेर कसैको घरमा पुग्थे र घन्टी बजाउँथे अनि भित्रबाट केही ढोका खोल्न आउनुभन्दा पहिल्यै भागेर कतै छेलिएर लुक्थे । यसरी अरूलाई सताउनका लागि उनीहरू नयाँ-नयाँ टोलमा जान्थे ।

एक दिन बिहानै उनीहरूको भेट भयो । मोनूले सोनूलाई भन्यो- "सोनू, हिजो त धेरै रमाइलो भयो है ! कति राम्रो ठाउँ खोजेका छौँ हामीले पनि... त्यहाँ त लुक्नका लागि पनि कति धेरै ठाउँ छ ... ।"

"हो र ! हिँड, आज पनि त्यहीँ जाने है !" सोनूले उत्साहित हुँदै भन्यो ।

सबैभन्दा पहिला गल्लीको कुनामा भएको घरमा उनीहरूले घन्टी बजाए । यो घर चुनमुन हरिणको थियो । ऊ ढोका खोल्न आयो तर बाहिर कसैलाई नदेखेर फतफताउँदै भित्र फर्कियो । आफ्नो सफलतामा उनीहरू पेट मिचिमिची हाँसे । यो गल्लीमा उनीहरू धेरै पटक आइसकेका थिए ।

केही समय यताउता घुमेर उनीहरू भोलू भालुको घरतर्फ लागे । भोलूको घरको घन्टीको आवाज एकदमै सुमधुर थियो । उसको घर पनि निकै ठूलो थियो । सोनूमोनू ढोकामा पुगे । उनीहरूले घन्टी बजाउनै लागेका बेला भोलूले उनीहरू दुवैलाई च्याप्पै समात्यो । भोलू बजारबाट सामान किनेर घर आउँदै थियो । यो कुरा सोनूमोनूले पत्तै पाएनन् । दुवैले भोलूबाट फुत्किन निकै प्रयास गरे तर फुत्किन त्यति सजिलो थिएन् । अब उनीहरूको हाँसो हरायो । अनुहार कालोनिलो भयो ।

भोलूले दुवैलाई घरभित्र लग्यो । त्यहाँ उसकी बिरामी आमा पीडाले कराइरहेकी थिइन् ।

"तिमीहरू दुवै अब मेरो कब्जामा छौ ।" भोलूले उनीहरूलाई घुरेर हेर्दै आदेशात्मक स्वरमा भन्यो- "केही कामले म बाहिर जाँदै छु । म नफर्किन्जेलसम्म तिमीहरू दुवै मिलेर मेरी बिरामी आमाको हेरविचार गर्नू । घरमा कोही नभएकाले

आमाको हेरविचार खूब ध्यान दिएर गर्नू। हरेक दुई घन्टामा टेबलमा राखेको औषधी खुवाउनू।" यति भन्दै फेरि उनीहरूको झोला दराजमा राखेर ताल्चा लगाउँदै भन्यो– "अँ, यसै बीचमा मेरो भाइ पिलू यहाँ आउनेछ। यदि तिमीहरूले मैले भनेअनुसार गरेनौ र भाग्ने कोसिस गऱ्यौ भने पुलिसलाई बोलाएर जेलमा थुनाइदिन्छु। त्यसैले बेकारमा भाग्ने प्रयास नगर्नू। तिमीहरूमा मेरो कडा दृष्टि रहनेछ। अब म जाँदै छु, ढोका भित्रबाट बन्द गर।" यति भनेर भोलू घरबाट बाहिर निस्कियो।

केही समयपछि ढोकाको घन्टी बज्यो। सोनू-मोनूले दौडिदै गएर ढोका खोले तर बाहिर कोही पनि थिएन। उनीहरू निराश भए। कति बेरसम्म यस्तै भैरह्यो। घन्टी बज्थ्यो, उनीहरू दौडिँदै गएर ढोका खोल्थे तर बाहिर कोही हुँदैनथ्यो। भित्रबाट बाहिर र बाहिरबाट भित्र दौडिँदै बारम्बार जाँदा-आउँदा उनीहरूको सास फुलेर स्वाँ-स्वाँ भैरहेको थियो। दौडिँदा-दौडिँदा उनीहरूका खुट्टा पनि दुख्न थाले।

हैरान भएर मोनूले रुन्चे स्वरमा भन्यो– "हामीले दिल्लगीका लागि उपद्रो नगरेको भए आज यसरी अप्ठेरोमा पर्दैनथ्यौँ। म त अबदेखि कुनै पनि उपद्रो गर्दिनँ।"

"हो, म पनि।" आँसु पुछ्दै सोनूले भन्यो– "हाम्रो उपद्रोका कारण हाम्रो पढाइमा पनि कति नोक्सान भैसक्यो। अब हामी कहिल्यै पनि स्कुलबाट नभाग्ने, कहिल्यै उपद्रो पनि नगर्ने।"

जब आफूलाई आपत पऱ्यो, तब उनीहरूले आफ्नो कारणले अरूलाई परेको दुःख-अप्ठेरोका बारेमा महसुस गरे। घन्टीको आवाज सुनेर ढोका खोल्दा बाहिर कसैलाई नदेखेपछि कति दिक्क लाग्छ भन्ने कुरा उनीहरूले बल्ल बुझे।

दिउँसो फेरि घन्टी बज्यो। रुँदै बिस्तारै दौडिएर मुस्किलले उनीहरूले ढोका खोले। हातमा थुप्रै पोका समाएको भोलू भालु उनीहरूको सामुन्ने थियो।

भित्र आएर भोलूले उनीहरूलाई माया गरेर सम्झायो– "बच्चाहरू चकचके हुन्छन् तर तिमीहरूको चकचक र उपद्रो गम्भीर प्रकारको छ। तिमीहरूलाई थाहा छैन, यसरी सताउँदा जनावरहरूलाई कति धेरै असुविधा र दुःख हुन्छ। हिजोसम्म मेरी आमा बिलकुल स्वस्थ थिइन्। तर, हिजो तिमीहरूले बारम्बार घन्टी बजाएर उनलाई दुःख दियौ। अन्तिम पटक ढोका खोल्न जाँदा उनी चिप्लिएर लडिन् र उनलाई धेरै चोट लाग्यो। घरमा एक्लै भएकाले उनलाई धेरै असुविधा भयो। त्यही कारणले उनी बिरामी भएर खाटबाट उठ्नै नसक्ने भइन्। सोच, यदि तिमीहरूलाई पनि यस्तै भयो भने के होला ? कस्तो लाग्ला ? उपद्रो छाडेर तिमीहरू असल जनावर बन।"

"काका, हामी साँच्चिकै लज्जित भएका छौँ। आजदेखि कहिल्यै कुनै पनि प्रकारको उपद्रो नगर्ने भनेर हामीले निश्चय गरेका छौँ।" सोनू र मोनूले एकै स्वरमा भने। कान समातेर उनीहरूले भोलू र उनकी आमासँग पनि माफी मागे।

■■ *आकोला-३१२२०५ (चित्तौड्गढ) राजस्थान, भारत*



दया खड्गी 'बेचैन'

# बदलिने रङहरू

रातो रङ रातो नै हुनुपर्छ
त्यस्तै कालो रङ पनि कालो नै हुनुपर्छ
तर, रङ्गहरू पनि मान्छेहरू जस्तै
'जतातिर मल्को उतातिर ढल्को'
किन परिवर्तन हुन खोज्छन् रङहरू ?
कविता, यहीबाट आरम्भ हुन्छ –

.... ..... ..... .....

नयाँ हाकिम आउने भयो
तिवारी र गोतामे बन्नेहरूलाई
अप्ठेरो पर्ने अवस्था देखियो
उनीहरू आतङ्कित र सशङ्कित देखिन थाले
तथापि,
हाकिम आउने लगभग निश्चितजस्तै भयो
रङ परिवर्तन गर्न सक्ने क्षमता भए पनि
मल्कोढल्कोहरू हतास भए
यस कारणले हतास भए कि–
आउने हाकिमको
ब्लड ग्रुप उनीहरूसँग नमिल्दो रहेछ !

अस्टम् आश्चर्य–
त्यही ग्रुप आज समूहगत रूपमा
हातमा हात
साथमा साथ मिलाएर हिँडिरहेछ
शायद यसैलाई भनिन्छ–
बदलिने रङहरू .... !

■■

*नेविप्रा, पुल्चोक वितरण केन्द्र*

---





रञ्जुश्री पराजुली

# पढ्न मन लाग्छ

आमा भन्छिन् पढ बाबू, ठूलो मान्छे बन्नु छ
ध्यान दिई, पाठ पढी, सुखी जीवन बाँच्नु छ
शिक्षाले नै बनाउँछ असल मान्छे, यो बुझ
राम्रो भन्दा असलले पाउँछ मान, यो सुझ ।

पढ्न मन लाग्छ मलाई, ध्यान दिई पढ्छु
गृहकार्य सबै सकी स्कुल सधैँ म लान्छु
घरमा मलाई मेरी आमा माया धेरै गर्छिन्
पढ्ने छोरा भनेर मीठो चोखो खुवाउँछिन् ।

घरको काम आमा सधैँ एक्लै सबै भ्याउँछिन्
यस्तो गर्दा पनि सधैँ साँझ कुटाई खान्छिन्
बाबा पियक्कड हल्लिँदै साँझ घर फिर्छन्
दैलैदेखि आमालाई गाली गर्दै घर छिर्छन् ।

बाबा मेरा दिनभरि बाह्रमासे खाल थापी खेल्छन्
आफूजस्तै अरू जम्मा गरी ठूलै खाल थाप्छन्
पैसा सबै हारेर रक्सी धोकी हल्लिँदै घर पस्छन्
दैलैदेखि आमालाई तथानाम गाली गर्दै आउँछन् ।

आमा दुःखी देख्दा मलाई कष्टपीडा धेर हुन्छ
मनभित्रको पीरले चिन्तित मलाई तुल्याउँछ
बाबा मेरा सुध्रिए शान्ति हुन्थ्यो हामीलाई
खुला दिमाग भएमा शीतल हुन्थ्यो पढ्नलाई ।

■■ *बाँसबारी*

# यात्राको कलात्मक अनुभूति

## प्रभाती किरण

यात्रा संस्मरणात्मक निबन्ध अर्थात् नियात्रा, साहित्यको लोकप्रिय विधा हो । आफूले नदेखेको ठाउँको कला, संस्कृति तथा जीवनपद्धतिका बारेमा जान्न पाइने अनि निबन्धकारको अनुभूति बुझ्न सकिने हुँदा यात्रा संस्मरणप्रति पाठकको रुचि देखिन्छ । नेपालीमा जङ्गबहादुरको बेलायत यात्राबाट आरम्भ भएको यात्रा संस्मरण सालसाल अघिसम्म तीर्थाटनको वर्णनमा केन्द्रित थियो । राणा शासनको कठोरताका कारण जनतामा वितृष्णा र निराशा फैलिएको थियो । मान्छेका स्वतन्त्रता तथा मनोरञ्जनका अन्य उपायहरू नभएका कारण ऊ धार्मिक यात्रामा रमाउँथ्यो । धर्म, दानजस्ता कुराहरूलाई महत्त्व दिइने तत्कालीन समयको यात्रा-लेखनमा यस्तै तीर्थयात्रीहरूको विशेष भूमिका रह्यो । यसका अतिरिक्त विदेश यात्रा पनि यस चरणमा आए । युरोप यात्रा, बर्माको सम्झना जस्ता कृतिहरू विदेश यात्रासँग सम्बन्धित छन् ।

यात्रा संस्मरणको इतिहासमा आधुनिकताको पदचापसहित लैनसिंह वाङ्देलको आगमनपछि ताना शर्मा, रमेश विकल, घनश्याम राजकर्णिकार, मदनमणि दीक्षित, मञ्जुल, निर्मोही व्यास, भीष्म उप्रेती, डोरबहादुर विष्ट, प्रतीक ढकाल, देवेन्द्र भट्टराई, महेशविक्रम शाहलगायतका स्रष्टाहरू विदेश भ्रमणलाई विषय बनाएर यात्रा संस्मरण-लेखनमा क्रियाशील रहे । यात्रा विदेशको मात्र होइन, स्वदेशको पनि गर्नुपर्छ र नियात्रामा स्वदेश भ्रमणको उल्लेख्य जानकारी दिन सकिन्छ भन्ने मान्यताका साथ स्वदेशकै विभिन्न पर्यटकीय क्षेत्रहरूको भ्रमण गरेर यात्रा संस्मरण लेख्ने परम्पराको विकास भयो । यो क्रममा अहिले सयौँ स्रष्टाहरू सक्रिय छन् । स्वदेशकै विभिन्न स्थानहरूको भ्रमण गरी यात्राका क्रममा सँगालेका अनुभूतिहरूको कलात्मक प्रस्तुतिका साथ यात्रा संस्मरण लेख्ने निबन्धकारहरूको लहरमा देखा परेका छन्, राजेन्द्रमान डङ्गोल । हालै यिनको 'यात्राका पाइला' नामक कृति प्रकाशन भएको छ ।

नियात्रा अर्थात् यात्रा संस्मरण वास्तवमा हेर्दा जति सजिलो देखिन्छ, त्यस्तो हुँदैन । यात्राको वर्णनमा केन्द्रित हुने हो भने निबन्ध छुट्ने अनि निबन्धमा केन्द्रित हुने हो भने यात्रा छुट्ने हुँदा यी दुवैलाई साथै डोऱ्याउन सक्नु कठिनाइको यात्रा हो । लेखकले आफूसँगसँगै पाठकलाई पनि हिँडाउन सक्नुपर्छ । पाठकले यात्रा संस्मरण पढ्दै गर्दा आफू पनि घुमिरहेको अनुभव गर्नुपर्छ । पात्रलाई आफूसँगै डोऱ्याउन सक्नु सर्जकको मात्र नभएर नियात्राको पनि विशेषता हुनुपर्छ । यस्तो

यात्रा सफलताका साथ तय गर्ने स्रष्टाहरू नेपाली साहित्यमा थोरै छन् । राजेन्द्रमान डङ्गोल यस्तै कठिन यात्राको क्रममा छन् ।

आज मानिस देश छाडेर विदेश तथा पृथ्वी छाडेर अन्तरिक्षको यात्रा गर्न चाहन्छ । ऊ आफ्नै देशका रमणीय प्राकृतिक स्थानहरू पुगेको हुँदैन । हामी पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड मान्छौँ तर हाम्रै देशका पर्यटकीय स्थानहरूको बारेमा अनभिज्ञ छौँ । देश भ्रमण वर्षको सँघारमा छ तर आन्तरिक पर्यटन प्रवर्द्धनमा राष्ट्रिय नीति ठोस हुन सकेको छैन । देशका विभिन्न स्थानहरूमा नयाँनयाँ पर्यटकीय गन्तव्य पहिचान गर्ने, त्यहाँको बारेमा आवश्यक सूचना सङ्कलन गर्ने, त्यसको व्यवस्थापन गर्ने र प्रचार गर्ने काममा राज्यले करोडौँ लगानी गर्नुपर्ने हुन्छ । यस्तोमा राजेन्द्रमान डङ्गोल देशका विभिन्न रमणीय पर्यटकीय स्थलहरूको भ्रमण गरेर त्यहाँको भौगोलिक, प्राकृतिक, सांस्कृतिक महत्त्व झल्काउँदै सूक्ष्म अनुभूतिको प्रस्तुतिका साथ लेखिएका नियात्राहरूको सङ्ग्रह लिएर आएका छन् । यो पर्यटन प्रवर्द्धनमा समेत महत्त्वपूर्ण उपलब्धि हुन सक्छ ।

'यात्राका पाइला'मा जम्मा दश वटा संस्मरणहरू समेटिएका छन् । लाङटाङ, कञ्चनजङ्गा, अन्नपूर्ण, अपि, सगरमाथा, थोराङ्लालगायतका हिमाली क्षेत्रको यात्राका अतिरिक्त अन्य पर्यटकीय क्षेत्रको पदयात्रा यस सङ्ग्रहमा समेटिएका निबन्धका विषय हुन् । विदेशी पर्यटकहरूसँगको यात्रा, स्वदेशी पात्रहरू, यात्राका क्रममा देखिएका मानिसहरू, उनीहरूको आतिथ्य-सत्कार, भ्रमण गन्तव्यको भौगोलिक, प्राकृतिक, सांस्कृतिक पक्ष तथा त्यहाँका मानिसको जीवनपद्धति सूक्ष्म ढङ्गले उतारिएका यी निबन्धहरू कलाका दृष्टिले पनि उच्च छन् ।

आयामका दृष्टिले कुनै निबन्ध साह्रै लामा छन्; कुनै छोटा छन् । कुनै भने मध्यम छन् । लामा निबन्धहरूमा उपशीर्षक राखेर पाठकलाई सजिलो बनाइएको छ । एक बसाइमा एउटा उपशीर्षक पढेर पनि पूर्ण आनन्द लिन सकिन्छ ।

यात्रा संस्मरणको आरम्भ, विषयको उठान, तथा समापन अत्यन्त रोचक छ । कलात्मक भाषा, ठाउँठाउँमा कविताका सुन्दर पङ्क्ति, स्थानीय तथा पर्यटकहरूसँगको आकर्षक संवादले निबन्ध सुन्दर बनेका छन् । निबन्धकार मौलिक शिल्प स्थापनाको प्रयासमा देखिन्छन् । यहाँ समेटिएका निबन्धहरू पढ्दा पाठक आफू पनि स्रष्टासँगै यात्रा गर्छ । आफू नपुगेको ठाउँको बारेमा पढ्दै गर्दा पाठकको आँखामा सम्बन्धित ठाउँको दृश्य झलझली आँखा अगाडि आउँछ । एक पटक पुगेकाहरूलाई पनि ओहो, मैले त्यो किन अनुभव गर्न सकिनँ भन्नेर चुकचुकाउने खालका निबन्धहरू यात्राका पाइला सङ्ग्रहमा समेटिएका छन् । त्रिशूली वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित यो कृति साहित्यको भण्डारमा थप एउटा कृति मात्र नभएर आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण टेवा पुऱ्याउने कडी पनि बन्न सक्छ ।

■■



## लीलाराज दाहाल

# शहरको रङ

रामबाबु जागिर पनि खाने, पढ्ने पनि भनेर शहर आयो । जागिर नपाउन्जेल मामाघरमा बस्न भनेर ऊ साँझ मामाघर आइपुग्यो । आएको दिन उसले राम्रै मान–सम्मान पायो ।

ऊ आएको पर्सिपल्ट मामाले उसलाई तल छिँडीको कोठा देखाएर भने, “अब तिमी यही कोठामा बस भान्जा ! अरूलाई भन्दा कमै लिउँला । जागिर खोजेर खाऊ र महिनावारी कोठाभाडा बुझाऊ । दुईचार दिन ढिलोचाँडो बरु हेरौँला । यो त शहर हो भान्जा ! यहाँ गाउँमा जस्तो मामाघर भनेर सधैँ कहाँ हुन्छ र ! कहिलेकाहीँ आउँदो पो हो त ! सधैँ बस्नुपर्ने भएपछि त विचार गर्नै पर्‍यो नि, होइन त ? नाता आफ्नो ठाउँमा छ, समस्या आफ्नै ठाउँमा हुन्छ, के गर्नु !”

उसका मामा–माइजू भर्खरभर्खर घरका कोठा बहालमा लगाएर हुने–खाने शहरिया भैटोपलेका थिए । अब रामबाबूको मावलीसँगको नाता बदलियो । मामाहरू घरबेटी बने र ऊ डेरावाल हुने । ऊ काम खोजेर रोजगारी गर्न थाल्यो ।

महिना नमर्दै भाडाको बिल आइपुग्थ्यो । बिल पाएको तीन दिनभित्र भाडा बुझाइसक्नुपर्ने नियम घरबेटीले बनाएका थिए । तीन दिनभित्र भाडा नबुझाए अरूलाई हप्कीदप्कीसहित, उनलाई चिप्लो भाषामै तीन दिन समय थप हुन्थ्यो ।

बहाल बुझेपछि मामाचाहिँ भन्थे, “भान्जासँग भाडा लिनु नहुने । यत्रा कोठाहरू बहालमा लगाएपछि एउटा कोठामा त भान्जालाई त्यत्तिकै राखे नि हुने हो ! तर, के गर्नु ! हाम्लाई नि गारै छ ।”

बस्दै जाँदा उसले मामाको चालचलन बुझ्दै गयो । अरूसँग भन्दा बढी बहाल र बिजुली पानीको पैसा आफूसँग लिँदारहेछन् भन्ने थाहा पाएपछि त उसको मन भित्रभित्रै पोलिरहेको थियो ।

एक दिन बिहान कपडा धोएर सुकाउन घरको छतमा उक्लँदा पो ऊ एकैचोटि छाँगाबाट खसेझैँ भयो । उसका मामा–माइजू पल्लो घरका छिमेकीसँग भन्दै रहेछन्, “शहरिया भइयो भन्दैमा आफ्नो मान्छेसँग कसरी बहाल लिनु ! मन पटक्कै मान्दैन ! हामीले त एउटा कोठामा त्यत्तिकै राखेका छौँ भान्जाबाबूलाई !”

*बागमती–११, कर्मैया, सर्लाही*

मोहनबहादुर कायस्थ

# रामायणमा भरतको नैतिकता

अयोध्याका यशस्वी राजा दशरथका दुई श्रीमती कौशल्या र सुमित्राबाट निकै वर्षसम्म पनि जायजन्म नभएपछि राजाले तेस्रो विवाह गर्न कन्या खोज्न थाले । आफू केही वृद्ध भइसकेको र दुई रानीबाट पुत्र पैदा नभएपछि कसलाई उत्तराधिकारी बनाउने भन्ने धोको मनमा बिझ्यो । यस्तैमा उनले तेस्री श्रीमती राजघरानाकै सुकन्या कैकेयी (उमेरमा निकै सानी) सँग विवाह गर्न चाँजोपाँजो मिलाए । कन्याका बाबुले एउटा सर्त राखे कि कैकेयीबाट जन्मेको सुपुत्र राजाको उत्तराधिकारी हुनुपर्छ । अनि, राजा दशरथले वाचा गरी कैकेयीलाई भित्र्याए, रानी बनाए । उनलाई अलग्गै दरबार बनाइदिए पनि । कैकेयी अरू अघिका रानीहरूभन्दा स्वभावमा भिन्न र लडाकू स्वभावकी थिइन् । यसैले राजा दशर थसँगसँगै जहाँजहाँ राजा गए पनि साथ लाग्न थालिन् ।

यस्तैमा एउटा प्रसङ्ग महारभातमा पनि देखियो । भीष्म पितामह (जो बने पछि) ले आफ्ना पितालाई आफैँ गई कन्यासँग विवाह गराए, जहाँ ती हुनेवाली रानीको कोखबाट जन्मेको पुत्र राजा हुनुपर्ने सर्त उनका माझी बाबुले राखे । सर्तअनुसार विवाह भयो । परिणाम निस्क्यो– भीष्म सदाका लागि अविवाहित ।

प्रसङ्ग कैकेयी र अन्य दुई महारानीको । राजा दशरथ आखिर शिकारी न भए, अब तीन वटी महारानीको कोखमा गर्भ रह्यो । रानी कौशल्याबाट प्रथम पुत्र राम जन्मिए भने अर्की रानी कैकेयीबाट दोस्रो पुत्रका रूपमा भरत जन्मिए । छक्क पर्ने के छ र ? बीउ रोपेपछि फल लाग्छ । सुमित्राबाट त जम्ल्याहा दुई पुत्र लक्ष्मण र शत्रुघ्न एकैसाथ जन्मिए । राजा दशरथ मालामाल भए । अब छोराको अर्थात् उत्तराधिकारीको समस्या भएन । रामसँग सधैँ हाँस्ने, खेल्ने गरी मन बहलाए अनि रामलाई उत्तराधिकारी बनाउने मनसुबा भयो मनमा । चारै जना राजकुमारलाई गुरु वसिष्ठले शिक्षादीक्षा दिएर निपुण बनाए । राजकुमारहरू निपुण धनुर्धारी बने । आपसमा खूब मिल्ने भए । १६ वर्षपछि राम र लक्ष्मणलाई वाल्मीकि ऋषिले चित्रकूट स्थित कुटीमा लगे । भरत र शत्रुघ्न दशरथसँगै बसे । विवाहयोग्य सबै राजकुमारीहरूको खोजमा थिए ।

वाल्मीकि ऋषिकहाँ राम र लक्ष्मण गए भने भरत र शत्रुघ्न राजासँग साथमा रहे । पछि वाल्मीकि ऋषिले राजा जनककी छोरी सीतासँग विवाह गराइदिन हेतु जनकपुर धाममा राम र लक्ष्मणलाई लिएर पुगे । त्यहाँ राजा जनकले सीताको विवाह गरिदिने सर्तमा धेरै राजकुमारहरूले सर्त निभाउन नसकेको बेला वाल्मीकि ऋषिको इशारा शिरोपर गरी राम त्यो पुरानो धनुष उठाएर ताँदो कस्न तयार भए । अनि, धनुष सजिलै उठाए र बाण हान्न तम्सिँदा धनुष टुक्राटुक्रा हुन पुग्यो । यस्तो महावलीको सामर्थ्य देखेर राजा जनक अति प्रसन्न भए भने सीता पनि यस्ता पराक्रमीसँग विवाह गर्न मनैदेखि प्रसन्न भइन् । त्यसपछि धुमधामसँग राजा दशरथको समूह जनकपुर गई रामको विवाह सुसम्पन्न गरेर अयोध्या फर्क्यो ।

राजा दशरथले रामसँग निकै प्रसन्न भई राजकाज चलाए । भरत र शत्रुघ्न मावल गएका थिए । समय १२ वर्ष वरपर पुगेछ । राजा दशरथ रामलाई उत्तराधिकारी बनाउन र राज्याभिषेक गर्नपट्टि लागे । यस बेला भरत त्यहाँ अयोध्यामा थिएनन् । कसैसँग रायसल्लाह लिइएको थिएन पनि । राज्याभिषेकको तयारी भइराखेको बेला रानी कैकेयीकी सेविका मन्थराले एकै रातमा रानी कैकेयीको मन र राजाकी आमा बन्ने लिप्सामा झुकिन् । राजा दशरथसँग उनले दिएका दुई वचन पूरा गर्न अनुरोध गरिन् । राजा त छक्क परे, तैपनि के दुई वचन भनी सुन्न चाहे । रानी कैकेयीले भनिन्– "भरतलाई राजगद्दी दिएर रामलाई १४ वर्ष वनवास पठाइबक्स्योस् ।" सुनेर राजा बेहोस भए र होसमा आएर रामलाई वनवास पठाए । रामको साथमा सीता पनि जाने भइन् । सहयोग र सेवाका लागि लक्ष्मण पनि जाने भए ।

यस्तो घटनाचक्रभित्र राजा दशरथ कोही एक छोरा साथमा नभएको बेला झन्डै श्रवणकुमारका पिताले दिएको श्राप लागेझैँ राजा दशरथको प्राण गयो । यति बेला रामलक्ष्मण वनवासमा र भरत-शत्रुघ्न मावलमा थिए । भनेजस्तै भयो– राजा दशरथ कोही पुत्र नभएको बेला मरे ।

राजकुमार भरत र शत्रुघ्नलाई लिन पठाइयो र केही दिनमा अयोध्या आइपुगे । सारा वृत्तान्त आमा कैकेयी र अन्यबाट सुने । चित्त दुखाए । अनि, राजाको अन्त्येष्टि गरी रामलाई लिन जान तयार भए । राजा नभएको भयो अयोध्या । भरतले आफ्नो राज्याभिषेक गर्न मानेनन् । आमा कैकेयीसँग पनि विरोध जनाए । आखिर रामलाई खोज्न वनमा जाने भए । भरत रामकहाँ जाँदा अरू धेरैको लस्कर लाग्यो ।

दाजु रामलाई अनुनयविनय गरेर फर्काउन खोजे, सिंहासनमा राख्न खोजे, तर कर्तव्यपरायण रामले फर्कन मानेनन् र भरतलाई सम्झाएर फर्काए ।

यसै बेला भरतले रामको पादुका मागे र राम नफर्केसम्म त्यो पादुका सिंहासनमा राखेर उनले राजकाज चलाए । राज्याभिषेक पनि गराएनन् र राम नफर्केसम्म नै पादुकालाई शिरोपर गरी बसे ।

भरतलाई चिन्न लगाउँदा पिताभक्त, दाजुभक्त र यस्तै रहनसहन, मानमर्यादा आदि सिकाइएको देखिन्छ । लोभ छैन, छलकपट वा चतुऱ्याइँ छैन । आमाको नैराश्यमय चिन्तनप्रति आक्रोशित भए । राजा दशरथको प्राण यही कारणबाट गएको भन्ने भयो । कैकेयी पनि भरतको आस्था देखेर दङ्ग परिन् । कस्तो निष्कपट, कस्तो अनुशासित, राजा बन्न पाउँदा पनि खुसी नभएको । कस्तो दाजुप्रति श्रद्धा, सबै दङ्ग परे ।

मानिसमा यस्तो भरतको जस्तो आचरण हुँदो हो त देश कस्तो हुन्थ्यो होला ? भरत सोझा हुन् कि लाटा ? राजकुमार भए पनि दाजुप्रति यस्तो प्रेमिल भाव कतै पाइन्छ र यस्तो, यहाँजस्तो ?

अहिलेको युगमा लोभलालच, कामना, अहम्, क्रोध, पपात आदि जताततै व्याप्त छन् । राजनीतिमा कुनीति प्रवेश गरेको छ । आफैँआफैँ झगडा, वैमनस्य र मृगतृष्णा शक्तिप्रति लालायित छन् सबै । अहम् भावनाले जरो गाडेको भएर को भन्दा को ठूलो भन्नेमा प्रतिस्पर्धा छ । लछारपछार छ समाजमा । सन्तुष्ट कोही पनि पाइन्न । भरतको चरित्र हेर्दा भक्तिभावमात्र झल्कन्छ । अन्याय गर्ने, शोषण गर्ने, आफ्ना तर्फका मान्छे बनाउने लोभलालच पलाएको देखिन्न ।

■■

बालकविता



**नारायण निरौला**

## सुनसुन नानी हो

सुन, सुन साना साना नानीबाबू हो
एउटा राम्रो कुरा भन्छु नजिकै बस लौ ।१।।

कान थापेर सुन सीता, निशा कान खोलेर
ध्यान दिएर सुन राम, श्याम मन लगाएर ।।२।।

बिहान चाँडै उठेपछि पढ्नू नानीले
असल मान्छे भइन्छ पढ्ने बानीले ।।३।।

पढ्नुपर्छ बिहानीमा साँझपख खेल्नू
साथीसँग हाँसखेल र ठट्यौली नि गर्नू ।।४।।

बत्ती बल्दा अन्धकार आफैँ भागिजान्छ
पढेपछि अज्ञान पनि त्यसैगरी भाग्छ ।।५।।

त्यसैले त पढ्नुपर्छ साना नानी हो
सधैँभरि बिहान पढ्ने राम्रो बानी हो ।।६।।

■■

*चतरा, सुनसरी*

# उपयोगी अध्ययन

## रमेशप्रसाद तिमल्सिना

'अथक साहित्य साधक मोहनबहादुर कायस्थ' भर्खरै प्रकाशनमा आएको अनुसन्धात्मक कृतिको नाम हो । साहित्यकार यादवराज घलेको प्रस्तुत कृति औपचारिक रूपमा स्नातकोत्तर शैक्षिक उपाधिका लागि तयार गरिएको शोधप्रबन्ध हो । त्यसै अनुसन्धानलाई यो आकारमा सार्वजनिक गरिएको हो ।

प्रस्तुत पुस्तक साहित्यकार मोहनबहादुर कायस्थको जीवनी, व्यक्तित्व र कृतित्वका साथै समग्र साहित्यिक योगदानको व्यवस्थित अभिलेखीकरण गर्न सक्षम छ । यो उहाँका साहित्यिक योगदानका अनेक पाटाहरूको लेखाजोखा गर्ने र थप अध्ययन गर्ने सिँढीको पहिलो पाइला पनि भएकाले नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण रहेको छ । अनवरत रूपमा साधना गरी नेपाली साहित्यको भण्डारमा साढे पाँच दर्जन बढी कृति सुम्पनुभएका सर्जक मोहनबहादुर कायस्थ (वि.सं. २००१) को समष्टिगत अध्यायन हुनु आवश्यक थियो । यसै आवश्यकतालाई पूरा गर्दै अध्येता यादवराज घलेले जुन कार्य गर्नुभयो, त्यो अनुकरणीय र स्तुत्य छ ।

अध्येता यादवराज घले (वि.सं. २०२४) आफैँ पनि नेपाली साहित्यको काव्य र आख्यान विधामा वाई.आर. घलेका नामबाट परिचित व्यक्तित्व हुनुहुन्छ । प्रशासनिक सेवा, प्राध्यापन र अध्यात्मसँगसँगै साहित्यिक गतिविधिमा सक्रिय रहनुभएमा उहाँको प्रस्तुत कृति पहिलो पुस्तकाकार कृति हो । आख्यानका दुई र काव्यका तीन कृति प्रकाशोन्मुख रहेका यादवराज घले श्रष्टा तथा द्रष्टा व्यक्तित्वको परिचयलाई समानान्तर किसिमले डोऱ्याउँदै अघि बढ्नुभएको देखिन्छ । अनुसन्धेय तथा अनुसन्धाता दुवै नेपाली साहित्यिक फाँटका सहयात्री तथा साधक रहेका हुनाले पनि प्रस्तुत पुस्तक मोहनबहादुरको साहित्यिक मूल्य निर्धारणमा उपलब्धिमूलक रहेको छ ।

इन्जिनियर मोहनबहादुर कायस्थ तीन दशकभन्दा लामो पेशागत सेवाबाट निवृत्त रहेर पनि साहित्यिक गतिविधिमा सक्रिय हुनुहुन्छ । तीन दशक अघिदेखि सिर्जनायात्रा गरिरहनुभएका साहित्यकार मोहनबहादुर कायस्थले काव्य र आख्यानका हरेक उपविधामा कलम चलाएर ६७ वटा कृति पाठक समक्ष पेश गरिसक्नुभएको छ । ७५ वर्षे वयमा पनि उहाँको सिर्जनशील ऊर्जा नेपाली साहित्यले पाइ नै रहेको छ । उहाँको सिर्जनशील जाँगर अझै पनि तन्नेरी छ ।

'अथक साहित्य साधक मोहनबहादुर कायस्थ' जम्मा चार अध्यायमा बाँडेर गरिएको समग्र अध्यायन हो । प्रस्तुत कृतिको पहिलो अध्यायमा साहित्यकार मोहनबहादुर कायस्थको परिचयसम्बद्ध विविध पाटाहरू समेटिएको छ । यो जीवनी र व्यक्तित्वको परिचायक खण्ड हो । दोस्रो अध्यायमा साहित्यिक यात्रा र चरण विभाजन राखिएको छ । साथै, यस खण्डमा कृतित्वको कालक्रमिक सूची तथा अप्रकाशित पुस्तक एवम् फुटकर रचनाहरूको विवरण देखाइएको छ । कृतिको तेस्रो अध्यायलाई 'मोहनबहादुर कायस्थको साहित्यिक कृतिहरूको अध्ययन' उपशीर्षक राखिएको छ । यसभित्र उहाँद्वारा सिर्जित सबै कृतिहरूको अध्ययन समेटिनुपर्नेमा त्यसो हुन सकेको देखिँदैन ।

यो खण्डले वि.सं. २०६२ पछिका सिर्जना तथा कृति समेटेको छैन । शोध अध्ययनपछि वि.सं. २०७६ सम्मको योगदान कृति प्रकाशनको चटारोमा परेर बाहिरिएका देखिन्छन् । चौथो तथा अन्तिम अध्याय उपसंहारका रूपमा राखिएको छ । हुन त यिनै चार वटा अध्ययनभित्र शोधोत्तर कृतित्वसमेत समेटेर राख्न सकिन्थ्यो । त्यसो नगरीकन साहित्यिक तथा गैह्रसाहित्यिक रचनाहरू ' अवशिष्ट' शीर्षकमा देखाइएको छ । यसमा शोधपछि थपिएका उहाँका फुटकर लेख (केही दोहोरो परेका) तथा कृतिहरूको सङ्क्षिप्त अध्यायन राखिएको छ । त्यस्तै, सन्दर्भस्रोत पनि २०६१ मा प्रकाशित पुस्तकसम्म मात्र सीमित गरिएको छ ।

यसबाट स्वाभाविक रूपमा पुस्तक प्रकाशनमा केही हतार गरिएको भान पर्दछ । यस्ता सीमित प्राविधिक असावधानीवाहेक कृतिमा थुप्रै सबल पक्षहरू छन् । औपचारिक अध्ययन भएकाले भाषिक प्रयोगमा पनि शिष्ट, प्रष्ट र औपचारिक तथा मानक भाषा प्रयुक्त छ ।

शोध्य व्यक्तिका प्रकाशित पुस्तकहरूको सङ्ख्या शोधकार्य ताका १६ वटा रहेका र प्रस्तुत कृति आउँदासम्म ४१ वटा थपिएका (पृ.१२४) भनिएको छ । यसमा पनि तथ्याङ्क फरक देखिएको छ ।

साहित्य साधक मोहनबहादुर कायस्थका विषयमा अन्वेषक कुलप्रसाद पराजुलीले उल्लेख गर्नुभएको छ, "मोहनबहादुर कायस्थ आफू साहित्यकार हुन् ।....साहित्यप्रेमी र सर्जकहरूलाई प्रोत्साहित गर्छन् ।...कर्ममार्गी साधक भएकै कारणले यतिविधि साहित्यिक र साहित्येत्तर कृति तथा रचना सुम्पिएर नेपाली साहित्यको भण्डार सिँगार्न सफल भएका छन् ।" (प्रकाशगृहका स्रष्टा)

मोहनबहादुर कायस्थले लेखनको प्रारम्भमा अङ्ग्रेजी भाषाका लेख, प्रतिवेदन तथा फुटकर साहित्य सिर्जनाका माध्यमबाट यात्रा थाल्नुभएको हो । वर्तमानमा उहाँ साहित्यका अधिकांश उपविधामा गतिशील रहनुभएको छ । नेपाली

साहित्यका अनेक विधामा कलम चलाउनुभएका मोहनबहादुर मनमौजी स्रष्टा हुनुहुन्छ । उहाँका बारेमा अध्येता यादवराज घलेले लेख्नुभएको छ, "प्राविधिक ज्ञान भएका व्यक्ति साहित्यमा फूलबुट्टा भर्न जान्दैनन्, काँटछाँट गर्न जान्दैनन्, रूचाउँदैनन् ....।"

त्यसैगरी, "भाषिक त्रुटि (पृ. ४३, ७७), पदयोग-वियोग तथा वर्णविन्यासमा कमी-कमजोरी (पृ.५७), मुद्रण अशुद्धि र ठाउँठाउँमा भाषा बिग्रेको भए पनि अन्य आख्यानकारको भन्दा छुट्टै प्रवृत्ति पाइन्छ" (पृ. ८२) भनिएको छ ।

"पेशाले इन्जिनियर भएकाले उनका भाषागत त्रुटिलाई क्षम्य ठान्न सकिन्छ ।" (पृ.९३) भनेर लेखकको भनाइ आएको छ । आलङ्कारिक भाषाको प्रयोग गर्न नसक्नु, व्याकरण र वर्णविन्यासमा सचेतता नअपनाउनुलगायतका सीमाहरू रहेकाबारे अध्येताले धेरै ठाउँमा स्पस्ट धारणा राख्नुभएको छ । यी कुराहरू औपचारिक अध्ययन भएकैले प्रस्टसँग आएका हुन् । यो यथार्थ एवम् सत्य एकातिर छ भने, "म जे लेख्छु, आत्मले देखेको लेख्छु । सम्पादन गराउन चाहन्नँ," भन्ने स्वयम् श्रष्टाको स्वीकारोक्ति छ । मानक भाषाको प्रयोग गरेर पनि जनजिब्रोको भाषालाई साहित्यिक कलेवर प्रदान गर्न नसकिने त होइन नि !

हो, प्रारम्भिक चरणमा हरेक श्रष्टामा यस्तै प्रवृत्तिले अघि बढ्ने अभिलक्षण हुन्छ । बामे सर्न रमाउने बालक पनि मलाई त्यसैगरी घस्रन मन पर्छ भनेर नउभिईकन रहँदैन । ऊ क्रमशः उभिन र शिष्ट भएर हिँड्न थाल्छ । साथै, दिन-प्रतिदिन परिपक्व बन्दै जान्छ । त्यसरी नै सर्जकमा अध्ययन, कालचेतना, परिवेश आदिद्वारा परिष्कृत हुने चेष्टा स्वभावतः आउँछ र आउनुपर्छ । समय व्यतित हुँदै जाँदा चैतनिक विकास लेखक-श्रष्टामा हुन्छ र सिर्जनात्मक प्रौढता विकसित हुँदै जान्छ । यस विकासवादी सिद्धान्तलाई नकार्न सकिँदैन भन्ने मलाई लाग्छ ।

विद्युत्कर्मी साहित्यिक समाजको प्रकाशन रहेको प्रस्तुत कृति श्रष्टाका लागि मात्र नभई द्रष्टाका लागि समेत मार्गनिर्देशक हुनेमा विश्वस्त हुन सकिन्छ । साथै, अध्ययन र अनुसन्धानका लागि उपयोगी रहने यो पुस्तक पठनीय तथा सङ्ग्रहणीय रहेको छ ।

■■

# विद्युत्कर्मीको गजल मुसायरा तथा शुभकामना कार्यक्रम

नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाजले नेपालीहरूको घर-आँगनमा आउँदै गरेका चाडपर्वहरूका लागि शुभकामना आदानप्रदान गर्ने तथा कर्मचारीहरूको सृजनशीलता समेत प्रवर्द्धन गर्ने हेतुले २०७६ साल आश्विन १० गते शुभकामना आदानप्रदान तथा 'गजल मुशायरा' कार्यक्रम भव्यताका साथ सम्पन्न गऱ्यो । वरिष्ठ गजलकार ललिजन रावलको प्रमुख आतिथ्यमा प्राधिकरणको प्रधान कार्यालयको सभाकक्षमा सञ्चालित उक्त कार्यक्रममा आयोजक संस्था भित्र र बाहिरका करिब डेढ दर्जन स्रस्टाले गजल-गायन एवम् वाचन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि ललिजन रावलले गजलको प्रस्तुतीकरण शिल्प र यसले समाजमा पार्दै आएको प्रभावको समीक्षा गर्दै बहरबद्ध गजल प्राविधिक विषय भएकाले सबैले यसमा अभ्यास गर्न नसके तापनि प्रत्येक शेरहरूमा कम्तीमा उच्चार्य अक्षरहरूबीच एकरूपता रहने र गायनमैत्री हुने गरी गजल रचना हुनुपर्ने भन्दै गजलको रचनाविधानका बारेमा आफ्नो धारणा राखेका थिए ।

विशेष अतिथिका रूपमा आमन्त्रित कवि एवम् गजलकार प्रभाती किरणले गजलको उपकरण र यसको प्राविधिक संरचनामाथि सङ्क्षिप्त प्रकाश पार्दै सिकारु स्रस्टाहरूलाई गजल-लेखनका लागि हौसला प्रदान गर्नुका साथै आफ्नो गजलवाचन गरेका थिए । कार्यक्रमका विशेष अतिथि प्राधिकरणका प्रशासन निर्देशनालयका प्रमुख तुलाराम गिरीले मानसिक र बौद्धिक स्फूर्ति अभिवृद्धिका माध्यमबाट सङ्गठनको उत्पादकत्व बढाउन सकिने भएकाले ध्यान, योग र साहित्यिक कार्यक्रमहरूलाई स्थानीय कार्यालयमा कार्यरत कर्मचारीहरूसम्म बिस्तार गर्ने लक्ष्य रहेको धारणा व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै 'अमरज्योति' साहित्यिक त्रैमासिकका कार्यकारी सम्पादक विष्णुप्रसाद आचार्य 'अतृप्त'ले गजल कविता विधाको भावात्मक, रागात्मक र प्रहारात्मक सामर्थ्ययुक्त भेद भएकाले यसले लघु संरचनामार्फत सघन मानवीय समवेदनालाई उजागर गर्न सक्ने बताए । प्राधिकरणकै इतिहासमा पहिलो पटक आयोजना गरिएको गजल मुशायरामा नाटककार, कवि एवम् गजलकार पुरु लम्साल, कवि एवम् गजलकार नारायण निराशी, साहित्य सुधा कार्यक्रमकी अध्यक्ष एवम् गजलकार कल्पना काफ्ले, गजलकार भोला तिमल्सिनालगायत प्राधिकरण-बाहिरका स्रस्टाहरूले आआफ्नो रचना वाचन गरेका थिए ।

प्राधिकरण भित्रका स्रस्टाहरू शिशिर थापा, रामेश्वर राउत 'मातृदास', सागर झवाली, ध्रुवराज न्यौपाने, शारदादेवी भट्टराई, प्रकाश आचार्य, लक्ष्मण मण्डल, कृष्णदेव रिमाल, यादवराज घलेले गजल वाचन गरेका थिए भने ने.वि.प्राका पूर्व उपकार्यकारी निर्देशक एवम् गीतकार वीरेन्द्र पाठक, पूर्व निर्देशक एवम् गायक जुजुकाजी रञ्जितले मीठो स्वर लहरीमा गजल गायन गरेका थिए ।

विद्युत्कर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमालको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रमलाई समाजकी कोषाध्यक्ष शारदा पराजुलीले सहजीकरण गर्नुभएको थियो ।

■■

कविता



**बोदनाथ रिमाल**

## सम्भावना र गन्तव्य

कमिला अनि माहुरीको ताँतीलाई नियाल, आधुनिक युवापुस्ता
मेहनत गरी पारिवारिक जीवन सफलतामा पुऱ्याउनु छ भने
जस्तोसुकै परिस्थितिमा छोड्ने छैनन् यिनले, लागिपरेको काम
ज्यानै किन नजावस् तर विश्वास तोड्दैन, आफूले नसके सहारा छोड्दैन ।

कम्प्युटर, मोबाइल अनि किताबको मात्र ज्ञानले कहाँ पुग्छ र
देखेर, सुनेर भोगेर पनि त पाइन्छ ज्ञान, तबमात्र सार्थक जीवन
आर्यघाटमा गएर हेर त्यहाँ नियालेर, केही अनुभूति गरिन्छ जहाँ
पक्कै केही गरेर देखाउनु छ भने जीवनमा, सम्मान मिल्नेछ त्यहाँ ।

कल्पनाको सिँढीहरू जति धेरै चढे पनि गन्तव्यमा टाढा रहेछ
आज के, भोलि के, कल्पना गर्दागर्दै पनि जीवन झनै घटिरहेछ
नगरौँ त कल्पनाविनाको यो थोत्रो शरीर त्यसै सुकेर गइजाला
छोडौँ भने कल्पना व्यर्थ रहेछझैँ भयो, आशा लाग्छ पूरा होला !

हरसम्भावनालाई सफलतामा बदल्ने सोच कदापि नटुटोस्
निरन्तरको प्रयास सार्थक बनाई गन्तव्य पहिल्याउन नछुटोस्
प्रत्येक पाइला निरन्तरताले अगाडि बढ्दा अवश्य छ सफलता
नछोड्नू आफ्नो प्रयत्न निश्चित छ, छैन जीवनमा विफलता ॥

■■

*हेलम्बू गाउँपालिका-२, किउल, सिन्धुपाल्चोक*

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष - कुलप्रसाद पराजुली
उपाध्यक्ष - केशवप्रसाद रूपाखेती
सचिव - कृष्णमोहन जोशी
सहसचिव - पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष - कमला श्रेष्ठ
सदस्यहरू - गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष - केशवप्रसाद रूपाखेती
उपाध्यक्ष - मातृका पोखरेल
सचिव - कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष - विष्णुबहादुर सिंह
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष - वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष - गोसाई के.सी.
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - कृष्णदेव रिमाल
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष - पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - कृष्णदेव रिमाल
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष - रामेश्वर राउत मातृदास
उपाध्यक्ष - कृष्णदेव रिमाल
सचिव - मञ्जुलाल श्रेष्ठ
सहसचिव - प्रकाश आचार्य
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद भट्टराई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६

३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईं के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. रीता खनाल- ९८४१६०२१७२
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाझी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११३५३९२
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य- ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान- ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल- ९८४१५४८३९३
१०१. शिव राई- ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई- ९८४१२२८४५९
१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६

१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८५८४२६८८
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७
११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. धिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३

१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी झवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शम्शेरबहादुर न्हुच्छे प्रधान -

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जीत | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |






उज्यालो नेपाल अभियानमा

नेपाल विद्युत प्राधिकरण